लेखापरीक्षण प्रतिवेदन

नेपालगँज उप महानगरपालिका, बाँके

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

नेपालगँज उप महानगरपालिका, बाँके

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/33

श्रीमान नगर प्रमुखज्यू,
नेपालगञ्ज उप-महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
बाँके।

विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/33

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान नगरप्रमुखज्यू ,

नेपालगञ्ज उप- महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

नेपालगञ्ज, बाँके।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस उप- महानगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. उप-महानगरपालिकाको आय र व्ययतर्फ रु.३ अर्व ९९ करोड ९० लाख ३५ हजार मध्ये रु.११ करोड ९५ लाख २० हजार बराबरको स्रेस्ता तथा सोसँग सम्बन्धित कागजात २०८२ भदौ २३ र २४ गते भएको आन्दोलन तथा घटनाका कारण लेखापरीक्षणका लागि पेस नभएकोले सोको लेखापरीक्षण गरिएको छैन । सो बाहेकको रु. ३ अर्व ८७ करोड ९५ लाख १५ हजारको लेखापरीक्षणबाट रु. १० करोड ६३ लाख ५७ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.३ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु २ करोड २० लाख ४३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ६५ लाख ७४ हजार, नियमित गर्नुपर्ने रु. ५ करोड ३६ लाख १८ हजार र पेश्की बाँकी रु.४१ लाख १९ हजार गरी जम्मा रु. १० करोड ६३ लाख ५४ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु १ अर्व ५ करोड ३ लाख ७३ हजार रहेकोमा यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.१ अर्ब १५ करोड ६७ लाख २७ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३.नेपालगञ्ज नगर विकास समितिको आय र व्ययतर्फ रु. ५ करोड ७० लाख २३ हजारको लेखापरीक्षणबाट रु. २ लाख २१ हजार बेरुजू देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रु. २ लाख २१ हजार रहेको छ। हालसम्म अद्यावधिक बेरुजुको अभिलेख समितिले पेश गरेको छैन।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले उप- महानगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नेपालगञ्ज उप- महानगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

विवरण	कार्यालय संख्या	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
		दफा संख्या			दफा संख्या				दफा संख्या			असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
		सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सरकारी कार्यालय	१	८८	१७६	१०,६३,५७,०४१	०	१	२,५५०	०	८८	१७५	१०,६३,५४,४९१	२,२०,४२,७१७	५,३६,१८,२४५	२,६५,७४,४७९	०	०	८,०१,९२,७२४	४१,१९,०५०
समिति/ गैर बजेटरी निकाय	१	८	१	२,२१,०००	०	०	०	०	८	१	२,२१,०००	२,२१,०००	०	०	०	०	०	०
जम्मा	२	९६	१७७	१०,६५,७८,०४१	०	१	२,५५०	०	९६	१७६	१०,६५,७५,४९१	२,२२,६३,७१७	५,३६,१८,२४५	२,६५,७४,४७९	०	०	८,०१,९२,७२४	४१,१९,०५०

अद्यावधिक बेरुजू स्थिति

विवरण	कार्यालय संख्या	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सरकारी कार्यालय	१	१,०५,०३,७३,०००	०	०	१,०५,०३,७३,०००	०	१०,६३,५४,४९१	१,१५,६७,२७,४९१
समिति/गैर बजेटरी निकाय	१	लगत अध्याबधिक नभएको	०	०	०	लगत अध्याबधिक नभएको	२,२१,०००	२,२१,०००
जम्मा	२	१,०५,०३,७३,०००	०	०	१,०५,०३,७३,०००	०	१०,६५,७५,४९१	**१,१५,६९,४८,४९१**

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण भएको				
१	२०८१/८२	७९	वडा नं.७-चालुतर्फ	२,५५०
जम्मा				**२,५५०**

नेपालगँज उप महानगरपालिका, बाँके

(८०५५७३०१३००)

नेपालगञ्ज उप-महानगरपालिका , बाँके

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस उपमहानगरपालिकाको उद्देश्य रहेको छ । यस पालिकामा २३ वटा वडा, ८५.९४ वर्ग किलोमिटर क्षेत्रफल तथा १,६४,४४४ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।२० देखि २०८२।११।०१ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् ।मिति २०८२।१०।२० को लिखित प्रतिनिधित्व पत्र तथा २०८२ भाद्र २३ तथा २४ मा भएको प्रदर्शन तथा आगजनीको क्रममा शाखागत क्षति भएको पत्र, मुचुल्का लगायतको विवरण तथा सम्पुर्ण श्रेस्ता कागजात पेश गर्न नसकेको पत्र पेश भएको छ । उपरोक्त बेहोराले लेखापरीक्षणमा सिमितता देखिएको छ। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्ययतर्फ रु.३ अर्व ९९ करोड ९० लाख ३५ हजार ८२८ को लेखापरीक्षण

सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७६७६६/असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	वडाहरुको आलेपबाट कायम बेरुजु, चालु तथा पुँजिगतबाट कायम बेरुजु	७६७६६

२ लेखा स्रेस्तामा क्षति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५(१) बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिम लेखा र वित्तीय विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। साथै, सोही ऐनको दफा ३६(१) बमोजिम कार्यालयको सरकारी नगदी, जिन्सी, आय-व्यय तथा कारोबारसम्बन्धी लेखा, स्रेस्ता र कागजात लेखापरीक्षणको सिलसिलामा माग भएमा तोकिएको अवधिभित्र पेस गर्नु सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिको कर्तव्य हुने व्यवस्था छ।यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षणको क्रममा पेश भएको मिति २०८२।१०।२० च.नं १०७२ को व्यवस्थापन प्रतिनिधित्व, मिति २०८२।१०।२६ को शाखागत क्षति विवरणको पत्रसाथ भाद्र २३ र २४ को प्रदर्शन तथा आगजनीका क्रममा उत्पन्न परिस्थितिका कारण प्रशासन,शिक्षा,स्वास्थ्य, सरसफाइ,आर्थिक प्रशासन, राजश्व,पशु सेवा लगायत शाखामा गम्भीर क्षति पुगी प्रमाणकागजात नष्ट भएको जानकारी प्राप्त भएको छ । सो अतिरिक्त मिति २०८२।०६।७ को उपमहानगरपालिकाको वरिष्ठ प्रशासकिय अधिकृत सहितको मुचुल्का समितिले खडा गरेको मुचुल्का लगायतको प्रमाणकागजातको प्रतिलिपि पेश भएको छ। उक्त मुचुल्काको वुंदा नं २८ मा आर्थिक वर्ष २०८१।०८२ को क्षत बिक्षत अवस्थामा रहेको र आन्तरिक लेखापरीक्षणको क्रममा यकिन गर्न सकिने उल्लेख भएको देखियो। आन्तरिक लेखापरीक्षण शाखाले मिति २०८२।०६।०९ मा आन्तरिक लेखापरीक्षण प्रतिबेदन पेश गरी नष्ट भएका भौचर/ कारोवारको यकिन गरेको देखियो। उक्त प्रतिबेदन वमोजिम ३ उपशिर्षकको ४१६ वटा कारोवारको प्रमाणकागजात नष्ट भई रु ११,९५,२०,०१० को कारोवारको स्रेस्ता लेखापरीक्षणको क्रममा पेश भएको छैन। सो अतिरिक्त विभिन्न शाखाहरु ध्वस्त भई प्रमाण कागजात पेश गर्न नसकेको जनाएकोमा पेश भएसम्मको प्रमाणकागजातलाई अध्ययन गरी प्रतिबेदन जारी गरिएको छ । क्षतिको विवरण सम्बन्धमा जिल्ला प्रशासन कार्यालय तथा प्रहरी कार्यालयको मुचुल्का तथा विवरण पेश हुन आएन । निम्नानुसारको तालिकाको विवरणमा उल्लेख भएको कारोवारको सम्पुर्ण प्रमाणकागजात नष्ट भई पेश गर्न नसकेको पालिकाले जनाएता पनि अन्य शाखागत (कृषि, पुश, स्वास्थ्य, शिक्षा, सरसफाइ, प्रशासन, राजश्व, जिन्सी लगायत) कारोवारको हकमा समेत आर्थिक प्रशासन शाखाबाट भुक्तानी भएको गोश्वारा भौचर तथा विल भरपाइ संलग्न भएतापनि सम्वन्धित शाखाहरुबाट सो को पुष्टयाइको प्रमाण, विल भरपाइ,यथेष्ट आधार पेश नभएकोले लेखापरीक्षणमा सिमितता देखिएको छ।

शिर्षक	भौचर संख्या	खर्च भएको रकम
नेपालगंज उपमहानगरपालिका चालु	३२४	७१२८७४५६
नेपालगंज उपमहानगरपालिका पुँजीगत	६४	३७६९६१४८
संघीयसरकारबाट हस्तान्तरित चालु	२७	१०३४०४१०
प्रदेशसरकारबाट हस्तान्तरित चालु	१	१९५९९६
	४१६	११९५२००१०

३ मिनाहा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १११ मा प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्ति, स्रेस्ता तथा कागजातको मूल्याङ्कन गरी मिनाहाको सिफारिस गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षता पाँच सदस्यिय समिति रहने, समितिले प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्तिको वास्तविक क्षतिको मूल्याङ्कन गरी मूल्य समेत खुलाई सम्बन्धित केन्द्रीय निकाय समक्ष प्रतिवेदन दिने र प्रतिवेदनको आधारमा पचास लाख मूल्य बराबरसम्मको क्षतिको हकमा सम्बन्धित केन्द्रीय निकायको सचिवले र सोभन्दा बढी रकमको हकमा नेपाल सरकारले मिनाहा दिन सक्ने व्यवस्था छ । कार्यालयले प्रदर्शनबाट नष्ट भएको क्षतिको जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, प्रहरी प्रतिनिधि, कार्यालयका कर्मचारी पदाधिकारी , राजनीतिक दलका प्रतिनिधी समेको मुचुल्का नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली(NAMS) मा अपलोड गरेतापनि

कारोवारको लेखा स्रेताको क्षति तथा भौतिक क्षतिको मिनाहाको लागि प्रक्रिया गरेको देखिएन् । कानुन वमोजिम मिनाहाको प्रक्रिया अघि बढाउनु पर्दछ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **आर्थिक करोवारको एकिकृत विवरण**

४.१ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले पेश गरेको आर्थिक वर्ष २०८१।०८२ भएको खर्चको एकीकृत आर्थिक वित्तीय विवरण देहायबमोजिम रहेको छ ।

आ.व.२०८१।८२को एकीकृत आय व्यय विवरण							
सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण	रकम रु.	जम्मा रकमरु.		विवरण	रकम रु.	जम्मा रकम रु.
१	गत वर्षको जिम्मेवारी		३३६५२७९१८	१	चालु खर्च	१०२९८३०८५९	१०२९८३०८
	क)नगद	०		२	पुँजीगत खर्च	३५९३३३५९७	३५९३३३५
	ख) बैंक	३३६५२७९१८		३	वित्तीय व्यवस्था भुक्तानी		३८८२१२
	राजस्व		५९१५४९५१६	४	क) साँवा भुक्तानी	१७८२१२५८	
२	क) आन्तरिक राजस्व	२१८४४७८३१			ख) ब्याज भुक्तानी	२१००००००	
	ख) राजस्वबाँडफाँड (संघ)	१७१०६१६२९			ग) अन्य भुक्तानी	०	
	ग) राजस्वबाँडफाँड (प्रदेश)	२२६६५४३७		५	लगानी		
	घ) घरजग्गा रजिष्ट्रेशन (मालपोत)	१७२७७६१५१			क) ऋण लगानी	०	
	ङ)बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर	३४४२०९३			ख) शेयर लगानी	०	
	च)बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	३१५६३७५			ग) अन्य लगानी	०	
	वित्तीयहस्तान्तरण संघ		८६०४५३१५०	६	धरौटी फिर्ता	८७१५७६०	८७१५७
३	क) वित्तीय समानीकरण अनुदान	२५६४६९२००		७	अन्य खाताहरुको खर्च	०	
	ख) सशर्त अनुदान	५८८५५५१४९		८	कोष खर्च	४१३४४६८९	४१३४४६
	ग) समपूरक अनुदान	६१२८६४८		९	अन्तरसरकारी खाता कोषबाट खर्च		४५५१०३७
	घ) विशेष अनुदान	९३००१५३			(क)पर्यटन पूर्वाधार विकास आयोजना	७३९७२०२	
	वित्तीय हस्तान्तरण प्रदेश		४४६४९०१०		(ख)स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम	१२७४८६४७	
	क) वित्तीय	२०५२१०००			(ग)घरेलु तथा	१६९९३६३	

	समानीकरण अनुदान				साना उद्योग प्रवर्द्धन केन्द्र		
	ख) सशर्त अनुदान	१९००८०१०			(घ)सामाजिक सुरक्षा तथा संरक्षण	४३३२५८५७२	
	ग) समपूरकअनुदान	५१२००००		१०	एकीकृत/ क्षेत्रीय शहरी विकास योजना	०	
	घ) विशेष अनुदान	०		११	मौज्दात		३५३१६३०
४	अन्तर स्थानीय तहबाट प्राप्त	०	०		क) नगद मौज्दात	०	
	अन्य		४९४११९१		ख) बैंक मौज्दात	२६३५९५२४२	
	क)एकीकृत/ क्षेत्रीय शहरी विकास योजना	०			ग) बैंक मौज्दात (IUDP/RUDP)	४६६२६६	
	ख) सडक बोर्ड नेपाल	०			घ) धरौटी मौज्दात	३१२८७०८९	
	ग) पर्यटन बोर्ड नेपाल	०			ङ) बैंक मौज्दात (कोष)	५४१७५७५९	
५	घ) अन्य संस्थागत आन्तरिक अनुदान (लागत सहभागिता ८०:२०)	४९४११९१			च) बैंक मौज्दात (अन्य खाता)	३६३८७३८	
६	विभिन्न कोषतर्फको आय	४३८३२३५३	४३८३२३५३		छ)जनश्रमदान मौज्दात	०	
७	अन्य खाताहरुको आय	०	०	१२	अनुदान फिर्ता		५८०५०३
८	बिषयगतनिकायबाट प्राप्त	०	०		क) संघीय सशर्त	५०४७८५४८	
९	अन्तर सरकारी रकम संघ	०	४५५१०३७८४		ख) संघ बिशेष	५२३१११	
	(क)पर्यटन पूर्वाधार विकास आयोजना	७३९७२०२			ग) संघ समपुरक	५०७७७५	
	(ख)स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम	१२७४८६४७			घ) प्रदेश सशर्त	६०७८४०८	
	(ग)घरेलुतथा साना उद्योग प्रवर्द्धन केन्द्र	१६९९३६३			ङ) प्रदेश बिशेष	०	
	(घ)सामाजिक सुरक्षा तथा संरक्षण	४३३२५८५७२			च) प्रदेश समपुरक	४६२५३८	

१०	धरौटी आय	७३०६४९९	७३०६४९९		छ) बेरुजू खातामा दाखिला	०	
११	लगानीकोसाँवा फिर्ता	०	०		ज) गतबर्षको बढी अ.ल्या.	०	
१२	अन्य विविध आय	०	०				
जम्माआय रकम रु.		२३४४३६३४२१	२३४४३६३४२१		जम्मा व्ययरकम रु.	२३४४३६३४२१	२३४४३६३४[illegible]

४.२ पालिकाले पेश गरेको विवरण बमोजिम एकिकृत आर्थिक विवरणमा बैंक मौज्दात रू.३५३१६३०९४/- र बैंक र श्रेस्ता बमोजिमको मौज्दातमा रू.३५३१९८८६८/- रहेको छ । फरक रकम रू.३५७७४/- को सम्बन्धमा पालिकाले हिसाब मिलान गरी प्रमाण पेश गर्नुपर्ने रकम रू,

प्रमाण पेश नगरेको	३५,७७४

५ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले अन्तरसरकारी अख्तियारी तर्फ सामाजिक सुरक्षा र संरक्षणमा रू.४३,३२,५८,५७२/- स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रू.१,२७,४८,६४७/-, पर्यटन पूर्वाधार विकास आयोजनामा रू.७३,९७,२०२/- र घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रमा रू. १६,९९,३६३/- गरी जम्मा रू.४५,५१,०३,७८४/- सुत्रमा लेखाङ्कन गरेको छैन। पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेस गरी एकीकृत बजेट तथा खर्च विवरण तयार गरेता पनि सो समावेश भएको रकम (म.ले.प.फा.नं. २७०) को वित्तीय विवरणमा समावेश हुँदैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र प्रणली मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६ बैंक हिसाब

स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। आय व्यय लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाकंन र बैंक हिसाव मिलान विवरण (म.ले.प. फारम नं २७०) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। स्थानीय संचित व्यवस्थापन प्रणाली (सुत्र) बमोजिम बैंक तथा श्रेस्ता बाँकीको प्रतिवेदन देहाय बमोजिम रहेको छ।

खाताको नाम	श्रेस्ता अनुसार मौज्दात	बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रू.	फरक रु.
संचित कोष खाता	२६६४८१०१६	२६५८८९३६६	-५९१६५०
चालु खर्च खाता	-	५३०५९३७	५३०५९३७
पुँजिगत खर्च खाता	-	-	
विविध कोष खाता	३९११०२२३	४०४३०५६७	१३२०३४४
प्रकोप व्यवस्थापन कोष	११७५४४७८	१३३३४११५	१५७९६३७
नगर शिक्षा समिति	३३११०५८	३३११०५८	०
आन्तरिक राजश्व खाता	-	-	
बिभाज्य कोष खाता	-२८५००००	-	
बाँडफाँडबाट प्राप्त राजश्व खाता	-	-	
वित्तिय व्यवस्थापन खर्च खाता (विजोर वर्ष)	-	-	
धरौटी खाता	३०५८६४७८	४४५८९९९६	१४००३५१८
वडा कार्यालयका धरौटी खाताहरु	७००६११	७००६११	०
एकीकृत/शहरि विकास आयोजना (IUDP/RUDP)	४६६२६६	४६६२६६	०
विभिन्न खाताहरु	३६३८७३८	३६३८७३८	०
जम्मा	३५३१९८८६८	३७७६६६६५४	२१६१७७८६

पालिकाबाट प्राप्त भएको विवरण बमोजिम संचित खातामा श्रेस्तामा रहेको मौज्दात भन्दा बैंकमा रू.५,९१,६५०.३० कम देखिएको छ । पालिकाको संचित कोषवाट वडाहरुमा निकासा हुने तथा वडाहरुमा EFT नभइ चेकको माध्यमवाट कारोवार हुने कारण आ.ब को अन्तमा चेक साट्न बाँकी भएकोले वडाको श्रेस्तामा बैक घटी सोही अनुसार मुल संचितकोषको श्रेस्तामा आम्दानी वाँधिएको तर चेक नसाटिइसकेको कारण पालिकाको मुल संचितकोषको बैक स्टेटमेन्टमा मौज्दात कम भएको पालिकाको भनाई रहेको छ । आ.ब २०८२।८३ मा गरिएको अ.ल्या रकममा भने हिसाब मिलान गरी अ.ल्या गरेको देखाउने वैंक हिसाव समायोजन लेखापरीक्षणको क्रममा पेश भएको छ ।

७ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रू.१ अर्व ७६ करोड ७९ लाख २६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ। यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८१।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

८ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.२१,८४,४७,८३१/- आम्दानी भएकोमा चालु तर्फ रु.१ अर्व २ करोड ९८ लाख ३० हजार, पुँजीगत तर्फ रु.३५ करोड ९३ लाख ३३ हजार र वित्तीय व्यवस्थामा रू.३ करोड ८८ लाख २१ हजार समेत गरी रु.१ अर्व ४२ करोड ७९ लाख ८५ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १५.२९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी

सुबिधामा रु.२,६९,१२,३५३/- खर्च भएको छ, जुन आन्तरिक आयको १२ प्रतिशत रहेको छ ।पालिकाको कुल बजेट रकमको ७२.११ प्रतिशत चालु, २५.१६ प्रतिशत पुँजीगत निर्माण र २.७ प्रतिशत वित्तीय व्यवस्थामा खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजश्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमुलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकासमा हुनुपर्ने उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा पालिकास्तरका कुल २२९ योजनामा बजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रू.२० लाख माथिका योजना सङ्ख्या	रू.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रू.५लाख भन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	२२९	४१	९०	९८

उपर्युक्त विवरण अनुसार २२९ वटा योजना मध्ये ५ लाखभन्दा न्युन योजना संख्या ९८ अर्थात ४२ प्रतिशत रहेको, ५ देखि २० लाखसम्म ९० वटा अर्थात ३९ प्रतिशत रहेको तथा २० लाखभन्दा ठुला ४१ अर्थात ४२ प्रतिशत मात्र रहेको देखिन्छ। पालिकाको नीति तथा कार्यक्रममा टुक्रे आयोजना संचालनलाई निरुत्साहित गर्दै न्युनीकरण गरिने उल्लेख भएतापनि अधिकांश योजना न्युन बजेटको रहेको पाइयो । यसरी न्युन बजेटको योजना कार्यान्वयनले योजनाबाट प्रतिफल प्राप्त नहुन सक्ने, लागत प्रभावी नहुने, सुपरीवेक्षणमा ध्यान दिन कठिनाई हुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको देखिन्छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण तथा छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१० लक्ष्य प्रगति विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नियमानुसार जुनसुकै कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयको प्राविधिक शाखाले उपलब्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ ।

कार्यक्रम/ योजना संख्या	यो बर्ष खर्च(योजना शाखा मात्र)	वार्षिक प्रगति स्थिति				कार्यान्वयन नभएका योजना
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति	
२०७	३४०९६८२६३.४	१३	३	१२	१७९	२२

उपरोक्त अनुसार विश्लेषण गर्दा पालिकामा योजना शाखाले संचालन गरेको २०७ योजना मध्ये १७९ वटा योजनाहरुमा ७५ प्रतिशतसम्म प्रगति भएको, १२ वटा योजनाहरुमा ५०% प्रगति, ३ वटा योजनामा २५% प्रगति तथा १३ वटा योजनाहरुमा शुन्य प्रगति भएको र २२ वटा योजना कार्यान्वयन नभएको विवरण पेश भएकोमा बजेट अभाव, निर्माण व्यवसायीको ढिलासुस्ती र संघ र प्रदेशबाट आउने बजेटमा कटौतीको कारण शत प्रतिशत प्रगति हुन नसकेको कार्यालयको भनाई रहेको छ ।यस सम्बन्धमा कार्यालयले कार्यक्रमको कार्ययोजना समेत तयार गरी शतप्रतिशत प्रगति हुनेगरी कार्य सम्पादन गर्नुपर्ने देखिन्छ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । पालिकाले स्थानीय आवश्यकता समेत विश्लेषण गरी कार्यसंचालन तथा प्रशासनिक खर्चमा मितव्ययिता कायम राख्दै पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउनुपर्ने देखिन्छ ।

क्र.सं.	क्षेत्रगत विवरण	बजेट	खर्च	कुल बजेटमा प्रतिशत
१	आर्थिक विकास	४७३४५८६०	३८०१३०६२	३
२	सामाजिक विकास	७३६८९२२०४	६४३९१९१४१	४१
३	पूर्वाधार विकास	४९०३३६९४१	३१०९४८०८६	२८
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	६८१६२९९८	५६३२०९९८	४
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	४२५१८८३४०	३७८७८४४२७	२४
जम्मा		१७६७९२६३४३	१४२७९८५७१४	१००

१२ **त्रैमासिक खर्च विश्लेषण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यन्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र केन्द्रीय निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाको त्रैमासिक खर्चको विवरण यस प्रकार रहेको छ।

क्र.स	बजेट	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	कुल खर्च रकम	१४२७९८५७१४	२१३५८९१३६	२४५३९३५०४	३२१५६५६८८	६४७४३७३८६	४२३६८२३५०
२	पुँजीगत खर्चतर्फ	३५९३३३५९७	१२४८९५६१	२०७९३५०२	५०३९९१२०	२७५६५१४१४	२०४९९६३६८
पुँजीगत खर्च प्रतिशत		६६	३	६	१४	७७	३७

•पालिका पुँजीगतमा रु.५४,७७,९७,०००।-विनियोजन भएकोमा खर्च जम्मा रु.३५,९३,३३,५९७।- मात्र भएको देखिन्छ।जुन कुल बजेटको ६५.५९ प्रतिशत रहेको छ।

• खर्चको प्रवृत्ति हेर्दा कुल खर्चको तुलनामा पालिकाको पहिलो त्रैमासिकमा ३% खर्च भएको, दोस्रो त्रैमासिकमा ६% खर्च भएको, तेस्रो त्रैमासिकमा १४% खर्च भएको, छ भने चौथो त्रैमासिकमा ७७% खर्च भएको देखिन्छ।

• यस वर्ष पनि पालिकामा वर्ष अन्तिममा मात्र खर्च गर्ने परिपाटी कायम रहेको देखिन्छ।

• आषाढ महिनामा कुल खर्चको ३७ प्रतिशत खर्च भएको देखिन्छ।

यसरी आर्थिक वर्षको अन्त्यमा मात्र खर्च गर्ने गर्दा हतारमा गुणस्तरीय कार्य नहुन सक्ने, अनुगमन प्रभावकारी नहुन सक्ने लगायतको समस्या देखिने हुनाले समानुपातिक रुपमा खर्च गर्नुपर्ने तथा आर्थिक वर्षको अन्तमा मात्र खरिद गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

१३ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५६९४६९३६९	२१८४४७८३१	३८

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३८ प्रतिशत रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१४ नीति तथा कार्यक्रम कार्यान्वयनको स्थिति

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने तथा स्थानीय तहले पालिकाबाट पारित नीति तथा कार्यक्रम अन्तर्गत रहि योजना कार्यान्वियन गर्नुपर्ने देखिन्छ ।पालिकावाट प्राप्त विवरण अनुसार नीति तथा कार्यक्रमलाई बजेटले समेटे तथा नसमेटेको मुख्य कार्यक्रम देहाय अनुसार रहेको छ।

क्र.सं	नीति तथा कार्यक्रमका मुख्य व्यहोरा	नीति तथा कार्यक्रमलाई बजेटले समेटेको विवरण			बजेट मार्फत कार्यान्वयनमा नगएको नीति तथा कार्यक्रम
		बजेटको कार्यक्रम	विनियोजन रकम	खर्च रकम	
१	पर्यटन प्रवर्द्धनका लागि धार्मिक स्थलहरुको संरक्षण, सम्वर्धन र निर्माण गर्ने	१०८ फिटे हनुमान मुर्ति निर्माण कार्य	३,००,००,०००.००	१,८९,५१,२८५.००	पालिकालाई शैक्षिक हबको रुपमा विकास गर्न पञ्चवर्षिय नगर शिक्षा योजना निर्माण गर्ने
२	सन् २०३० सम्म क्षयरोग मुक्त पालिका घोषणा गर्ने कार्यक्रम	HIV, क्षयरोग (PCB) संक्रमितहरुलाई पोषण खर्च	४,००,०००.००	३,६८,०००.००	कोहि नछुटुन कोही नदोहोरिउन भन्ने नीति अनुरुप सा.सु. भत्ता कार्यक्रममा शतप्रतिशत सहभागिताका लागि घुम्ति सेवा सञ्चालन गर्ने
		क्षयरोग मुक्त पालिका अभियान अन्तरगत अति विपन्न क्षयरोगका विरामीहरुलाई पोषण झोला वितरण कार्यक्रम	२,००,०००	२,००,०००	
		समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखीकरण एवम् घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम। क्षयरोगका जोखिम समुह तथा स्वास्थ सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम। घरपरिवारका सदस्यहरूको सम्पर्क परिक्षण, एवं पाँच वर्ष मुनिका बालबालिकामा क्षयरोग	१,५८,०००.००	१,०५,६५०.००	
		कम्युनिटी डट्स कार्यक्रम कार्यक्रम संचालन, र महानगर, उपमहानगर तथा नगरपालिकाका स्वास्थ्यकर्मीहरूलाई क्षयरोग मोडुलर तालिम	३,५२,०००.००	२,६४,९०३.००	
३	उपमहानरपालिकाबाट गर्भवती, सुत्केरी, ज्येष्ठ नागरीक तथा आकस्मिक विरामीहरुलाई निःशुल्क एम्बुलेन्स सेवा	नगरबासीका लागि निशुल्क एम्बुलेन्स सेवा	७,००,०००.००	०	Burn Care Center को निर्माण
४	SDG का प्रासिका लागि बालमैत्री नगर घोषणा गर्ने	Support for Child Friendly Local Governance activities	३,६०,६९९.००	३,६०,६९९.००	व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत बनाउने
५	ग वर्षका अपाङ्गता परिचय प्राप्त व्यक्तिहरुलाई	"ग" बर्गको अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य बिमा कार्यक्रम नयाँ	१३,५०,०००.००	६,७२,०००.००	जनतालाई सहुलियत दरमा वस्तु

	स्वास्थ्य विमा कार्यक्रममा समावेश				तथा सेवा उपलब्ध गराउन सहकारी मार्ट, सुपथ मूल्यपसल आदी विकास साझेदार संग साझेदारी मार्फत सञ्चालन गर्ने

१५ **कानुन निर्माण तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार पालिकाले आ.व २०८०।८१ सम्ममा ७२ वटा ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड स्वीकृत भएको र यो वर्ष १० वटा ऐन, कानुन, निर्देशिका स्वीकृत भएको विवरण पेश भएको छ । उक्त कानुन तथा नियमको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा पालिकाले अनुगमन प्रतिबेदन गरेको देखिदैँन।

१६ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। पालिकामा यस आ.ब मा सम्पादन भएको न्याय समितिको विवरण माग भएकोमा प्रदर्शनको क्रममा नष्ट भएको जनाइे सो को विवरण उपलब्ध गराउन नसकिने विवरण प्राप्त भएको छ ।

१७ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रू.२,००,००,०००/- ट्रान्सफर गरेको छ । साथै कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धी कानुन बनाएर मात्र कोष खडा गर्नुपर्दछ ।

१८ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । पालिकाबाट यस आ.व मा निम्नानुसारको सेवा प्रवाह भएको विवरण प्राप्त भएको छ । सेवा प्रवाह र कार्यसम्पादन सूचक पेश नभएकोले सेवा प्रवाहको थप विश्लेषण गर्न सकिएन । पालिकाले वार्षिक लक्ष्य तोकी लक्ष्य अनुसार कार्यसम्पादन गर्नुपर्दछ ।

बिवरण	जम्मा
नागरिकता सिफारिस	१६७४
नाता प्रमाणित	७५८
व्यक्तिगत घटना दर्ता	२३९२
अन्य सिफारिस	१००४६

१९ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) मा सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र १११ वटा सहकारी संस्था रहेका मध्ये ४६ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला नगरेको र समस्याग्रस्त सहकारी संख्या नरहेको पालिकाले जनाएको छ। पालिकाबाट यस आ.ब मा २३ वटा सहकारी संस्थाको अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२० **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान सोही नियमावलीको नियम १०६ बमोजिम प्रकृया पुर्याई लिलाम गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट प्राप्त विवरण बमोजिम पालिका र २३ वटा वडाको आ.ब २०८१।८2 को जिन्सी निरीक्षण प्रतिबेदन बमोजिम मोटरसाइकल, कम्प्युटर, ल्यापटप, डिजिटल क्यामरा, टेबल, कुर्सी लगायत सामानहरु लिलाम गर्नुपर्ने भनी व्यहोरा औँल्याइएको छ । पालिकाले नियमावली बमोजिम जिन्सी मालसामानको व्यवस्थापन गर्नुपर्दछ ।

२१ **योजना तथा वजेट कार्यान्वयन**

योजना तथा बजेटमा सम्वन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागु गरेको समेत छैन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ७ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.३५ करोड ९३ लाख ३३ हजारको खरिद गुरुयोजना तयार नगरी खरिद व्यवस्थापन गरेको देखियो ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८१ को दफा २ अनुसार यस वर्ष थपघट समेत सभाको निर्णयबाट १४८ वटा योजना तथा कार्यक्रममा रु.१३ करोड ५८ लाख ५६ हजार विभिन्न मितिमा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा १० प्रतिशत हुने देखिन्छ। सुरुमा अनुमान गरिएको बजेटलाई यथार्थपरक बनाउन सो रकम घटाई रकमान्तर बनाएको कार्यालयको भनाई रहेको छ । रकमान्तर गरिएको योजना मध्ये ३९ वटा योजनाको २ करोड ७० लाखको कार्यक्रम खर्च नभएको विवरण पेश भएको छ । सुरु वजेटको योजना संसोधन तथा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन। उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन। तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

२२ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• पालिकाकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• करार तथा ज्यालादारीमा ठुलो सङ्ख्यामा कर्मचारी भर्ना गरेको देखिन्छ। ज्यालादारीमा रहेको कर्मचारीलाई समेत कार्यालयको महत्वपुर्ण काम तथा शाखाहरुमा जिम्मा दिएको देखिन्छ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमनको अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धीको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले खर्च गर्ने मापदण्ड निर्धारण गरेको देखिएन। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामाग्री, लघुउद्यम विकास सम्बन्धी सामाग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश गरी स्पष्ट आधार तथा विवरण राखेको छैन।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता तथा नवीकरण शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• अर्थ मन्त्रालयले जारी गरेको आर्थिक वर्ष २०८१।८२ को बजेट कार्यन्वयन मार्गदर्शनले तोकेअनुसार बैंकखातामार्फत मात्र भुक्तानी दिनुपर्नेमा विभिन्न कर्मचारीले भुक्तानी लिई खर्च लेख्ने तथा खर्च गरी शोधभर्ना लिने गरेको देखियो।

• आन्तरिक आम्दानीको यथार्थमा आधारित अनुमान गरेको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महसुलको स्थानीय न्युनतम दररेट तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्नसक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।

• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार ठुलो रकम बेरुजु कायम रहेकोमा फछर्यौटको लागि पर्याप्त पहल गरेको देखिएन।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२३ तलबी प्रतिवेदन पारित नभएको

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० मिति २०७६।५।१८ को परिपत्र (तलबी प्रतिवेदन सम्बन्धमा) को बुँदा नम्बर ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्य तथा पालिकातर्फका स्थायी कर्मचारीको रू.१६,७३,२१,३३१.१३ तलब भत्ता भुक्तानी गरेको छ। तलबी प्रतिबेदन पारित नगर्दा खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिबेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२४ संगठन तथा व्यवस्थापन सर्वेक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा १ अनुसार पालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिका र मातहतका कर्मचारीको दरवन्दी सहित सङ्गठन संरचना कायम गर्नु पर्ने, उपदफा ४, ८ अनुसार स्थायी र सेवा करारको लागि चाहिने तलब, भत्ता तथा योगदानमा आधारित सामाजिक सुरक्षा जस्ता सेवा सुबिधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गरी तयार गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन उपदफा १० अनुसार सभाबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ। त्यस्तै लुम्बिनी प्रदेशले जारी गरेको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ६ अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तथा दरबन्दीको आवश्यकता र औचित्य समेतको आधारमा मूल्याङ्कन गरी आर्थिक दायित्व पर्ने विषयमा प्रदेश सरकारको सहमती लिई कार्यपालिकाले सङ्गठन संरचना र दरबन्दी स्वीकृत गर्ने, सोही ऐनको दफा ८ को उपदफा १ अनुसार सङ्गठन संरचना स्वीकृत गर्ने वा पद सिर्जना गर्ने निर्णय भएको मितिले तीस दिन भित्र प्रदेश किताबखानामा कार्य विवरण सहित पद दर्ता गराउनु पर्ने उल्लेख छ। साथै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ उपदफा १० अनुसार कर्मचारी समायोजनको कार्य सम्पन्न भई सकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार सङ्गठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्ने उल्लेख छ। सोही व्यवस्था अन्तर्गत पालिकाले आर्थिक वर्ष २०७९।८० को नगर सभाको मिति २०८०।०३।२३ को निर्णयबाट संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी नयाँ दरवन्दी स्वीकृत गरी कार्यपालिकाको कार्यालय अन्तर्गत १५२ दरवन्दी, वडा तर्फ १०० जना र स्वास्थ्य चौकी र आयुर्वेद औषधालय तर्फ ७२ जना गरी कुल ३२४ जनाको स्थायी दरवन्दी रहने गरी संगठन संरचना स्वीकृत गरी सोही अनुसार कार्यान्वियनमा छ। तर प्रदेशले जारी गरेको कानुन अनुसार प्रदेश सरकारबाट सहमती भने प्राप्त भएको विवरण पेश हुन आएन।साथै लुम्बिनी प्रदेशले जारी गरेको स्थानीय निजामती सेवा ऐन २०८१ को दफा ८ बमोजिम संगठन तथा व्यबस्थापन सर्वेक्षण पश्चात पद दर्ता गराउनुपर्ने व्यबस्था रहेको छ, सो को विवरण माग भएकोमा जेन्जी आनदोलनको कारणबाट सम्पूर्ण प्रमाण नष्ट भएको जनाई लेखापरीक्षणको क्रममा पेश नभएकोले दरबन्दी पदपुर्ति सम्बन्धमा थप विश्लेषण गर्न सकिएन।

२५ आन्तरिक आय तथा राजश्व असुली स्थिति

यस उप महानगरपालिकाको विगत दुई आर्थिक वर्षको आन्तरिक आय तथा राजश्वको अनुमान तथा असुली स्थतिति देहायअनुसार रहेको पाइयोः

क्र.सं.	राजश्व कोड	राजश्व शीर्षक	२०७९/८० को असुली	२०८०/८१ को असुली	२०८१/८२ को अनुमान	२०८१/८२ को असुली	बढी/घटी (२०८०/८१ को तुलनामा) प्रतिशतमा
१	११३१३	सम्पती कर	४९१९५३७९	५५६३२४३९	५००००००००	६४०४१०९९	१५
२	११३१७	वहाल कर	३७८७६२६३	४१०४८४३५	३४५००००००	४६६३६३५२	१४
३	११४५१	सवारी साधन कर(साना सवारी)	-	१६०७०००	१००००००	१५०४६८०	-६
४	११६३२	अखेटोपहारमा लाग्ने कर	-	२२३८८९३	२००००००	३४९१८०८	५६
५	१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१७२७७०८८	१८३६१८२४	२७५००००००	२३१०६४११	२६
६	१४२१२	सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त रकम	५००६०	३३८१०२	५०००००	२३१८३	-७४
७	१४२१८	विद्युत सेवा शुल्क	५३३५१९	९६२०९६	८०००००	८१०३०८	४६
८	१४२१९	अन्य सेवा शुल्क तथा बिक्रि	५९७९०४१	८०१७२४६	४५०००००	५३९१६२५	-३३
९	१४२२४	परीक्षा शुल्क	११३४००	४२३९०	५०००००	९८७६५	१३३
१०	१४२४१	पार्किङ्ग शुल्क	१५७००००००	१२४५२९००	१२००००००	७९८६६२१	-३६
११	१४२४२	नक्सापास दस्तुर	२३८१३४५४	२४०२५७०५	२८००००००	२९१९०४७०	२२
१२	१४२४३	सिफारिस दस्तुर	१११३७४६८	११५६१५२१	९००००००	११७६५८५१	२
१३	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	१९३६९५०	१४४८२००	१००००००	१४३५८६०	-१
१४	१४२४५	नाता प्रमाणित दस्तुर	२०९२७	२८७७८	३००००	१०६८७१	२७१
१५	१४२४९	अन्य दस्तुर	७४२८४९२	३५७५४१४	४९९००००	१७८७०६०	३२
१६	१४२५३	व्यवसाय रजिष्ट्रेशन दस्तुर	१४५११२५२	१६८४८९९०	१८६०००००	१७५६५९९२	४
१७	१४३११	न्यायिक दण्ड,जरिवाना र जफत	-	-	२५०००	७९५०	
१८	१४३१२	प्रशासनिक दण्ड,जरिवाना र जफत	४४९७३३	३९९९४३८	१०००००	२९४७८६६	-२६
१९	१४५२९	अन्य राजस्व	१९२०	१३६००	१००००००	१४४२२२	८४६३
२०	१५१११	बेरुजु	११६६७०५	३९९९९९७	२००००००	४०४४२०	-९०
२१	११३१४	भुमिकर/मालपोत	८८५५०	६२८५	५५०००	४१७	-९३
कुल जम्मा			१८७२८०२०१	२०६२०९२५३	१९८१००००००	२१८४४७८३१	५.९३

माथि उल्लिखित विववरण अनुसार आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१।८२ कुल ५.९३ प्रतिशत वढी राजश्व संकलन भएको देखियो।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याई राजश्व अभिवृद्धि गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२६ **चालु/सञ्चालन खर्चको समग्र स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको विगत २ वर्षको खर्चको तुलना गर्दा देहाय अनुसार देखिएको छ।

खर्च शीर्षक	यो वर्ष		गत वर्षको		खर्च वृद्धि (प्रतिशत)
	वजेट	खर्च	वजेट	खर्च	
पदाधिकारी सेवा सुविधा	३०००००००	२६५३००००	३०००००००	२६४५८०००	०.२७
पदाधिकारी भ्रमण	१००००००	३८२३५३	१००००००	३८४९४०	-०.६७
पदाधिकारी बैठक	७००००००	५८०८०००	७००००००	५५९९८८८	३.७२
कार्यालय सञ्चालन	४३७५०००	४३७५०००	५५०००००	५२७८७५०	-१७.१२
इन्धन	१०००००००	९९९९९९९	१२५०००००	१०८२६०२१	-७.६३
मर्मत	७००००००	५८२५३९०	५००००००	४५२३४२६	२८.७८
धारा पानी बिजुली	६५०००००	६४९९६५३	५५०००००	५४९९६९०	१८.१८
आर्थिक सहायता	१५०००००	१२९४५४०	१३०००००	१३०००००	-०.४२
विविध खर्च	४००००००	१७५४३६९	५००००००	१४७३१०६	१९.०९
चालु खर्च जम्मा	**७१३७५०००**	**६२४६९३०३**	**७२८०००००**	**६१३४३८२०**	**१.८३**

खर्चमा मितव्ययिता कायम गर्नुपर्नेः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवश्यक्ता र औचित्यका आधारमा आवश्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेकोमा देहाय बमोजिम पाईयो ।

पदाधिकारीको भ्रमण तथा सेवा सुविधावापत पालिकाले यो वर्ष रू.२,६९,१२,३५३/- खर्च लेखेको छ।पालिकाले भ्रमण खर्च, इन्धन, बैठक लगायतका चालु प्रकृतिका खर्च लेख्दा आवश्यकता समेत बिश्लेषण गरी अनिवार्य रुपमा पुष्ट्याई हुने कागजात संलग्न गरेर मात्र खर्च लेखि मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ ।

इन्धन खर्च- सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोबिल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शीर्षकबाट रू.९९,९९,९९९ खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ।

विविध खर्चः सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले विविध खर्च तर्फ यस वर्ष रु.१७,५४,३६९ खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण सुरुमै

निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

सवारी मर्मत र अन्य मर्मत खर्च - लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष मर्मत शीर्षकबाट रु.५८,२५,३९०/-समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वियन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

उपरोक्त अनुसार गत आर्थिक वर्षको खर्च समेतको विश्लेषण गर्दा सवारी साधन मर्मतमा २८.७८ प्रतिशत, धारा तथा विद्युतमा १८.१८ प्रतिशत, विविध खर्चमा १९.०९ प्रतिशत गरी कुल खर्चमा १.८३ प्रतिशत बढोत्तरी भएको पाइयो । यस्तो प्रकारको खर्च लेख्दा आन्तरिक आय समेतको विश्लेषण गर्नुपर्ने, विविध खर्चको भुक्तानीमा पर्याप्त पुष्ट्याइ संलग्न गर्नुपर्ने, इन्धन खर्चमा लगबुक व्यवस्थित गर्नुपर्ने, आर्थिक सहायताको रकम सहितको मापदण्ड निर्धारण गर्नुपर्ने लगायतका विषयमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

२७ **फरक शीर्षकमा खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नु पर्ने र महालेखा नियन्त्रक कार्यालयले जारी गरेको एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४(दोश्रो परिमार्जन) अनुसार खर्चको शीर्षक वर्गीकरण गर्नुपर्ने तथा तोकिएको शीर्षकवाट खर्च लेख्नुपर्ने व्यवस्था छ।पालिकाले निम्नानुसारको योजनामा विनियोजित शीर्षकभन्दा फरक कार्यक्रमवाट भुक्तानी गरेको देखियो ।अत: सम्बन्धित शीर्षक/ योजनावाट खर्च नलेखी खर्च शीर्षक फरक पारी लेखेको नियमसम्मत नदेखिएको रकम रु

मिति	भौन	स्वीकृतकार्यक्रम	संचालितकार्यक्रम	भुक्तानीरकम
०७/२५/२०८१	३९	खजुरा रोडडेन्टल हस्पिटल हुँदै सेन्ट थोमस स्कुल सम्म नाली तथा सडक निर्माण	जिप्रकाकोपश्चिम रितु पुनको घर देखी सेन्ट थोमस स्कुल हुँदै पूर्व जाने सडक निर्माण वडानं. १ कार्यको दोस्रो रनिङ्ग विल बापतको रकम भुक्तानी	१९७२९३३
११/०४/२०८१	८८	खजुरा रोडडेन्टल हस्पिटल हुँदै सेन्ट थोमस स्कुल सम्म नाली तथा सडक निर्माण	जिप्रकाकोपश्चिम रितु पुनको घर देखी सेन्ट थोमस स्कुल हुँदै पूर्व जाने सडक निर्माण वडानं. १ कार्यको अन्तिम विल बापतको रकम भुक्तानी	२०११३२६
				३९८४२५९

अनियमित भएको	३९,८४,२५९

२८ **अन्य निकायको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धी व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। साथै स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफ्नो कार्यक्षेत्र तथा अधिकार क्षेत्र अन्तर्गत मात्र सार्वजनिक श्रोत साधन उपयोग गर्नुपर्ने तथा दफा ७३ मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले छुट्टै अस्तित्व र स्वामित्व भएको सम्बन्धित तालुक निकायबाटै बजेट विनियोजन हुने संघीय कार्यालय तथा कार्यक्षेत्र अन्तर्गत नपरेको संस्थाको निर्माण लगायतको कार्य समेत योजनामा समावेश गरी वजेट तथा कार्यक्रम तयार गरेको देखियो ।तसर्थ स्थानीय सरकार संचालन ऐनको मर्म तथा भावनाअनुरुप कार्य नभएकोले देहाय बमोजिम भएको खर्च नियमसम्मत नदेखिएको रू

शिर्षक	मिति	भौ नं	सहयोग प्राप्त गर्ने निकाय	रकम रु	भुक्तानी पाउने
पालिका पुँजीगत	०३/२३/२०८२	२९४	मालपोत कार्यालयमा फर्निचर सहयोग वापतको रकम	३१६६२६	कोलेनिका विविध खातावाट ट्रान्सफर
पालिका पुँजीगत	०३/२५/२०८२	३४२	निर्माणाधिन बि.पि. भवनको ज्याल ढोका सहयोग कार्य	४६७५६२	मनकामना आधुनिक झ्याल ढोका उद्योग
पालिका पुँजीगत	०३/२५/२०८२	३४५	नेपाल रेडक्रस सोसाइटी र नारी बिकास केन्द्रको गेट निर्माण	३९५१६८	हिमालयन इन्फ्रा एक्स कम्पनी प्रालि
पालिका पुँजीगत	०३/११/२०८२	२५१	साझा स्वास्थ्य सेवालाइ फर्निचर/कम्प्युटर सहयोग	१९९६७८	एम पिफर्निचर/युनिक कम्प्युटर
पालिका चालु	०३/१८/२०८२	१३६८	भुमि आयोग जिल्ला समितिलाई आवश्यक सहयोग	१५००००	कोलेनिका विविध खातावाट ट्रान्सफर
पालिका चालु	०३/२४/२०८२	१५४९	सशस्त्र प्रहरी बल नेपाललाई सिमेन्ट सहयोग	५८१२४	एम केविजनेश लिंक
पालिका चालु	०३/२५/२०८२	१६४८	वडा प्रहरीकार्यालय मर्मत खर्च	९९९४८	माता मनकामना अटो पार्टस
पालिका चालु	०८२/०३/२५	१६६१	सशस्त्र प्रहरी बललाई सामग्री खरिद वापत भुक्तानी	९५६४३	हिमालय इन्जिनियरीङ वर्कसप एण्ड ट्रेडर्स
पालिका चालु	२०८१।०६।०८	९	जिल्ला समन्वय समितिको विद्युत महसुल भुक्तानी	१४८८६८	नेपाल विद्युत प्राधिकरण,नेपालगञ्ज
पालिका चालु	२०८१।०८।०९	२५९	नारी विकास केन्द्रको विद्युत महसुल वापतको भुक्तानी	८००००	नेपाल विद्युत प्राधिकरण,नेपालगञ्ज
पालिका चालु	२०८१।०९।२८	४१९	इन्भर्टर खरिद र जडान वापत भुक्तानी	२८५०००	अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक नेपाल)
पालिका चालु	२०८१।१०।२०	५२५	जिल्ला प्रहरी कार्यालय,बाँकेको लागि इन्भर्टर तथा व्याट्री खरिद	५६०९९	युनिक कम्प्युटर्स
पालिका चालु	२०८२।०१।०३	८९६	गैरसरकारी संस्था महासंघको लागि ल्यापटप खरिद	९९०००	मानसरोबर आई.टी.ट्रेड लिंक प्रा.लि
पालिका चालु	२०८२।०१।०७	९०७	उच्चसरकारी वकिलको कार्यालयलाई ए.सी खरिद वापत	९९९०९	इन्फिनिटिभ इन्टरप्राइजेज
पालिका चालु	२०८२।०३।०४	१२२९	बाँके नेत्रहिन संघलाई ३ थान ल्यापटप खरिद गरी हस्तान्तरण	२०९९७०	श्याम ट्रेडर्स एण्ड सप्लायर्स
पालिका चालु	२०८२।०३।२०२०८२।०३।२४	१४०९.१५५७	कोशेलीघरको लागि बिजुली बत्ती र भवन व्यवस्थापन	५६२०८१	नेपालगञ्जकोशेली घर
पालिका चालु	२०८१।१२।१५	८२५	अधुरो भवन मर्मत	२६७८००	नेपाल पूर्व प्रहरी संगठन जिल्ला कार्य समिति
पालिका चालु	२०८१।११।२१	६५०	अधुरो ट्रष्ट निर्माण	२८७१७६	महेन्द्र पुस्तकालय
पालिका चालु	२०८२।२।१८	१११४	महिला उद्यमीद्वारा उत्पादित वस्तुहरुको प्रवर्दधन र वजारीकरण कार्यक्रम	२०००००	महिला उद्यमी संघ
पालिका चालु	२०८२।०३।०२	११७९	छात्रा कलेजलाई अनुदान	३५०००००	मंगल प्रसाद महिला कलेज
पालिका चालु	२०८२।३।२०	१४२५	हलचल फाउन्डेसनको लागि आवश्यक सामग्री सहयोग	४९७९९९	हलचल फाउन्डेसन
पालिका चालु	२०८२।०३।२५	१६४८	महेन्द्र स्कार्पियो पिकअप गाडी मर्मत	९९९४८	वडा प्रहरी कार्यालय
				८१७६५९९	

अनियमित भएको	८१,७६,५९९

२९ १२५-०८१।१२।१२ As Build drawing संलग्न नभएको

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७७ को नियम ३९(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगर भवन परिसर भित्र व्यापारिक भवन निर्माण र फायर फाईटर ग्यारेज निर्माण कार्य (ठे.नं १/०७८।०७९) को लागि निर्माण व्यवसायी आत्रेय पुर्णचन्द्र जेभीसँग भएको खरिद सम्झौताको प्रोभिजनल सम आइटममा एज विल्ट नक्सा वापत रु ६७२२८ भुक्तानी गरेको देखिएकोमा उक्त नक्सा जिन्सी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रकम रू

असुल गर्नुपर्ने	६७,२२८

३० कन्टिन्जेन्सी खर्चको अभिलेख

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको वर्कचार्ज स्टाफ तर्फ २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाले कन्टिन्जेन्सी खर्च सम्बन्धी कार्यविधि तयार गरेको छैन । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सीतर्फ ३ प्रतिशत कट्टा गर्ने गरेको देखिएतापनि सोको योजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन । कन्टिन्जेन्सी शीर्षकवाट खाजाखाना, अनुगमन खर्च, कार्यालय सामान खरिद, व्यवस्थापन खर्च लगायतमा खर्च लेखेको देखियो । जुन उक्त खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिदैन ।

कन्टिन्जेन्सी रकमवाट, विविध, कार्यालय मालसामान, इन्धन लगायतका चालु खर्च शीर्षकका खर्चहरु समेतलाई पुँजीगत वजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे वमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको एकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ । कार्यालयले ठेक्कागत कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेको, नापी कितावमा प्रविष्टि नगरेको, सवारी इन्धनको सवारी साधनगत अभिलेख पाम्समा नराखिकनै कन्टिन्जेन्सी बापतको रकम खर्च गरेको देखिएकोले कार्यालयले आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरी खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

३१ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयगत, क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको शीर्षकमा रकम विनियोजन गरी नगरप्रमुखको तोकआदेश अनुसार विभिन्न योजनाहरुको सम्झौता गराई भुक्तानी भएको देखियो। यसरी भएको सम्झौता अनुसारको योजनाको खर्च सभावाट अनुमोदन भएको प्रमाण पेश हुन आएन ।वजेट तथा कार्यक्रम तयारी गर्दा सुरु वजेट विनियोजनको बखत नै योजना तथा कार्यक्रम बर्गीकरण गरि कार्य गर्नुपर्नेमा सो अनुरुप वजेट तथा कार्यक्रम तयार गरेको देखिएन ।

विभिन्न पटकको तोकआदेश तथा पटके निर्णयवाट संचालित भएका योजना तथा कार्यक्रम पछिल्लो सभावाट समर्थन नलिई कार्य गर्ने परिपाटीले स्थानीय सरकार संचालन ऐनको व्यवस्था अनुसार बजेट व्यवस्थापन, कार्यान्वयन तथा अनुगमन/ मुल्याँकन नहुने देखिन्छ । यस सम्बन्धमा जिम्मेवार पक्षले शिर्षकमा आधारित रही बजेट विनियोजन गर्नुपर्ने तथा सभावाट अनुमोदित कृयाकलापको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

शीर्षक	कम्पोनेन्ट नं	बजेट कार्यक्रमको नाम	विनियोजन	खर्च	कैफियत
नपा पुँजीगत	६७१.२१.१.५१	लागत सहभागिता कार्यक्रम	७५०००००	१३९००००	२ पटक भुक्तानी
नपा पुँजीगत	६७१.२१.१.१०७२	लागत सहभागिता कार्यक्रम (८०:२०)	२००००००००	९६७९०००	विभिन्न योजना तथा कार्यक्रममा २३ पटक भुक्तानी
नपा पुँजीगत	६७१.२१.१.१०७४	अन्य भौतिक संरचना निर्माण तथा रङ्गरोगन	६८०९०००	१३९६०००	विभिन्न योजना तथा कार्यक्रममा ५ पटकको भुक्तानी
नपा पुँजीगत	६७१.२१.१.१०४७	विभिन्न धार्मिक संस्थाहरुको भौतिक पूर्बाधार निर्माण तथा रङरोगन	४७०००००	१४८९०००	विभिन्न योजना तथा कार्यक्रममा ६ पटकको भुक्तानी
			३९००९०००	१३९५४०००	

३२ स्थलगत निरीक्षण तथा योजनाहरुको अनुगमन

पालिकाले यसवर्ष सडक निर्माण, ग्राभेल, पुर्वाधार निर्माण लगायतको योजनाहरुको भुक्तानी गरेको छ । यसरी भुक्तानी गरिएका योजनाहरुको अनुगमन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को (ख) को उपदफा ४ (ख) बमोजिम उपप्रमखुवाट योजना अनुगमन गर्ने तथा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले आन्तरिक नियन्त्रण ब्यबस्था प्रभाबकारी पार्ने व्यवस्था छ ।

पालिका तथा वडा स्तरमा विनियोजित योजना तथा निर्माण कार्य उपभोक्ता समिति तथा निर्माण व्यवसायीवाट गराएको देखिएकोमा अनुगमन फारममा केवल योजनाको नाम स्थान, विनियोजित वजेट तथा खरिद पद्दति मात्र उल्लेख भएको देखियो । योजनाको अवस्था खण्डमा ठिकै भएको तथा सुझावमा प्राविधिक प्रतिवेदन बमोजिम हुने गरी भुक्तानी दिने मात्र उल्लेख भएको देखियो।ठेक्कामार्फत सम्झौताको रनिङ विल भुक्तानीमा अनुगमन प्रतिबेदन संलग्न नगरेको देखियो । सम्झौता/ सम्पन्न मिति उल्लेख भएको, योजनाको कार्यप्रकृति लगायतको व्यहोरा उल्लेख नभएकोले अनुगमन फारम परिस्कृत गर्नुपर्ने देखिन्छ। यस सम्बन्धमा जिम्मेवार पक्षले ध्यान दिनुपर्ने साथै ऐन कानुनले व्यवस्था गरेअनुसार कामको गुणस्तर कायम भए नभएको सम्बन्धमा प्राविधिक एवं अनुगमन कार्यलाई जिम्मेवार बनाई निर्माण तथा अन्य कार्यको गुणस्तर कायम हुनुपर्दछ ।

३३ अन्तिम भुक्तानीमा कार्यस्वीकार नभइ कार्यसम्पन्न प्रतिबेदन तयार गरेको

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य,आपुर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सो को स्वीकार प्रतिबेदन तयार गर्नुपर्ने तथा नियम १२५ (२) मा त्रुटी सच्याउने अबधि समाप्त भएपश्चात कार्यसम्पन्न प्रतिबेदन तयार गर्नपर्ने व्यवस्था छ ।पालिकाले खरिद सम्झौता गरी सम्पन्न भएका निर्माण कार्यको अन्तिम भुक्तानी साथ कार्यसम्पन्न प्रतिबेदन तयार गरेको देखियो । अत: नियमकानुनको परिपालना गरी अन्तिम भुक्तानीको बखत नियमानुसार कार्यस्वीकार प्रतिबेदन तयार गर्नुपर्ने देखिन्छ ।

३४ एजविल्ट नक्साको प्रावधान

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । नमुना छनौट अनुसारको परीक्षणमा पालिकाले खरिद सम्झौता गरी कार्य गर्दा जटिल प्रकृतिको भवन निर्माण, पुल लगायतको संरचना निर्माणमा एजविल्ट नक्साको प्रावधान राखेको देखिएन। जटिल संरचना कार्यमा एजविल्ट नक्सा समेतको प्रावधान राखी तोकिएको ढाँचामा खरिद सम्झौता गर्नुपर्ने देखिन्छ।

३५ योजना अनुगमन भत्ता

लुम्बिनी प्रदेशको स्थानीय तहको पदाधिकारीको सेवा सम्बन्धी ऐन, २०७६ को नियम १४(ख) मा स्थानीय तहको पदाधिकारीले यस ऐनले निर्धारित गरेको सुविधा बाहेक अन्य सुविधा नपाइने व्यवस्था रहेको साथै लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिकाको बुँदा नं १९ मा सार्वजनिक निकायको कार्य जिम्मेवारी तथा कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरेवापत तलव वा पारिश्रमिक बाहेकको अन्य थप सुविधा वा अतिरिक्त भत्ता लिन नपाइने व्यवस्था रहेको छ । पालिकावाट संचालित विभिन्न योजनामा उपप्रमुखको संयोजकत्वमा रहेको योजना अनुगमन समितिको पदाधिकारी तथा वडामा संचालन भएको योजनाको लागि वडा स्तरीय अनुगमन समितिबाट विभिन्न मितिमा संचालित योजनामा अनुगमन गरेको देखियो ।नमुना छनौट गरी परीक्षण गर्दा योजना अनुगमन वापत भत्ता भुक्तानी गरेको देखियो। आन्तरिक आय न्युन भएको अवस्थामा भत्ता खर्च लेखी थप व्ययभार पारेको देखिएकोले यस्तो प्रकारको भत्तामा नियन्त्रण गर्नुपर्ने साथै यस वापत भएको भुक्तानी रकम नियमसम्मत नदेखिएको रकम रू.

मिति	भौ नं	कार्यक्रम	रकम रु
१२/०७/२०८१	१२३	नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको विभिन्न मितिमा नगरस्तरीय कार्यक्रम तथा क्रमागत योजनाहरुको अनुगमन कार्य गरेको अनुगमन भत्ता	६४०००
०३/०४/२०८२	२३९	विभिन्न मितिमा अनुगमन उल्लेख गरी १३ जनालाई प्रतिदिन रु १००० को दरले भुक्तानी	१०३५००
०३/२५/२०८२	३४१	विभिन्न मितिमा अनुगमन उल्लेख गरी १४ जनालाई प्रतिदिन रु १००० को दरले भुक्तानी	१५७५००
			३२५०००

अनियमित भएको	३,२५,०००

३६ खरिद व्यवस्थापन

३६.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, नियम ७ मा गुरुयोजना तयार गर्नुपर्ने , सम्भावित प्याकेज तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु.२० लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान, सेवा खरिद वा निर्माण कार्य गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ ।

३६.२ कोटेशनबाट खरिदः- नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले विभिन्न योजनाहरुमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४१ तथा नियमावली ८५ को उपनियम १(क) बमोजिम हुने भनी कोटेशनवाट खरिद गरेको छ । पालिकाले खरिद सम्झौता गर्दा केही कार्यको सम्भावित प्याकेज तयार गरेको देखिएतापनि नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको २८ वटा निर्माण योजनाहरुमा रु २ करोड २३ लाख ९७ हजारको लागत अनुमानमा रु २ करोड २० लाख ८६ हजारको खरिद सम्झौता गरी मुल्याङ्कनको आधारमा २ करोड ७ लाख २८ हजार भुक्तानी गरेको देखियो । यसरी लागत अनुमानको तुलनामा अधिकांश योजनामा १ प्रतिशत भन्दा न्युन मात्र घटेर सम्झौता भएको देखियो । लागत अनुमानकै हाराहरीमा खरिद सम्झौता भएको खरिद कार्य मितव्ययी देखिँदैन । सम्भावित प्याकेज समेत तयार गरी प्रतिस्पर्धात्मक तवरवाट खरिद कार्य हुनपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३६.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३६.३ टुक्रे खरिदः- नमुना छनौट गरी परीक्षण गर्दा ८ बटा कम्पोनेन्टमा रु ७५ लाख ३४ हजारको विनियोजन भएकोमा ४४ पटकको कारोवारमा ७० लाख ३४ हजार खर्च लेखेको देखियो । निम्नानुसारको कम्पोनेन्टमा विनियोजित वजेटमा एकमुष्ट प्रतिस्पर्धात्मक पद्धतिवाट खरिद नगरी पटकपटक खरिद टुक्राइ तथा शिर्षकगत रुपमा खर्च लेखेको व्यहोरा सहितको टिप्पणी अनुसार ३ वटा दरभाउपत्र संलग्न गरी ४४ पटकको कारोवारमा अधिकांश २ लाखभन्दा घटीको कारोवार समावेश गरी सोझै खरिद गरेको देखियो । एकै प्रकृतिको कार्यमा समेत विनियोजित बजेट तथा प्याकेज अनुसार प्रतिस्पर्धात्मक तवरवाट खरिद नगरेकोले खरिद कार्य नियमसम्मत देखिंदैन। यस्तो प्रकारको एकै प्रकृतिको कार्यमा वजेट बिनियोजनको बखत नै खरिद योजना तयार गर्नुपर्ने, एकमुष्ठ रकम विनियोजन गरी प्रतिस्पर्धात्मक तवरवाट गुणस्तरियता समेतको परिपालना गरी सार्वजनिक खरिद कानुनको परिपालना गरी खरिद व्यवस्थापन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्नेमा सो अनुरुप खरिद व्यवस्थापन नभएको नियमसम्मत नदेखिएको रु

कम्पोनेन्ट नं	शिर्षक	बजेट	खर्च	कारोवार संख्या
६७१.२१.१.४५	फर्निचर तथा फिक्चर्स	१००००००	९२१०००	१७
६७१.२१.१.५५	मेशिनरी तथा औजार	२००००००	१७९१०००	१४
६७१.२१.१.१८५६	साझा स्वास्थ्य सेवालाई फर्निचर रकम्प्युटर सहयोग	२०००००	१९९०००	१
६७१.२१.१.१८५३	ने.रा.प्रा.वि.जङगली सिंहपुर्वाने.रा.प्रा.वि. किगरियनपुर्वा ने रा मा वि कण्ठीपुर फुल्टेक्रा मा वि ने रा आ वि जयसपुर मा फर्निचर निर्माण तथाबसाई व्यवस्थापन	१००००००	९८२०००	३
६७१.२१.१.१११	मेशिनरी औजार	४०००००	२९००००	१
६७१.२१.१.१२५८	स्वास्थ्य संस्थाहरुमा अनलाईन रेकर्डिङ रिपोर्टिङको लागि डेस्कटप(कम्प्युटर) प्रिन्टर फोटोकपी मेशिन खरिद	४४००००	४४००००	१
६७१.२१.१.१०६९	सिसिटीभी क्यामेरा जडान तथा मर्मतसंभार कार्यक्रम	९९४०००	९८९०००	१
जम्मा		६०३४०००	५६१२०००	३८

अनियमित भएको	५६,१२,०००

३७ पूर्वनिर्धारित क्षतिपूर्ति

सार्वजनिक खरिद नियमावली २०६४ को नियम नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपूर्ति सहितको व्यवस्था खरिद सम्झौतामा गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले सो बमोजिम खरिद सम्झौताको GCC मा क्षतिपूर्तिको व्यवस्था गरेको देखियो । पालिकाले विभिन्न निर्माण कार्यको लागि खरिद सम्झौता गरी कार्य गरेकोमा नमुना छनौट गरी परीक्षण गर्दा सम्झौता मितिभन्दा ढिलो कार्यसम्पन्न भएकोमा क्षतिपूर्ति लगाएको देखिएन । तसर्थ नियमानुसार क्षतिपूर्ति रकम असुल गर्नुपर्ने देखिएको रु

भौन	मिति	योजनाकोनाम	सम्झौतारकम	सम्झौतामिति	सम्पन्नगर्नुपर्ने मिति	सम्पन्नगरेको मिति	विलम्बअवधि	क्षतिपुर्तिरकम	निर्माण व्यवसायीको नाम
०३/२५/२०८२	३५८	मदनबज्राचार्यको घर देखि नमस्कार शाहको घर जाने पिसिसि बाटो निर्माण वडा नं. १२	९९४६५५	२०८२।२। ३०	२०८२।३।१८	२०८२।३।२२	४	१९८९	प्रभुडेभलपमेन्ट विल्डर्स
०३/२५/२०८२	३६३	लालबहादुर मल्लको घर देखि अजय घलेको घरसम्म पिसिसि बाटो निर्माण वडा नं. १२	९७६८०३	२०८२।२। १८	२०८२।३।१५	२०८२।३।२०	५	२४४२	विशालकन्सट्रक्सन
०३/२५/२०८२	३६६	जुँगैमहादेवको तलाउ सरसफाई कार्यक्रम	९८८१३७	२०८२।२। ३०	२०८२।३।१८	२०८२।३।२३	५	२४७०	थन्डरविल्डर्स प्राली
								६९०१	

असुल गर्नुपर्ने	६,९०१

३८ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(१)मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीमा कार्यसम्पन्न रकम अनुसार भुक्तानी नगरी वढी भुक्तानी भएको देखिएकोले नियमानुसार असुल गर्नुपर्ने देखिएको रु

शीर्षक	मिति	भौन	योजनाकोनाम	लागतअनुमान	कार्यसम्पन्न	भुक्तानीरकम	वढीभुक्तानी	कैफियत
पुजीगत	०३/०४/२०८२	२३१	नेपालगंजस्वास्थ्य चौकीले मर्मत सम्भारको लागि लिएको पेश्की रकम फछ्यौट	९९९५६	८५८७८	१०००००	१४१२२	स्वास्थ्यसंस्था
पुजीगत	०३/२५/२०८२	३३६	कुलिङसेन्टर स्तरोन्नति	७१९१८४	६९७४४४	७१००९३	१२६४९	जय भवानीकन्सट्रक्सनलाई कन्टिन्जेन्सी रकम समेत भुक्तानी
							२६७७१	

असुल गर्नुपर्ने	२६,७७१

३९ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको साथै सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था रहेको छ ।नमुना छनौट गरी परीक्षण गर्दा पालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराएको छ ।यस्तो कार्य गराउँदा लागत अनुमान रू. २३,७९,९६९ अनुसार रू. २३,५४,३५५ /- मा सम्झौता गरी पेश भएको विल अनुसार रू. २३,५४,३५५/- खर्च लेखेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन ।

सिनं	योजनाकोनाम	परामर्शदाताकोनाम	लागतअनुमान	सम्झौतारकम	भुक्तानीरकम	परामर्शदाताकोनाम	कैफियत
१	फुटाहा तालको विस्तृत परियोजना प्रतिवेदन	बाईनरी इन्जिनियरीङ्ग सोलुसन प्राइभेट लिमिटेड प्रा.लि.,मध्यठिमि-३,भक्तपुर	९८५३४१	९७१८००	९७१८००	बाईनरी इन्जिनियरीङ्ग सोलुसन प्राइभेट लिमिटेड प्रा.लि.,मध्यठिमि-३,भक्तपुर	आगलागीकोकारण जलेको भनि श्रेस्ता पेश नभएको
२	नेपालगंज नेटवर्क ड्रेनेज प्लानीङ १-१३	स्मार्ट इन्फ्राटेक शोलुसन प्रा.लि. नयाँ बानेश्वर	९९५३२७	९८८७५०	९८८७५०	स्मार्ट इन्फ्राटेक शोलुसन प्रा.लि. नयाँ बानेश्वर	कार्यान्वियनमा नआएको
३	मेट्रिक हाउस नम्बरिङ्ग प्रणाली सर्भे,रिपोर्ट तथा अध्ययन वडा नं. २	जैवन्त ग्रुप प्रा.लि.,मध्यपुर ठिमि भक्तपुर	३९८५०१	३९३८०५	३९३८०५	जैवन्त ग्रुप प्रा.लि.,मध्यपुर ठिमि भक्तपुर	
			२३७९१६९	२३५४३५५	२३५४३५५		

• परामर्श सेवाको लागि लागत अनुमान तयार गरेकोमा सो को स्पष्ट आधार संलग्न गरेको देखिएन। विभिन्न नर्म्स लिएको जनाएकोमा केबल पारिश्रमिक दररेट मात्र संलग्न गरेको देखिएकोमा सम्बन्धित कार्यको लागि उस्तै प्रकृतिको नम्सको आधार लिनुपर्ने देखिन्छ। लागत अनुमान यथार्थपरक तयार गरेको सम्बन्धमा स्पष्ट नुहुनले खरिद कार्य मितव्ययी भएको छ भनी एकिन गर्न सकिएन ।

• लागत अनुमान तथा दर विश्लेषणको आधार नभएको, लागत अनुमानमा समावेश विज्ञहरुको आवश्यक परिमाणको आधार समावेश नभएको, केवल दर संलग्न भएको, ड्राफ्ट सहित छलफल तथा सुझाव सहितको विषय समेटी प्रतिबेदन जारी गर्नुपर्ने उल्लेख भएकोमा छलफलको पद्धति,माइन्युट, विषय तथा सुधार गरिएका पक्षहरु समावेश नभएको देखियो। उक्त विवरण समेत समावेश गरी सम्झौता अनुसारको कार्य भएको स्पष्ट देखिने ढंगले कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

• कार्यालयका प्राविधिक जनशक्तिले गर्न नसक्ने योजनामा मात्र आउट सोर्सिङ्ग गरी कार्य गराउन पर्नेमा अध्ययन प्रतिवेदनहरु परामर्शदातबाट गराउने गरेको देखियो साथै कार्यालयभन्दा बाहिरका कर्मचारीबाट परामर्श सेवा लिनपर्ने कारण सम्बन्धमा निर्णय गरेको देखिएन ।

• परामर्शदातावाट तयार गरिएका सवै प्रतिबेदनहरु कार्यान्वियनमा आएको नदेखिएकोले आबश्यकता समेतको विश्लेशण गरी कार्य गर्नुपर्ने देखिन्छ।

४० अधुरो निर्माण कार्य

सार्वजनिक खरिद नियमावली २०६४ को नियम नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपूर्तिको सहितको व्यवस्था खरिद सम्झौतामा गर्न सकिने व्यवस्था रहेको छ। पालिकावाट प्राप्त विवरण अनुसार यस आर्थिक वर्ष तथा गतविगतमा सम्झौता भएको योजनामध्ये केहीमा न्युन प्रगति तथा केहीमा शुन्य प्रगति भएको देखियो । यस सम्बन्धमा कार्यालयले कारण पहिचान गरी नियमानुसार देखिएमा म्याद थप गरी कार्य गर्नुपर्नेअन्यथा सार्वजनिक खरिद कानुनको व्यवस्था तथा सम्झौता शर्त अनुसार क्षतिपूर्ति लगाइ नियमकानुनबमोजिम खरिद कार्य सम्पन्न गर्नुपर्दछ ।

क्रसं	योजनाको नाम	निर्माण व्यवसायीको नाम	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	सम्झौता रकम	गतवर्षसम्मको खर्च	यो वर्षको खर्च	जम्मा खर्च	भौतिक प्रगति
१	NIDC सडक मर्मत कार्य	बिवेक कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., हिवल्चा-९, सल्यान	२०८१।०१।३०	२०८१।१२।३०	८६३५	४१३२	२६७२	६८०३	७९
२	चारबाहिनीचोक देखि पूर्व तर्फ पिपलचौतारा हुदै समावेशी टोल सम्म सडक मर्मत	थापामल्टी प्रपोज कन्सट्रकसन एण्डसप्लायर्स प्रा.लि., त्रिपुरासुन्दरी २ डोल्पा	२०८२।०१।२८	२०८२।०२।२०	१३७८	०	०	०	०
३	नेपलागंजवडा नं.२३ जंगली सिं पूर्वदिखिल्याण्डफिल साइट जोड्ने सडक र नेपालगंज वडानं.२२ किङ्गरियनपूर्वा मुलबाटो निर्माण योजना	राप्तीगणेश कन्स्ट्रक्सन, नेपालगंज-१८, बाँके	२०८१।११।०१	२०८२।०३।१५	४४६१	१४४९	०	१४४९	३२
४	नेपालगंजवडा नं. १० औधोगिक क्षेत्र दक्षिणरतन रावलको घरदेखि पश्चिम सडक निर्माण योजनावडा नं. १०	राप्तीगणेश कन्स्ट्रक्सन, नेपालगंज-१८, बाँके	२०८१।११।०१	२०८२।०३।१५	४०९५	०	०	०	०
५	नेपालगंजवडा नं.१ खजुरा रोड डेन्टल हस्पिटल, सेन्ट थोमस हुँदै जिल्ला प्रहरीकार्यालयजोडने सडकनिर्माण वडा नं.१	वाईएण्ड भि ईन्फ्रा एण्ड मल्टिप्रपोजप्रा.लि,नेपालगंज- २०, बाँके	२०८१।११।१८	२०८२।०३।१५	४७५४	१५०३	०	१५०३	३२
६	नेपालगंजवडा नं.१८ कृष्ण विष्टको घरहुँदैनिर्माणाधिन तिरुपाती बालाजी मन्दिर जोडने सडकनिर्माण योजना	प्रेमराजईन्जिनियर्स एण्ड कन्स्ट्रक्सनप्रा.ली,नेपालगंज-२, बाँके	२०८१।११।८	२०८२।०३।१५	६५४२	५५९६	०	५५९६	८६
७	बसपार्कदेखि सुर्जीगाउँ जाड्ने बाटो रविद्युत देखि उत्तर सडक स्तरोउन्नती कार्य वडानं. ४,१९	निरजएण्ड निराजन बिल्डर्स, नेपालगञ्ज १८ बाँके	२०८१।०९।२८	२०८२।०३।१५	१३५८७	११९२३	१४२४	१२५४८	९२
८	वडानं. १० सुर्खेत रोडदेखि आदर्श मा.बि.हुदै पूर्ब जाने सडक निर्माण	कालिकानिर्माण सेवा,नेपालगंज-१, बाँके	२०८१।१२।०३	२०८२।०३।१५	२१९२	१४२०	०	१४२०	६५
९	वडानं. २ अप्सरा होटलको उत्तर खानेपानीसंस्थान देखि उत्तर जाने बाटो निर्माण	मान्सिएण्ड पुर्वान्सी कन्स्ट्रक्सन,नरैनापुर-४, बाँके	२०८१।११।१५	२०८२।०३।१५	२१५१	७२२	०	७२२	३४
१०	वडानं. ७ को पिपलचौतरा देखि पश्चिमकोबाटो निर्माण	पुन/मष्टोजे.भी.,खजुरा- ४, बाँके	२०८१।१२।१५	२०८२।०३।१५	२१११	१०९	०	१०९	५
११	१०८फिटे हनुमान मुर्ति निर्माण कार्य	जम्बुदिपकन्सट्रक्सन प्रा लि बसुन्धाराकाठमाँडौ	२०७९।१२।०३	२०८३।०६।३०	१४०४६४	१०१७५५	५७४२	१०७४९७	७७
१२	बागेश्वरी चिल्ड्रेन पार्क निर्माण न्यरोड	बागेश्वरीकालभैरव कन्स्ट्रक्सन नौबस्ता ८ बाँके	२०८०।०९।२३	२०८१।०८।१३)	३७१६	२३६०	०	२३६०	६४

४१ बिल भरपाइ तथा खर्चको पुष्ट्याईं

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ।पालिकाले विभिन्न शीर्षकको भुक्तानी खर्चको प्रमाणकागजात तथा गोश्वारा भौचरहरु आगलागीको कारण नष्ट भएको जनाएकोमा आन्तरिक लेखापरीक्षण प्रतिबेदन समेतमा नष्ट भएका प्रमाण तथा भौचरहरु शीर्षकगत रुपमा पहिचान गरिएको देखियो । नमुना छनौट गरी लेखापरीक्षण गर्दा आन्तरिक लेखापरीक्षणमा नष्ट भएको भनी उल्लेख भएका भौचरको अतिरिक्त केही कारोवारको गोश्वारा भौचर प्रमाणकागजात लगायत संलग्न नभएको तथा केहि कारोवारको सम्बन्धमा थप प्रमाण कागजात पेश गर्नुपर्ने देखिन्छ। अत: निम्नानुसारको खर्च सम्बन्धमा पुष्ट्याईं पेश गर्नुपर्ने देखिएको रु

शिर्षक	मिति	भौन	कार्यक्रम	रकमरु	कैफियत
पालिकापुजीगत	०३/२१/२०८२	२७७	जय जनता मा.वि र धम्बोजी माध्यमिक विद्यालयका लागि डेस्क बेञ्च खरिद बापतको रकम भुक्तानी	४९४६५१	हस्तान्तरणफारामा तथा विद्यालयको दाखिला प्रतिवेदन फाराम संलग्न नभएको
पालिकापुजीगत	०३/२१/२०८२	२७९	हनुमान आविका लागि वाटर कुलर र फिल्टर खरिद बापतको रकम भुक्तानी	९८६५०	हस्तान्तरणफारामा तथा विद्यालयको दाखिला प्रतिवेदन फाराम संलग्न नभएको
पालिकापुजीगत	०८२/०३/२१	२८१	दारुम उलुमफैजुन्बी मस्जिद ईदगाहमा मेशिनरी औजार उपलब्ध गराईएको रकम भुक्तानी	९६९००	हस्तान्तरणफारामा तथा दाखिला प्रतिवेदन फारामसंलग्न नभएको
पालिकापुजीगत	०३/२३/२०८२	३०२	मदरसाहरुकोलागि फर्निचर खरिद बापतको रकम भुक्तानी	४५३८५७	हस्तान्तरणतथा दाखिला नभएको
पालिकापुजीगत	०३/२४/२०८२	३०५	मदरसाहरुलाईवितरण गर्ने प्रयोजनका लागि	७५००१२	हस्तान्तरणतथा दाखिला नभएको
पालिकापुजीगत	०३/२४/२०८२	३२१	खानेपानिकालागि नल्का खरिद तथा वितरण कार्यक्रम	४७५३४५	५७ सेटह्याण्डपम्प वितरण भरपाइ तथा जडान प्रतिवेदन संलग्न नभएको
संघीयपुजीगत	०३/२५/२०८२	४१	बाँकेजिल्ला नेपालगन्ज १धम्बोजी स्थित ओमप्रकाश चन्दको घर देखि डोन्द्रनाला हुँदै दिलब. खत्रीको घरसम्मको सडक स्तरोन्नती	१००१३३२	फाइलसंलग्न नभएको
संघीयपुजीगत	०३/२५/२०८२	४४	राँझाविमानस्थल लायन्स क्लब छेउ प्रवेश द्वार निर्माण कार्यको अन्तिम भुक्तानी .	१५६३८४६	,,
संघीयपुजीगत	०३/२५/२०८२	४५	छ कुने चोकदेखी एयरपोर्ट जाने ग्राभेल बाटोको उत्तर खण्ड	२१८७२३६	,,
संघीयपुजीगत	०३/२५/२०८२	४६	बाँकेजिल्ला नेपालगन्ज राँजा रत्नराजमार्गवाट मनकामना ग्यास फ्याक्ट्री हुदैज्ञानपूर जाने नालीसहितको सड्क स्तरोन्नती अन्तिम भुक्तानी	२६१५५११	,,
संघीयपुजीगत	०३/२५/२०८२	४७	संघियअनुदानका कार्यक्रम सञ्चालनका क्रममा भएको खाना खर्चको विवरण भुक्तानी	५७५२२६	,,
प्रदेशचालु	०३/२०/२०८२	१५	भैसिप्रबर्द्धन कार्यक्रम अन्तर्गतको माया भैसी पालन फर्मको अनुदान	१९८८७३	पुजीगतप्रकृतिको कार्यको मुल्यौंकन तथा श्रेस्ताकागजात नभएको
प्रदेशचालु	०३/२०/२०८२	१६	भैंसीप्रवर्द्धन कार्यक्रम (वडा नं. १४ र २०) अन्तगर्त बज्रंगवली भैसि पालन फर्मलाईअनुदान रकम	१९८२६५	,,
प्रदेशचालु	०३/२०/२०८२	१७	भैंसीप्रवर्द्धन कार्यक्रम (वडा नं. १४ र २०) अन्तर्गत अशोक पशुपालन फर्मलाई अनुदानरकम	१९८८२२	,,
प्रदेशचालु	०८२/०३/२०	१८	भैंसीप्रवर्द्धन कार्यक्रम (वडा नं. १४ र २०) अन्तगर्त गिता पशुपालन फर्मलाई अनुदानरकम भुक्तानी	१९८५१६	,,
प्रदेशचालु	०३/२०/२०८२	१९	भैंसीप्रवर्द्धन कार्यक्रम (वडा नं. १४ र २०) अन्तगर्त जगदम्बा पशुपालन फर्मलाईअनुदान रकम भुक्तानी	१९९३३७	,,
प्रदेशचालु	०३/२२/२०८२	२१	बिजयपशुपालन फर्मलाई भैसि प्रबर्द्धन कार्यक्रमको अनुदान	१९९३०६	,,
प्रदेशचालु	०३/२२/२०८२	२२	भैंसी प्रबर्द्धन कार्यक्रमको अनुदान बिर्मा पशुपंक्षी पालन फर्म	१९२८७७	,,
प्रदेशचालु	०३/२३/२०८२	२३	उद्यम सम्बर्द्धन केन्द्रकोलागि आवश्य मेशिनरी औजार खरिद	९४५५३९	,,
प्रदेशचालु	०३/२३/२०८२	२४	भैंसी प्रबर्द्धन कार्यक्रमको अनुगमन मुल्याङ्कन बापतको रकम भुक्तानी	१५३३११	,,
				१२७९७४१२	

प्रमाण पेश नगरेको	१,२७,९७,४१२

४२ **बजार व्यवस्थापन तथा राजश्व संकलन सेवा करारको निरन्तर**

नेपालगञ्ज उप-महानगरपालिका र न्यू वागेश्वरी सरसफाई एण्ड सेक्युरिटी सर्भिसेज प्रा.लि., वाँके विच नगरपालिकाको वजार व्यवस्थापन तथा राजश्व संकलन कार्यका लागि जनशक्ति उपलब्ध गराउने सम्वन्धमा मिति २०८०/०६/१४ को सम्झौता गरेको देखियो । सुरुमा सम्झौता गर्दा सम्झौता अवधि १० महिनाको रहने उल्लेख भएको देखिन्छ। सम्झौताको म्याद मिति २०८१/०४/२० मा सकिनुपर्नेमा उप-महानगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन, २०८० मा तोकिएको दरवन्दी संरचना अनुसार नगर

प्रहरी पदपूर्तिका लागि प्रकृया अगाडि बढाउने र सो जनशक्ति पदपूर्ति भई कामकाजमा बहाल नहुँदा सम्मका लागि म्याद थप गर्ने निर्णय पालिकाको १४ औ अधिबेशन मिति २०८१।३।२९ अनुसार थप गरेको देखियो ।

• पालिकाले बर्षभरी उक्त सम्झौता अनुसार रु ९५,१९,१२० भुक्तानी गरेको देखियो । गतवर्ष भएको सम्झौताको शर्त अनुसार उक्त सेवा प्रदायक संस्थाले ३० जना जनशक्तिहरु दैनिक उपलब्ध गराउनु पर्ने तथा सोको हाजिर विवरण समेत पेश गर्नुपर्ने उल्लेख भएकोमा सम्बन्धित फाइलसाथ हाजिरी लगायतको प्रमाणकागजात संलग्न भएको जनाएकोमामा आगलागीवाट नष्ट भएको भनी पेश हुन आएन।

• वजार व्यवस्थापन तथा राजश्व संकलन कार्यका लागि जनशक्ति उपलब्ध गराउने प्रयोजनको लागि उक्त फर्मसँग सम्झौता भएकोमा प्रत्येक महिना परिचालित जनशक्तिवाट राजश्व संकलनमा योगदान भएको योगदान तथा उपलव्धी सम्बन्धमा बिश्लेषण गरेको देखिएन। उद्येश्य अनुरुपको कार्य भएको पुष्ट्याइ संलग्न गरेर मात्र खर्च लेख्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

• गतविगतको सम्झौता अनुसारको म्याद थप गरी कार्य गरेको पालिकाले जनाएकोमा मुल सम्झौता, विल अफ क्वान्टिटिज लगायतको कागजात लेखापरीक्षणको क्रममा नष्ट भएको भनी पेश हुन आएन ।

४३ **मुख्य सडक सरसफाइ कार्यक्रम निरन्तरता**

४३.१ पालिकाले मुख्य सडक सरसफाइ गर्ने कार्यको लागि न्यु वागेश्वरी सरसफाई एण्ड सेक्युरिटी सर्भिसेज प्रालिसँग मासिक रु ७,०७,१६४ को दरले भुक्तानी गर्नेगरी मिति २०८०।०१।१६ देखि २०८१।१।१५ सम्म कार्य गर्ने गरी सम्झौता भएको थियो । नगरकार्यपालिकाको मिति २०८१।०१।१४ को निर्णयअनुसार नया खरिद प्रकृया नहुंदासम्म साविकै दरमा खरिद कार्य जारी राख्ने निर्णय अनुसार २०८१ चैत्रसम्म रु ६६,३३,६९६ भुक्तानी भएको छ । उपरोक्त गतविगतको सम्झौता अनुसार २०८१ चैत्रसम्म भुक्तानी भएको देखिएकोमा दररेट, भुक्तानी वखत पेश भएको कार्यविवरणको सुची, सम्झौताको शर्त लगायतको प्रमाणकागजात आगलागीमा नष्ट भएको भनि पेश हुन आएन।

४३.२ मुख्य सडक सरसफाइ कार्यक्रम (ठेन १।०८१।०८२):- मुख्य सडक सरसफाई कार्यको लागि आर्थिक वर्ष २०८१।०८२ देखि २०८२।०८३ क्रमागत कार्यको लागि पालिकाले मिति २०८१।१२।२९ मा सगरमाथा मल्टप्रपोज प्रालि मिनभवन काठमाडौसँग थप खरिद सम्झौता गरेको देखियो ।यस सम्बन्धमा देखिएका बेहोराहरु देहाय अनुसार रहेका छन:-

• उक्त अबधिको लागि रु ९०,५३,७१४ मा सम्झौता भएकोमा सम्झौताको मुख्य वुँदामा सम्झौता पश्चात् दोश्रो पक्षले सम्झौता भएको मितिदेखि १५ (पन्ध्र) दिन भित्र समग्र कार्यक्रमको कार्य योजना बनाई प्रथम पक्ष समक्ष पेश गर्नुपर्ने, सम्झौता पश्चात् दोश्रो पक्षले मुख्य सड़क सरसफाई कार्यमा उल्लेख भएका सड़क खण्डहरुमा दैनिक रुपमा जनशक्तिहरु ५ घण्टा प्रति दिन परिचालन गरी सडकमा झाडु लगाई सरसफाई गर्ने र उप-महानगरपालिकाले फोहर उठाउने व्यवस्था गर्ने, कुनै वस्तुगत सामाग्री वितरण गर्नुपर्ने क्रियाकलापको हकमा प्रथम पक्षसँग समन्वय र सहकार्यमा मात्र वितरण गर्ने, यस सम्झौता अनुसार सम्पादन गर्नुपर्ने कामको सवै वा कुनै भाग अरुलाई सुम्पिन नपाइने, नतिजामुलक उपलब्धि देखिने गरी कार्य संचालन गर्नुपर्ने,लक्ष्य अनुरुप प्रतिफलको प्रतिवेदन पेश गर्नुपर्ने, प्रथम पक्ष र सो पक्ष मातहतका वडा कार्यालयबाट अनुगमन गरी दिईएका सुझावहरु तथा निर्देशनहरुको पालना गर्नु दोस्रो पक्षको कर्तव्य हुने, बालवालिकाहरुलाई श्रममा प्रयोग गर्न नपाइने, श्रम ऐन, २०७४ तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट मिति २०८०/०४/२३ मा जारी भएको सूचना बमोजिमको श्रमिकले प्राप्त गर्ने सुबिधाहरु उपलब्ध गराउने र श्रम अडिट गराउने सम्पूर्ण दायित्व दोश्रो पक्षको हुने साथै प्रथम पक्षले माग गरेको बखत उक्त प्रतिवेदन उपलब्ध गराउनु पर्ने लगायतको ११ वुंदै सम्झौता गरेको देखियो ।

• लेखापरीक्षणको क्रममा सरसफाई शाखा आगलागीवाट नष्ट भएको सम्बन्धित शाखावाट जानकारी गराई उक्त खरिद व्यवस्थापन तथा मासिक अनुगमन, सम्झौताकर्तावाट भएको सर्त पालनाको भए/नभएको विवरण लगायत कागजात फाइल पेश हुन आएन। सम्झौताकर्तालाई केवल रनिङ विल संलग्न गरी प्रतिमहिना रु ७,५४,४७६ को दरले २०८१ बैशाख मसान्त देखि २०८२ असार

मसान्त सम्म रु २२,६३,३६८ भुक्तानी दिएको छ ।उपरोक्त खर्च भुक्तानी गर्दा सम्झौता अनुसारको प्रमाणकागजात संलग्न गरेर मात्र भुक्तानी लेख्नेतर्फ ध्यान दिनुपर्दछ।

४४ **चन्दा सहयोग लगायतको खर्च**

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानिय तहले आफ्नो कार्यक्षेत्र तथा अधिकार क्षेत्र अन्तर्गत मात्र सार्वजनिक श्रोतसाधन उपयोग गर्नुपर्ने तथा दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिका पुँजीगत तथा चालु शीर्षकमा बिनियोजित नगर कार्यपालिकाको निर्णयवाट कार्यान्वयन हुने कार्यक्रमवाट शीर्षक अन्तर्गत खर्च लेख्दा विभिन्न राजनीतिक दलहरुलाइ चन्दा, खर्च लगायतको भुक्तानी दिएको देखियो । यसरी एकमुष्ट वजेट राखी पटके निर्णय अनुसार चन्दा सहयोग लगायतको खर्च भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु

शीर्षक	कम्पोनेन्ट नं	कारोवार संख्या	रकम	कैफियत
पालिका पुँजीगत	६७१.२१.१.१०३९	३	८००१०	विभिन्न राजनीतिक दललाई चन्दा रु ८००१०
पालिका चालु	६७१.२१.१.१८९०	२	३५०००	विभिन्न चन्दा रु ३५०००
			११५०१०	

अनियमित भएको	१,१५,०१०

४५ **१३३।०८१।१२।२० पेश्की जफतमा व्याज जरिवाना गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले व्याज समेत लगाई असुल गरिने व्यवस्था रहेको छ। पालिकाले निर्माण व्यवसायी श्री राज विल्डर्सको सुर्खेत रोड गणेशमान चोक देखी कारकाँदो चोक सम्म फुटपाथ व्यवस्थापन तथा सौन्दर्यकरण कार्यको लागि पेश्की उपलव्ध गराएकोमा सम्झौता अनुसार फछ्यौट नगरेको तथा पेश्की जमानतको म्याद समेत नभएको निर्णय संलग्न गरी रु २,५०,००० मिति २०८१।१२।२० मा जफत गरी आन्तरिक खातामा दाखिला गरेको देखियो । निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार २०८०।०९।१६ मा निर्माण कार्य सुरु भइ सुरु म्याद २०८१।३।१५ सम्म म्याद भएको तथा म्याद थप समेतको अबधि मिति २०८१।७।३० सम्म रहेको देखिन्छ । उक्त प्रमाणकागजात अनुसार म्याद थप समेत सम्झौताको अबधि १० महिना रहेको तथा सम्झौताको सर्त SCC ५७.३ अनुसार सम्झौताको ८० प्रतिशत अबधि अर्थात २०८१।५।१६ सम्म पेश्की फछ्यौट गरिसक्नुपर्नेमा ७ महिना ढिलो भएको देखिएकोले वार्षिक १० प्रतिशतले हुने रकम अनुसार उक्त अबधिको व्याज रु १४,५८३ असुल गर्नुपर्ने देखिएको रु

असुल गर्नुपर्ने	१४,५८३

४६ **१७५।०११।२२, १०८ फिटे हनुमान मुर्ति निर्माण कार्य (ठेनं ४ ।०७९।०८०)**

यस निर्माण कार्यको लागि मुल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु ११,२४,१०,७५८ /- मा जम्वुदिप कन्सट्रक्सन प्रालि वसुन्धरा काठमाडौंसँग मिति २०७९।१२।३० मा सम्झौता भएकोमा सुरु निर्माण सम्पन्न अबधि २०८१।१२।०२ रहेको देखिन्छ।यस आर्थिक वर्षमा सुत्र प्रणाली अनुसार छैटौं रनिङ्ग विल बापत रु १,२७,७४,२७७ तथा सातौ विल को रु ५७,४२,१५४ भुक्तानी भएको देखिएकोमा सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन ।

४६.१ अभिलेख व्यवस्थापन:- लुम्विनी प्रदेश अभिलेख संरक्षण ऐन २०७६ को दफा ७ मा कार्यालयले आफ्नो कार्यालयमा भएका कागजातहरु सुरक्षित रुपले राख्ननुपर्ने उल्लेख छ।यस खरिद सम्झौताको वर्क सेड्युल, जमानत नविकरण सुची, प्रगति विवरण , विमा, म्याद कायम अबधि लगायतको स्पष्ट पार्ने कागजात लगायतको प्रमाणहरु स्पष्ट रुपमा राखेको देखिएन । यस सम्बन्धमा जिम्मेवार पदाधिकारीले जिम्मेवारी लिई स्पष्ट अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ।

४६.२ म्याद थप:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु ब्यवस्था छ । निर्माण कार्यको लागि तोकिएको अबधिमा निर्माण कार्य सम्पन्न नहुने उल्लेख गरी निर्माण व्यवसायीले म्याद थप माग गरेको तथा नगरसभाको १६ औ अधिबेशन मिति २०८१।०९।२० को निर्णय अनुसार खरिद सम्झौताको अबधी मिति २०८३।०६।३० सम्म कायम गरेको देखियो । म्याद थप गर्दाको बखत स्पष्ट प्राबिधिक कारण लगायतको विवरण संलग्न नगरी म्याद थप गरेको देखिएकोले नियममा भएको व्यवस्थाको पालना गरेर मात्र म्याद थप गर्नुपर्ने देखिन्छ। ।म्याद थपको बखत स्पष्ट रुपमा प्राविधिक पुष्ट्याईं तथा आवश्यकता समेत विश्लेषण गरी प्राबिधिक प्रतिबेदन समेत संलग्न गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४६.३ भेरिएसन:- सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११८ मा खरीद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परीस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भइ ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले नियमावलीको प्रकृया पुरा गरी भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था रहेको छ । भेरिएसन आदेशसाथ मुर्तिको डिजाईन र स्पेसिफिकेसनमा परिवर्तन भएको,सुरुको लागत अनुमान गर्दा कलाकारिता सम्बन्धी ज्याला, Water Proofing कार्य र मुर्ति Skin Casting को लागि Aluminum Mesh जालीको परिमाण छुट भएको उल्लेख गरी मिति २०८१।१०।१० को निर्णय अनुसार भेरिएसन आदेश जारी गरेको देखियो । भेरिएसनवाट सुरु सम्झौता रकम रु ११,२४,१०,७४८ रहेकोमा वढोत्तरी रु १४,०४,६३,७४३ कायम गरेको देखियो । यसरी डिपिआर तयारीका बखत पर्याप्त गृहकार्य गरेको नदेखिएको तथा लागत अनुमान तयारीका बखत पर्याप्त ध्यान दिएको देखिएन। यस सम्बन्धमा सम्बन्धित परामर्शदाता तथा जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाउनुपर्ने देखिन्छ।

४६.४ नया आइटमको दर विश्लेषणको आधार नभएको:- यस कार्यको लागि भेरिएसनवाट थप भएका आइटमहरु 1) Supply and Fabrication of Steel structure as instructed by engineer,2) Water proofing coating work with bonding chemicals over the whole body of statue, 3) labour charge for sculpture work including detailed modelling, art finishing of the statue work, includes shaping, sculpture detailing and finishing to meet aesthetic and structural requirements excluding all material for sculping. (This item being measured separately and does not influence other item like concreting, reinforcement and formwork etc.) लगायतको कार्य थप गरिएको देखिएकोमा उक्त आइटमको दररेट निर्धारणको आधारको लागि सम्बन्धित परामर्शदातले ५ वटा दर तथा पालिकाले ३ वटा दररेट लिएको देखियो ।संलग्न भएको मध्ये न्युनतम दरको आधारमा दररेट निर्धारण गरी निर्माण व्यवसायीसँग नेगोसियसन गरी दर कायम गरेको देखियो।

थप भएका आइटमको दरविश्लेषण संलग्न नभएकोले लागत अनुमानको आधारमा रुपमा संलग्न भएको दर तथा नेगोशियसन पश्चात कायम दर मितव्ययी छ भनि यकिन गर्ने आधार देखिंदैन । यस सम्बन्धमा पालिकासँग छलफल गर्दा दर विश्लेषणको आधार नदेखिएकोले उस्तै प्रकृतिको कार्य गर्ने संस्थासंग दररेट माग गरी पेश भए अनुसार न्युनतम दर अनुसार नेगोसियसन गरी संसोधित सम्झौता कायम गरिएको प्रतिकृया प्राप्त भएको छ ।

भेरिएसन वाट थप भएका आइटमहरु :-

आइटमको नाम	परिमाण	दर	रकम
1) Supply and Fabrication of Steel structure as instructed by engineer	793.42	253	200735
2) Water proofing coating work with bonding chemicals over the whole body of statue,	1523.13	462.68	704719
3) labour charge for sculpture work including detailed modelling, art finishing of the statue work, includes shaping, sculpture detailing and finishing to meet aesthetic and structural requirements excluding all material for sculping. (This item being measured separately and doesnot influence other item like concreting, reinforcement and formwork etc.	108	235000	25380000

४६.५ खर्च भुक्तानीको श्रेस्ता पेश नभएको:- यस आर्थिक वर्षमा हुनमानको मुर्ति निर्माण कार्यको छैटौं रनिङ्ग विल बापत रु १,२७,७४,२७७ भुक्तानी भएकोमा आगलागीवाट नष्ट भएको भनी लेखापरीक्षणको क्रममा श्रेस्ता पेश हुन आएन । थप भुक्तानीको बखत अध्याबधिक नापी किताव, रनिङ विल लगायतको प्रमाणकागजात संलग्न गरेर मात्र कार्य गर्नुपर्ने देखिन्छ।

४६.६ ३६१।०८२।३।२५ सातौ रनिङ विल- पालिकाले सातौ रनिङ विलमा रु ५०,८१,५५२ भुक्तानी गरेकोमा अध्याबधिक मुल्याङ्कन (मुअकर वाहेक) रु ९,२६,१७,८१९ रहेको देखिन्छ। सम्झौता रकम रु ११,७८,७३,७९२ (मुअकर वाहेक) अनुसार वित्तीय प्रगति ७८.५७ प्रतिशत मात्र प्रगति भएको देखिन्छ। निर्माण व्यवसायीले म्याद थप गर्दाको बखत वर्क सेड्युल पेश गरेको देखिएन। ।अत: जिम्मेवार पदाधिकारीले जिम्मेवार लिई नियमानुसार समयमै कार्य सम्पन्न गराउनुपर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४६.७ गुणस्तर परीक्षणको प्रमाण संलग्न नभएको:- निर्माण व्यवसायीले पेश गरेको विलहरुको गुणस्तर परीक्षण संलग्न भएको देखिएन। Quality assurance plan बमोजिम कार्य हुने प्रमाणकागजात संलग्न गरेर कार्य गर्नुपर्ने देखिन्छ।

४७ **३००।०८२।०३।२३ थप आर्थिक व्ययभार**

स्ट्यान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (संशोधन २०७५ समेत) को बुँदा न. १३१० १(A) अनुसार अनुसार कालोपत्रे सडकमा प्रयोग हुने प्रिमिक्स कार्पेटिङ २० एमएम उचाइसम्मको गर्ने गरी तोकेको छ। पालिकाले वाबुगाँउ जाने पिचदेखि गंगापुर हुंदै जाने पिचवाटो जोड्न कार्यमा प्रिमिक्स गर्दा ४० एम.एम. उचाई राखी भुक्तानी दिएको छ । उक्त कार्यको ११५.२ घ.मी. को प्रति घ.मी. रु १३००० का दरले रु १४,९५,२०१ भुक्तानी भएको छ । २० एमएम को प्रयोग गर्ने नर्म्स अनुसार नगरी ४० एमएम प्रिमिक्स कार्पेट गर्दा पालिकालाई मुल्य अभिबृद्धि कर समेत रु ७,१५,९६८ थप आर्थिक व्ययभार परेको रु......

अनियमित भएको	७,१५,९६८

४८ **१९।०८२।३।२५ प्रदेश पुँजीगत नेपालगञ्ज १ मुस्लिम टोल रचना श्रेष्ठको घरदेखि लियाकत अलीको घर हुँदै सुर्खेतरोड सम्म पक्की नाली (ठे.नं १३।०८१।०८२)**

यस निर्माण कार्यको लागि रु २४५०४७७ मा निर्माण व्यवसायीसँग मिति २०८१।११।२७ मा खरिद सम्झौता भएकोमा मिति २०८१।३।१७ सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा देखिएको लेखापरीक्षण अबधिसम्म दोश्रो रनिङ विल सम्मको अध्याबधिक भुक्तानी रु १५,८३,६३२ रहेको देखिन्छ। खरिद सम्झौताको उद्येश्य अनुरुप पुरा कार्य गर्नुपर्नेमा वजेट निकासा नभएको निर्णय संलग्न गरी ठेक्का अन्त्य गरेको देखियो ।बजेट नभएको कारण खरिद सम्झौताको अन्त्य उपयुक्त देखिंदैन।

४९ **बजेट कार्यान्वयन मार्गदर्शन अनुसारको खरिद व्यवस्थापन नभएको**

लुम्बिनी प्रदेश सरकार आर्थिक योजना तथा मामिला मन्त्रालयको आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन मार्गदर्शनको वुंदा (क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट अनर्गत सि. नं २. मा प्रदेश सरकारको स्रोतमा देखा परेको चापको कारणले गर्दा

आ.व. २०८१/८२ मा रु. ५ लाख वा सो भन्दा बढीको स्वीकृत सबै कार्यक्रमहरु प्याकेजिङ गरी अनिवार्य रुपमा सार्वजनिक प्रतिष्पर्धा गराएर मात्र कार्यक्रम कार्यान्वयन गराउनुपर्ने उल्लेख छ। पालिकामा प्रदेशस्तरीय योजना सशर्त शिर्षकमा विनियोजित वजेट अन्तर्गतको योजनामा नेपालगञ्ज १८ सडक विभाग पछाडि दुर्गा भगवती टोल सडक स्तरोन्नती, बाँके कार्यको लागि उपभोक्ता समितिसँग सम्झौता गरी रु २१,४९,९९४ भुक्तानी गरेको देखियो । अत: पालिकाले सम्बन्धित निकायको वजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सो अनुसारको कार्यविधि तथा निर्देशिका पालना गर्नेतर्फ नगरेको देखियो । अत: बजेट कार्यान्वयन मार्गदर्शनको पालना नभएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु

अनियमित भएको	२१,४९,९९४

५० **सुविस्ताको कारणबाट खरिद सम्झौता अन्त्य**

सार्वजनिक खरिद नियमावली २०६३ को दफा ५९ (४)मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक सार्वजनिक निकायले सार्वजनिक हितको लागी खरिद सम्झौता अन्त्य गर्नसक्ने व्यवस्था रहेको छ। पालिकावाट खरिद सम्झौता भएकामध्ये नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको खरिद सम्झौतामा सम्झौता अनुसार कार्यसम्पन्न नभएको देखिएकोमा कार्यालयलसंग प्रतिकृया लिंदा आगामी वर्ष विनियोजन नभएको, साइट क्लीयर नभएको लगायको कारण उल्लेख गरी न्यून कार्यसम्पादन भएको अबस्थामा सुविस्ताको आधारमा अन्त्य गर्ने २०८२।५।२० मा निर्णय गरेको देखियो । निम्नानुसारको खरिद सम्झौतामा रु २ करोड ७ लाख ६२ हजारको सम्झौतामा रु ९९ लाख ९१ हजारको कार्य मात्र भई बजेट विनियोजन नभएको तथा साइट क्लीयर नभएको कारण उल्लेख गरी सुविस्ताको आधारमा अन्त्य गर्ने निर्णय गरेको देखियो । बजेट विनियोजन नभएको अवस्थामा मात्र खरिद सम्झौता अन्त्य गर्दा सार्वजनिक खरिद कानुनको मूल मर्म अनुरुपको नदेखिने तथा उद्येश्यअनुरुपको प्रतिफल प्राप्त नहुन सक्ने देखिएकोले यस्तो प्रकारको निर्णय गर्दा पालिकाले यसवाट पर्नसक्ने असर समेतको विश्लेषण गर्नुपर्ने देखिन्छ।

क.सं	योजनाकोविवरण	सम्झौतामिति	सम्पन्नहुने मिति	सम्झौतारकम भ्याट सहित	हालसम्मकोभुक्तानी	प्रगतिप्रतिशत	खरिद कारवाही अघि नवढाउनुको कारण
१	सुर्खेतरोड गणेशमान चोक देखि कारकाँदो चोकसम्म फुटपाथ व्यवस्थापन तथा शौन्दर्यकरण	२०८०।९।१२	२०८२।२।३०	६१३७७०४	१०६५५०५	१७.३६	साइटक्लियर नभएको आदी कारण
२	नेपालगंज १मुस्लिम टोल रचना श्रेष्ठको घरदेखि लियाकत अलीको घर हुँदै सुर्खेत रोडसम्म पक्कीनाली	२०८१।११।२७	२०८२।३।१५	२५४०४७७	१५८३७३४	६२.३४	बजेटविनियोजन नभएको
३	नेपालगंज १पिपल चौतारा देखि तेज नगरसम्म कालोपत्रे	२०८१।११।०१	२०८२।३।१५	१५६७३२९	१२०१३५७	७६.६५	बजेटविनियोजन नभएको
४	बाँकेजिल्ला नेपालगंज १ बस्नेत चोक देखि शंकर निवाससमेत रानाचोकबाट आउने सडक जोड्नेबाटो स्तरोन्नती	२०८१।११।१९	२०८२।३।१५	१८४९८८३	५१०३८३	२७.५९	बजेटविनियोजन नभएको
५	बाँकेजिल्ला नेपालगंज १ धम्बोजि स्थित ओमप्रकाश चन्दको घरदेखि डोन्द्रानाला दिलबहादुर खत्रीको घरसम्मको सडक स्तरोन्नती	२०८१।११।२५	२०८२।३।१५	१५६६८८२	१००१३९४	६३.९१	बजेटविनियोजन नभएको
६	बाँकेजिल्ला नेपालगंज राँझा रत्न राजमार्गबाट मनकामना ग्यास फ्याक्ट्री हुँदै ज्ञानपुर जाने नालीसहितको सडक स्तरोन्नति	२०८१।११।०६	२०८२।३।१५	३०२०८१७	२६१५४२४	८६.५८	बजेटविनियोजन नभएको
७	नटनपुर्वागाउँदेखि शुखराम पुर्वा हुँदै रामेश्वर पुर्वा जोड्ने सडक नाला सहित कालोपत्रेनेपालगंज २० बाँके	२०८१।११।०८	२०८२।३।१५	१९८४८९४	१६६५१२८	८३.८९	बजेटविनियोजन नभएको तथा साइट क्लियर नभएको
८	नेपालगञ्ज२० गायत्री नगरमा एकतर्फी नाला तथा २५० मि सडक पिसिसि र शान्ति टोलको ३५० मिटरपिसिसि बाँके	२०८१।११।२१	२०८२।३।१५	२०९४११८	३४८११३	१६.६२	बजेटविनियोजन नभएको कारण कार्यालयलाई थप अर्थिक भार नपर्ने गरी सुविस्ताका आधारमाद्ध गर्न उपयुक्त देखिएको
				२०७६२१०५	९९९१०३८		

५१ **वित्तीय व्यवस्था:-**

पालिकाले यस आर्थिक वर्षमा वित्तिय व्यवस्था अन्तर्गत नगर विकास कोषलाइ ऋण वापत रु १ करोड ४९ लाख ९० हजार तथा व्याज वापत रु २ करोड १० लाख भुक्तानी गरेको देखियो। नगर विकास कोषको मिति २०८१।९।२ चनं ६८६ को पत्र अनुसार ऋण रकम रु २० करोड ७० लाख ३६ हजार बाँकी रहेको देखिन्छ । पालिकाले ऋण प्राप्त भएको अबधिदेखि हालसम्मको अध्याबधिक ऋण तथा

साँवा चुक्ताको विवरण आगलागीवाट नष्ट भएको भनि पेश हुन आएन, सो कारण ऋण तथा साँवा चुक्ताको स्थिति भिडाइ हेर्ने आधार भएन ।आगामी भुक्तानीको बखत प्रमाणकागजातहरु थप व्यवस्थित गरि पारदर्शी तवरले कार्य गर्नुपर्ने देखिन्छ।सम्झौता अनुसार साँवा समेतमा ध्यान दिइ व्याजको व्ययभार घटाउनुपर्ने देखिन्छ।

५२ तालिम तथा कार्यक्रम सञ्चालन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना संचालन गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने विषयमा प्राथमिकता दिई योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ ।नमुना छनौटका आधारमा परीक्षण गर्दा यस आ.ब मा विभिन्न वडामा देहायका तालिम कार्यक्रम संचालन वापत देहायबमोजिम भुक्तानी भएको छ।खर्च रकमको कार्यक्रमगत मिति, तेरिज तथा भरपाई स्पष्ट तयार गरेको देखिएन। कार्यक्रममा छनौट भएका लाभग्राहीहरू पीडित तथा विपन्न वर्ग वा लक्षित समुदायका भए नभएको, उक्त कार्यक्रमको प्रभाकारिताको सम्बन्धमा पालिकाले निश्चित नगरेको तथा गरिएको अनुगमनको सम्बन्धमा विस्तृत जानकारी हुने गरी प्रतिवेदन तयार नगरेकोले उद्येश्य अनुरुप कार्य भए/ नभएको यकिन हुन सकेन। यस तालिमबाट महिलाहरुमा भएको रोजगारी सिर्जना, सो बाट भएको आर्थिक विकास र तालिम लिएपश्चातको उपलब्धी भए नभएको सम्बन्धमा पालिकाबाट निरन्तर अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

गो.भौ.नं/मिति	खर्च शिर्षक	कार्यक्रम	रकम रू.	भुक्तानी पाउने
३७०। २०८२ ।०३।२३	नमूना बस्तीका दलित, अल्पसंख्यक, अतिसिमान्तकृत, सिमान्तकृत समुदायका, लैंगिक हिंसा र मानव बेचविखनबाट पीडित प्रभावित र विपन्न महिलाहरुका लागि रोजगारमूलक तालिम (वस्तुगत टेवासमेत)5,नेपालगंज उपमहानगरपालिका वडा नं. ६, फुलटेका बाँके,लुम्बिनी प्रदेश	क्रिस्टल पोते र मोतिका सामग्री बनाउने ७ दिने तालिम सञ्चाल	२७४४५६	
३७१। २०८२ ।०३।२३		ब्युटिपार्लर तालिम	३९२३६४	
३२१। २०८२ ।०३।१७	गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन	च्याउ खेती तालिम ,व्यूटी पार्लर तालिम कार्यक्रम र हस्तकलामा आधारित ढकिया बनाउने तालिम कार्यक्रम	४२३१४७	
३८९। २०८२। ०३।२५	कस्गर समुदायका व्यक्तिहरुको जिविकोपार्जनको लागि सवलिकरण कार्यक्रम	कसगर समुदायका ब्याक्तिहरुको जिविकोपार्जनका लागि सबलिकरण कार्यक्रम अन्तर्गत महिलालाई सिप अभिबृद्धि (ब्युटिसियन तालिम)	४९८०००	सामूहिक अभियान नेपाल, बाँके
३८७। २०८२। ०३।२५		कसगर समुदायका ब्याक्तिहरुको लागि अनौपचारिक शिक्षा कार्यक्रम	४९५३००	सभ्य समाज नेपाल

५३ पेश्की व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था रहेको छ । सोही नियमावलीको नियम ४७ (१) मा कुनै व्यक्ति वा संस्थाले सरकारी कामको लागि पेश्की लिनुपर्दा कुन कामको लागि के कति रकम चाहिने हो त्यसको यकिन विवरण खुलाई कार्यालयमा निवेदन दिनुपर्ने, उपदफा २ मा निवेदनसाथ संलग्न विवरणको आधारमा कार्यालय प्रमुखले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकम भन्दा बढी नहुने गरी पेश्की दिनुपर्ने, उपनियम ४ मा पेश्की लिने व्यक्ति वा संस्थाले कार्यसम्पन्न भएको १५ दिनभित्र आफूले काम गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल भरपाई र कागजात सहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने र कार्यालयले आवश्यक जाँचबुझ गरी सात दिनभित्र पेस्की फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था रहेको छ।नमुना परीक्षण गर्दा पालिकाले एकै व्यक्तिलाई विभिन्न कार्यक्रमका लागी एकै पटक वा पटक-पटक पेश्की दिएको, केही पेश्की फछ्यौट गर्दा खर्चको तेरिज तयार नगरेको, स्पष्ट ढंगमा कार्यक्रमको प्रतिबेदन तयार नगरेको जस्ता बेहोरा देखिएका

छन।यस सम्बन्धमा जिम्मेवार पदाधिकारी समेतले ध्यान दिइ पेश्की व्यवस्थापन गर्नुपर्ने देखिन्छ।यस सम्बन्धमा देखिएको उदाहरण देहायबमोजिम छः

गो भौ नं मिति	कार्यक्रमको नाम	भुक्तानी पाउने	रकम रु
६४। २०८१। ०८। १९	समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण एवम् घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम। क्षयरोगका जोखिम समुह तथा स्वास्थ सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम। घरपरिवारका सदस्यहरूको सम्पर्क परिक्षण, एवं पाँच वर्ष मुनिका बालबालिमा क्षयरोग	बिनोद कुमार बि क	८०३६०
	कम्युनिटि डट्स कार्यक्रम कार्यक्रम संचालन, र महानगर, उपमहानगर तथा नगरपालिकाका स्वास्थ्यकर्मिहरू लाइ क्षयरोग मोडुलर तालिम		२१५९२०
	आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, रेकर्डिङ तथा रिपोर्टिङका लागि फर्म फरमेट छपाइ, ई-टि.बि रजिस्टरअध्यावधिक, विश्व क्षयरोग दिवस सम्बन्धी कार्यक्रम, स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण, क्षयरोगका कार्यक्रमको अर्ध बार्षिक समिक्षा तथा कोहर्ट		१९१९२०
७३। २०८२। ०९। ०२	वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाई सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी समुदायस्तरमा गहण अभिमुखीकरण कार्यक्रम	कमल सिंह नेपाली	११५२००
	अन्तर्राष्ट्रिय आप्रवासी दिवसको उपलक्ष्यमा सचेतनामूलक तथा अन्तरक्रिया कार्यक्रम३		२४८००

५४ **जीविकोपार्जनका लागि सबलीकरण कार्यक्रम** (154-2081-11-23):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम भुक्तानी गर्दा सो सँग सम्बन्धित बिल, भरपाई, प्रमाण, कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कस्गर समुदायका व्यक्तिहरुको जिविकोपार्जको लागी सबलीकरण कार्यक्रम शिर्षकबाट माटोका भाँडा बनाउने मेशिन १८ थान खरिद गरे बापत जे बि सप्लायर्सलाई रु ९,५३,९९९ भुक्तानी गरेको पाइयो।उक्त सामान प्राप्त गरिसकेपछि स्पेशिफिकेसन अनुसार सामान आपुर्ति भए/ नभएको सुनिश्चित गरेको प्रमाण संलग्न गरेको देखिएन।उक्त मेसीनहरु वितरण गरिएका लाभग्राहीको विवरण समेत खुलेको छैन।मेसिनको सहि उपयोग भए नभएको पालिकाले निरन्तर अनुगमन गर्नुपर्दछ साथै लाभग्राहिले मेसीन बुझेको भरपाई पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	९,५३,९९९

५५ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने,सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ ।कार्यालयले रू.१५,७१,८६०/- मूल्य बराबरको मसलन्द सामाग्री खरिद गर्दा ऐन नियमको व्यवस्था पालना नगरी सोझै बजारबाट खरिद गरेको देखिएको छ । यसरी पालिकाबाट मसलन्द तथा कार्यालय सामाग्री सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

गो.भौ.नं/मिति	विवरण	सप्लायार्स	भुक्तानी रकम
१६७।२०८१।०७।१२	मसलन्द तथा कार्यालय सामाग्री खरिद	लक्की ट्रेडर्स	९९७३२
३१५।२०८१।०८।२४	मसलन्द तथा कार्यालय सामाग्री खरिद	श्री हनुमत स्टेशनर्स एण्ड अर्डस सप्लायर्स	९८७३९
४२०।२०८१।०९।१८	मसलन्द सामाग्री खरिद	श्री हनुमत स्टेशनर्स एण्ड अर्डस सप्लायर्स	९९४१४
४६६।२०८१।०९।२९	मसलन्द सामाग्री खरिद	श्री हनुमत स्टेशनर्स एण्ड अर्डस सप्लायर्स	९९७६७
४८०।२०८१।१०।०४	मसलन्द सामाग्री खरिद	ज्योती ट्रेडर्स	९३१५५
५४८।२०८१।१०।२४	मसलन्द सामाग्री खरिद	श्री हनुमत स्टेशनर्स एण्ड अर्डस सप्लायर्स	९७५७०
६२३।२०८१।११।२३	मसलन्द सामाग्री खरिद	ज्योती ट्रेडर्स	२२२१८४
६४०।२०८१।११।२०	मसलन्द सामाग्री खरिद	ज्योती ट्रेडर्स	८८८२७
६४३।२०८१।११।२०	मसलन्द सामाग्री खरिद	श्री हनुमत स्टेशनर्स एण्ड अर्डस सप्लायर्स	९९५९८
६५५।२०८१।११।२१	मसलन्द सामाग्री खरिद	लक्की ट्रेडर्स	९८७०८
१४०३।२०८२।०३।१९	मसलन्द सामाग्री खरिद	जोशी ट्रेडर्स एण्ड अर्डर सप्लायर्स	९६५१७
१४०४।२०८२।०३।१९	मसलन्द सामाग्री खरिद	लक्की ट्रेडर्स	९८९९९
१४०५।२०८२।०३।१९	मसलन्द सामाग्री खरिद	लक्की ट्रेडर्स	८५६६४
१४१०।२०८२।०३।२०	मसलन्द सामाग्री खरिद	जोशी ट्रेडर्स एण्ड अर्डर सप्लायर्स	९४२७५
१४६८।२०८२।०३।२२	मसलन्द सामाग्री खरिद	जोशी ट्रेडर्स एण्ड अर्डर सप्लायर्स	९८७११
जम्मा			**१५७१८६०**

५६ **बढी भुक्तानीः ५३८।२०८१।१०।२३**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सो सँग सम्बन्धित बिल, भरपाई, प्रमाण, कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले मानव अधिकार सम्बन्धी राष्ट्रियस्तरको २ दिने कार्यक्रममा सहभागी भए वापत नगर स्तरीय अपागंता संजाल नेपालगंज बाँकेलाई रू.४८,०००/- भुक्तानी दिएको छ ।श्रेस्तामा संलग्न कागजात बमोजिम रू.३६,७००/- को मात्र बिल भरपाई संलग्न भएकोले बाँकी रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	११,३००

५७ **वितरणमुखी खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना संचालन गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने विषयमा प्राथमिकता दिई योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ ।नमुना छनौट गरी परीक्षण गर्दा उप- महानगरपालिका तथा देहायका वडाहरुबाट जेष्ठ नागरिक तथा अन्य वर्गलाई कम्बल, झुल, साइकल लगायतका सामाग्री वितरण, विमा लगायत कार्यक्रममा रू.२३,६६,०५७/- भुक्तानी खर्च लेखेको छ ।यस्तो खर्चले नागरिकको जीवनस्तरमा प्रत्यक्ष उपलब्धी हाँसिल नहुने भएकोले कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा नियन्त्रण गरिनुको साथै यस्तो खर्च गर्दा वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ ।

वडा नं	भौचर नं	विवरण	भुक्तानी रकम रू.
पालिका	५६०।२०८१।१०।२८	वडा नं ३ र ७ को १५१ वटा आवासिय घरहरुको वीमा	१२१५९३
४	३०।२०८१।१०।२४	मोहरम पर्वको अवसरमाकपडा वितरण	९४९२०
५	९०।२०८१।११।१३	३० जनालाई ट्राउजर वितरण खेलकुद शिर्षकबाट भुक्तानी	१९५००
५	१०४।२०८१।१२।२९	१४जनालाई टिसर्ट वितरण खेलकुद शिर्षकबाट भुक्तानी	११२००
५	११७।२०८२।०१।१०	१६जनालाई टिसर्ट वितरण खेलकुद शिर्षकबाट भुक्तानी	१२८००
५	१३०।२०८२।०२।१२	९५जना गरिव तथा विपन्न नागरिकलाई चामल, दाल, नुन, तेल वितरण	१९९८००
५	१३१।२०८२।०२।१२	१००जना ज्येष्ठ नागरिकलाई लत्ता कपडा वितरण	५००००
५	१९३।२०८२।०३।२४	३०० जनालाई २० लिटरको डस्टविन वितरण	१५००००
६	७५।२०८२।०३।२२	२६ जना अपाङ्गता भएकाव्यक्तिहरुलाई झुल तथा छाता वितरण	५००००
८	१५६।२०८२।०३।२४	३६ जना ज्येष्ठनागरिकलाई ब्ल्याङकेट वितरण	५००००
९	९६।२०८२।०३।०६	१५८ जना ज्येष्ठनागरिकलाई झुल वितरण	८५०००
१०	६।२०८१।१०।०८	२६ जना जेष्ठनागरिकलाई च्यावनप्रास र ब्ल्याङकेट वितरण	९९८२६
११	३७।१०८१।११।१९	१५८ जना जेष्ठनागरिकलाई ब्ल्याङकेट वितरण	१३४३००
१३	८४।२०८२।०३।२३	१०९ जना ज्येष्ठ नागरिकलाई झुल र छाता वितरण	१०७९६८
१४	७३।२०८२।०३।१७	२१जना महिलाहरुलाई साइकल वितरण	१४९१००
१४	७६।२०८२।०३।१७	१२५जना जेष्ठ नागरिकलाई च्यावन प्रास,झुल वितरण	१०००००
१५	४१।२०८१।१२।१७	७२जना ज्येष्ठ नागरिकलाई ब्ल्याङकेट वितरण	११४१००
१६	३३।२०८२।१०।१०	६९जना ज्येष्ठ नागरिकलाई ब्ल्याङ्केट वितरण	१०००००
१७	९९।२०८२।०३।१६	६५जना एकल महिलाहरुलाई च्यावनप्रास,झुल,छाता वितरण	९९०००
१७	१००।२०८२।०३।१६	६०जना जेष्ठ नागरिकलाई च्यावन प्रास,झुल,छाता वितरण	९९०००
१९	१५७।२०८२।०३।२३	२७५ जना जेष्ठनागरिकलाई झुल वितरण	३०००००
२१	१४२।२०८२।०३।२५	७५ जना जेष्ठनागरिकलाई छाता झुल वितरण	९९९५०
२२	९३।२०८२।०३।२३	२८ जना जेष्ठ नागरिकलाई छाता र हर्लिक्स वितरण	२२०१९
२३	३९।२०८१।११।१२	७५ जना ज्येष्ठनागरिकलाई कम्बल वितरण	९६१६३
जम्मा			**२३६६०५७**

५८ अनुगमन भत्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(५) मा सरकारी रकम भुक्तानी गर्दा सो सँग सम्बन्धित बिल,भरपाई,प्रमाण कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले देहायबमोजिमको कार्यक्रम संचालन गर्दा निम्न रकमअनुगमन भत्ता वापत भुक्तानी गरेको छ । देहाय बमोजिमको कार्यक्रममा भुक्तानी गर्दा अनुगमन भएको प्रमाण बिना अनुगमन भत्ता वापतको रकम भुक्तानी भएको पाइयो । अतः कार्यक्रम अनुगमन भएको स्पष्ट प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रकम रू.

गो.भौ.नं/मिति	विवरण	कार्यक्रममा भएको भुक्तानी	अनुगमनमा संलग्न संख्या	अनुगमन वापत भएको खर्च
३७१।२०८१।०९।०७	सामुदायिक तथा धार्मिक विद्यालयको क्षमता विकास सम्बन्धी तालिम	२५५०९३	९ जना	३००००
३७४।२०८१।०९।०७	वि.व्य.स अध्यक्षहरुको क्षमता विकास तालिम	३९२३२५	१२ जना	४२०००
४६३।२०८१।०९।२९	धार्मिक तथा सामुदायिक विद्यालयको आधारभुत तहको शिक्षकको क्षमता विकास तालिम	१६६६०६	१२ जना	१८०००
४६५।२०८१।०९।२९	विद्यालय लेखा व्यवस्थापन तालिम संचालन	१८४५८२	१२ जना	१८०००
१३४६।२०८२।०३।१७	नसर्ने रोग सम्बन्धी अन्तरक्रिया तथा चेतनामुलक कार्यक्रम	२४२५००	१० जना	१००००
जम्मा				११८०००

प्रमाण पेश नगरेको	१,१८,०००

५९ **विज्ञापन वोर्ड रकम**

विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१(ख) र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६(क) मा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ। पालिकाले देहायको कार्यका लागि पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन खर्च अन्तर्गत विभिन्न समयमा बोलपत्र सम्बन्धी सूचनाहरु प्रकाशन वापत खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन।नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले विज्ञापन नियमावलीको व्यवस्था अनुसार सूचना तथा विज्ञापन रकमको ३ प्रतिशत कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु.

गो.भौ.नं./मिति	विवरण	करयोग्य मुल्य	३ प्रतिशत कर
९६४।२०८२।१।१४	नमस्ते क्रियशन एण्डएडभरटाइजिङ्ग प्रा.लि. काठमाडौं	४६६८८०	१३९८०
९८२।२०८२।०१।१४	नमस्ते क्रियशन एण्डएडभरटाइजिङ्ग प्रा.लि. काठमाडौं	२०२५००	६०७५
१०३१।२०८१।०१।२४	समिट क्रिएसन	२०२५००	६०७५
१४०६।२०८२।३।१९	सहकार्य मिडिया सर्भिस	१०८०००	३२४०
जम्मा			**२९३७०**

असुल गर्नुपर्ने	२९,३७०

६० **जरिवाना रकम भुक्तानी**

लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिकाको बुँदा नं-२० मा सार्वजनिक निकायले पानी, बिजुली तथा टेलिफोनको महशुल तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा त्यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमानुसारको छुट लिनुपर्ने र सो भुक्तानीमा मितव्ययीता नअपनाएका कारणले विनियोजित बजेट भन्दा बढी खर्च भई बक्यौता रहेमा कार्यालय प्रमुख र लेखा प्रमुख जिम्मेवार हुने व्यवस्था रहेको छ।नमुना परीक्षण गरी लेखापरीक्षण गर्दा पालिका तथा वडास्तरको कार्यालयले देहायको भौचरबाट बिजुली तथा सवारी साधन नविकरण बापतको रकम भुक्तानी गर्दा जरिवाना रकम समेत भुक्तानी गरेकोले जरिवाना वापत भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको रकम रू.

कार्यालय	गो.भौ.नं/मिति	भुक्तानी रकम रू.	जरिवाना रकम रू.	कैफियत
पालिका	९।२०८१।०६।०८	२०४००००	१०२९३२	विद्युत रकम
पालिका	२५९।२०८१।०८।०९	८००००	११११५५	विद्युत रकम
वडा नं ११	२०।२०८१।०९।१४	५७२००	१८२००	सवारी साधन नविकरण
वडा नं ११	७३।२०८२।०२।१४	८७००	१३००	सवारी साधन नविकरण
वडा नं १२	१२४।२०८२।०२।०५	८००००	११७५१	विद्युत रकम
वडा नं १४	१०।२०८१।०८।१४	५००००	१००००	विद्युत रकम
वडा नं १४	२५।२०८१।१२।१३	५००००	७३०३	विद्युत रकम
वडा नं १५	७१।२०८२।०३।०९	३८६९६	.५६००	सवारी साधन नविकरण
वडा नं १८	९।२०८१।०८।०८	७५०००	१२४३०	विद्युत रकम
वडा नं १८	१००।२०८१।१२।१७	१६६००	२६००	सवारी साधन नविकरण
वडा नं २१	९६।२०८२।०३।०३	३१८७२	३९००	सवारी साधन नविकरण
जम्मा			**१८१५७२**	

अनियमित भएको	१,८१,५७२

६१ तालिम संचालनमा मितव्ययिता

सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ को दफा २१(२) मा कार्यक्रम सञ्चालन गर्दा उपलब्ध भएसम्म सरकारी निकायका तालिम हल वा सभाहलमा गर्नुपर्नेछ र त्यस्ता तालिम हल वा सभाहल उपलब्ध नभएमा सेवा शुल्क नलाग्ने गरी सरकारी निकाय बाहेकका अन्य संस्थाका हलमा सञ्चालन गर्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न तालिम कार्यक्रम संचालन गरेकोमा नमुना छनौट गरी परीक्षण गर्दा आफ्नै हल, सरकारी कार्यालयका हल, आवासीय तालिम केन्द्रहहरुको हल तथा आवास प्रयोग नगरी होटल तथा रिसोर्टलाई आवासको रुपमा प्रयोग गरेको पाईएकोले खर्च व्यवस्थापन निर्देशिकाको व्यवस्था बमोजिम मितव्ययी हुने गरी तालिम कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

गो.भौ.नं र मिति	कार्यक्रम	होटल तथा रेष्टुरेन्ट	हल भाडा
७४९।२०८१।१२।०४	सभा सञ्चालन खर्च- नगर सभाको १६ औ अधिवेशन	सिद्धार्थ कटेज तथा रेष्टुरेन्ट	२२०००
८७२।२०८१।१२।२७	३ दिने गाई/भैंसी पालन तालिम	स्वास्तिक कटेज	९०००
९३१।२०८२।०१।०९	७ दिने सहकारी लेखापालन तालिम	होटेल स्वास्तिक	२८०००
९८४।२०८२।०१।१५	३ दिने बाख्रा पालन तालिम	स्वास्तिक कटेज	९०००
१०७१।२०८२।०२।१३	५ दिने प्रारम्भिक कक्षा सिकाई कार्यक्रम तालिम	स्वास्तिक कटेज	२००००
१११६।२०८२।०२।१८	पाठ्यक्रम पाठ्यपुस्तक प्रवोधिकरण	स्वास्तिक कटेज	२००००
११५८।२०८२।०२।२८	विषयगत शिक्षक समुह कार्यशाला मा.वि. र नि.मा.वि कार्यक्रम संचालन	स्वास्तिक कटेज	२४०००
११७१।२०८२।०३।०१	३ दिने सहकारी नेतृत्व तथा व्यवस्थापन विकास कार्यशाला	सिद्धार्थ कटेज एण्ड रेष्टुरेन्ट	२१०००
११९८।२०८२।०३।०३	७ दिने द्वन्द्व पिडित बेपत्ता तथा एकल महिलाका लागि अचार बनाउने तालिम	होटेल स्वास्तिक	२१०००
१२००।२०८२।०३।०३	४ दिने EMIS सम्बन्धि तालिम	स्वास्तिक कटेज	१६०००
१२६०।२०८२।०३।०७	६ दिने महिला, बालबालिका तथा किशोरीहरुको सशक्तिकरण कार्यक्रम	भिउ सुनाखरी होटेल एण्ड रेष्टुरेन्ट	२४०००
१३६५।२०८२।०३।१८	१५ दिने पूर्व लागुऔषध प्रयोगकर्तालाई सीपमुलक तालिम	द किचन टप्स रेष्टुरेन्ट एण्ड पार्टी प्यालेस	४५०००
जम्मा			**२५९०००**

६२ **अवलोकन भ्रमण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना संचालन गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने विषयमा प्राथमिकता दिई योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ ।उत्पादनमुखी तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाई प्राथमिकता दिनुपर्नेमा नमुना परीक्षण अनुसार पालिका तथा विभिन्न वडाहरुले कर्मचारी तथा जनप्रतिनिधिको अवलोकन भ्रमणबाट बजेट विनियोजन गरी खर्च लेखेको छ । यस वर्ष अवलोकन भ्रमण कार्यमा बजेट विनियोजन गरी खर्च लेखेकोमा यस्तो अनुत्पादक क्षेत्रमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा देखिएका उदाहरणहरु देहाय बमोजिम रहेका छन ।

कार्यालय	विवरण	रकम रू.
पालिका	महिला स्वयं सेविकाको अवलोकन भ्रमण	२०००००
पालिका	सफल अभ्यास अनुगमनको लागि महिला उद्यमीको अन्तर जिल्ला भ्रमण	१५००००
वडा नं १	जनप्रतिनिधि रकर्मचारीको ६ दिने अवलोकन भ्रमण वापत भुक्तानी	२३५०००
वडा नं ३	जनप्रतिनिधि रकर्मचारीको ७ दिने अवलोकन भ्रमण वापत भुक्तानी	२१००००
वडा नं ६	जनप्रतिनिधि रकर्मचारीको ६ दिने अवलोकन भ्रमण वापत भुक्तानी	२०००००

६३ अध्ययन प्रतिवेदन र सफ्टवेयरको जिन्सी दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त भएको जिन्सी मालसामानको उपयुक्त वर्गीकरण अनुसार आम्दानी बाध्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले तपशील बमोजिम अध्ययन प्रतिवेदन र सफ्टवेयर निर्माँण गरी भुक्तानी भएकोमा सो प्रतिबेदनहरु PAMS को खर्च भएर नजाने जिन्सी खातामा दाखिला गर्नुपर्नेमा सो भएको नपाइएकोले देहायबमोजिमको अध्ययन प्रतिबेदनको जिन्सी दाखिला गरी सो को प्रमाण पेश गर्नुपर्ने रकम रू.

क्र.सं	गो.भौ.न र मिति	अध्ययन प्रतिवेदन तथा सफ्टवेयरको विवरण	भुक्तानी रकम
१	८१०।२०८१।१२।१३	वडा नं २ र ४ को Emergency Response Map तयारी	४८५०००
२	११३०।२०८२।०२।२१	वडा नं २० को Control Point Densification को प्रतिबेदन	२४६३४०
३	१३७२।२०८२।०३।१९	वडा नं १ र ५ को Risk and vulnerability assessment using technology प्रतिबेदन	४५२०००
४	१६७६।२०८२।०३।२५	वडा नं २ को मेट्रिक हाउस नम्बरिङ प्रणाली सर्भे रिपोर्ट तथा अध्ययन	३९३८०५
५	१६७८।२०८२।०३।२५	वडा नं १-१३ नेपालगञ्ज ड्रेनेज नेटवर्क प्लानिङको तयारी	७९१०००
		जम्मा	२३६८१४५

प्रमाण पेश नगरेको	२३,६८,१४५

६४ प्रमाण संलग्न नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल, भर्पाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिमका क्रियाकलाप गरी खर्च भएको देखिन्छ। लेखापरीक्षणको क्रममा देहायका क्रियाकलापमा उल्लेख भए बमोजिमका प्रमाण कागजात पेश हुन नआएकोले उक्त प्रमाण कागजात पेश गर्नुपर्ने रु.

गो.भौ.नं/मिति	विवरण	रकम	कैफियत
१६५४। २०८२। ०३।२५	कर्मचारी बैठक भत्ता	२१०००	कार्यालयको सेनीटरीप्याड खरिद तथा ट्याक्टर खरिद प्रकृयामा मूल्याँकन समितिको बैठक बसेको भनी बैठक खर्च भएकोमा प्रमाण कागजात संलग्न भएको नदेखिएकोले प्रमाण कागजात पेश गर्नुपर्ने
१६६०। २०८२। ०३।२५	सुचना प्रसारण	२७०००	रेडियो कृष्णासार एफएम बाट दैनिक ६ पटक तीन महिना सम्म 'नगर क्षेत्रभित्र सञ्चालित व्यावसाय तथानयाँ व्यवसाय सञ्चालन गर्नुपूर्व उपमहानगरपालिकामा व्यवसाय दर्ता गर्ने' सुचनाप्रशारण गर्ने गरी मिति २०८१ चैत्र ११ गते सम्झौता भएको देखिन्छ। सम्झौता बमोजिमप्रशारण गरेको सम्बन्धमा प्रमाण पेश गरेको देखिएन। त्यसैले उक्त सम्झौता बमोजिमसूचना प्रसारण गरेको प्रमाण पेश गर्नुपर्ने

प्रमाण पेश नगरेको	४८,०००

६५ छाडा चौपाया व्यवस्थापन

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ मा स्थानीय स्तरमा वातावरण संरक्षण गर्ने तथा पशु स्वास्थ्य व्यवस्थापनको भूमिका तोकिएको छ । पालिकाले आफ्नो क्षेत्रका सडकमा छाडिएका चौपायको संरक्षण तथा व्यवस्थापन गर्न कान्जी हाउसमा भएको छाडा पशु व्यवस्थापन शिर्षकबाट छाडा पशुको आहार तथा पशु सेवकको पारिश्रमिक वापत जम्मा रू.२५,०६,२२१/- भुक्तानी भएको छ । पालिकाबाट पेश भएको विवरण बमोजिम गाई र घोडा गरी कुल १३० वटा पशु रहेका छन् । कान्जी हाउसमा भएका छाडा चौपाया मध्ये जरिवाना तिरी छुटाई लगेको राजश्व तथा गोबर मलको बिक्रीबाट यस आ.ब मा रू.३४,९७५०/- राजश्व प्राप्त भएको छ । चौपायाको अभिलेख व्यवस्थापन अद्यावधिक गर्नुपर्ने तथा चौपायाको उपजलाई व्यवस्थित गरी सोबाट प्राप्त रकमबाट धान्न सकिने गरी छाडा चौपायाको व्यवस्थापनमा पालिकाको ध्यान जानुपर्दछ ।

६६ अन्य संस्था मार्फत कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिष्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिष्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा यस पालिकाले अन्य निकाय मार्फत कार्य गरेको खर्च भुक्तानी दिएको छ ।पालिकाले आफ्नो शाखामा भएको जनशक्ति परिचालन गरी यस्ता प्रकृतिको कार्यक्रम संचालन गर्नुपर्दछ । नमुना छनौट गरि परीक्षण गर्दा देखिएका उदाहरणहरु:-

गो.भौ.नं/मिति	विवरण	भुक्तानी पाउने संस्था	रकम
१२४१।२०८२।०३।०५	महिला तथा बालबालिकाको नेतृत्व विकास तथा लागु औषध नियन्त्रण सम्बन्धी तालिम	नारी विकास केन्द्र	१९०३५०
१३६९।२०८२।०३।१९	लैंगिक हिँसा बिरुद्ध महिला वर्गलाई समुदाय स्तरमा चेतनामुलक अभिमुखीकरण कार्यक्रम	महिला जागृत सेल	१६८०००
१३७८।२०८२।०३।१९	जातीय छुवाछुत र भेदभाव बिरुद्धको सचेतना कार्यक्रम संचालन	त्रिनेत्र समृद्ध नेपाल	१८४०२४
१४९५।२०८२।०३।२२	एडभान्स व्युटीपार्लर तालिम संचालन	नारी विकास केन्द्र	३५००००
१५६५।२०८२।०३।२४	बालबालिका तथा किशोरी शशक्तिकरण कार्यक्रम संचालन	सुचना र मानव अधिकार अनुसन्धान केन्द्र	१८५१००
१५७०।२०८२।०३।२४	बुटिक र सगुनको सामान बनाउने तालिम	फातिमा फाउण्डेशन नेपाल	२०००००
१६४३।२०८२।०३।२५	साइबर क्राइम सम्बन्धी सचेतनामुलक कार्यक्रम	डटवर्कस टेक्नोलोजीज	४९५०००

६७ **प्रसुति गृह सञ्चालन अनुदानः ६२०।२०८१।११।०८**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई, कागजात संलग्न भएको वा नभएको वा संलग्न कागजात बमोजिम भुक्तानी दिनको लागि रीत पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले भेरी अस्पतालमा मातृ मृत्युदर कम गर्नको लागि प्रसूतीगृह सञ्चालन र जनशक्ति व्यवस्थापनको लागि सो अस्पतालको च.नं- ८०९।२०८१।०९।२३ पत्रबाट माग भएबमोजिम भेरी अञ्चल अस्पताल विकास समितिको खातामा रू.११ लाख ५० हजार भुक्तानी भएको छ । उक्त रकमको सम्पन्न भएको कार्यको प्रगति प्रतिबेदन तथा आवश्यक बिल भरपाई समेतको प्रमाणित कागजात उपलब्ध गराउनुपर्नेमा लेखापरीक्षण अवधिसम्म सो कागजात पेश नभएकोले भुक्तानी भएको रकमको प्रगति प्रतिवेदन पेश गर्नुपर्ने रकम रू.

प्रमाण पेश नगरेको	११,५०,०००

६८ **७१।२०८१।०६।१८ विद्यालय अनुगमन र सुपरीवेक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई, कागजात संलग्न भएको वा नभएको वा संलग्न कागजात बमोजिम भुक्तानी दिनको लागि रित पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले १८ वटा सामुदायिक तथा संस्थागत विद्यालयको विभिन्न मितिमा अनुगमन गरेवापत १३ जना कर्मचारीलाई अनुगमन भत्ता वापत रू.१२२०००/- भुक्तानी खर्च लेखेको छ । श्रेस्तामा संलग्न कागजात बमोजिम विद्यालयमा अनुमगन भएको फोटो सहितको प्रमाण पेश नभएको, विद्यालय अनुगमन फाराममा विद्यालयको मुख्य समस्या तथा अनुगमनकर्ताको राय समाबेश नभएको पाइयो । पालिकाले यस वापतको खर्च लेख्दा अनुगमन गरेको प्रमाण संलग्न गरी कार्यक्रम संचालन गर्नुपर्नेमा नगरेकोले नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१,२२,०००

६९ **आर्थिक सहायता खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना संचालन गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने विषयमा प्राथमिकता दिई योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ ।उत्पादनमुखी तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाई प्राथमिकता दिनुपर्नेमा पालिकाले आर्थिक सहायता वापत यस आ.ब मा रू.१२ लाख ९४ हजार र कला साहित्य साहित्यको संरक्षण र प्रवर्द्धन कार्यक्रमको लागि सहयोग शिर्षकबाट रू.३ लाख ७७ हजार खर्च लेखिएको छ ।आफ्नो आन्तरिक आय समेत कम भएको अवस्थामा पालिकाले यस्ता प्रकृतिको उत्पादनमुखी कम भएको क्षेत्रमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७० **भुक्तानी बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१ (३) मा केन्द्रीय निकायले आगामी आर्थिक वर्षको बजेट प्रस्ताव गर्दा सो आर्थिक वर्षमा खर्च हुने प्रतिबद्धतालाई बजेट विनियोजन गरिसकेपछि मात्र अन्य कार्यक्रममा बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २०८०।८१ को असार मसान्तमा बजेट रोक्का भएको कारण उल्लेख गरी पालिकाबाट भुक्तानी दिन बाँकी रहेको विवरण प्रमाणित गरी उक्त रकम २०८१।८२ मा भुक्तानी भएको छ। भुक्तानी दिन वाँकी योजनाहरुको लागत अनुमान दर विश्लेषण लगायतको प्रमाण कागजातहरु व्यवस्थित नराखेको तथा केही विगतको योजनाहरुको भुक्तानी गर्दा केवल भुक्तानी वाँकीको कच्चावारी मात्र संलग्न गरेको देखियो। कार्यालयले स्रोत सुनिश्चतता प्राप्त गरी खरिद व्यवस्थापन गरेका योजनाहरुमा भएका निर्माण कार्यको भुक्तानी गर्न पुग्ने गरी बजेट विनियोजन नभएकोले भुक्तानी दिन बाँकी रकम बढ्दै गई योजना कार्यान्वयनमा प्रतिकुल असर पर्नसक्ने, आन्तरिक नियन्त्रण प्रणाली कमजोर भई पछिल्लो समयमा पुष्टि गर्न समस्या हुने लगायतको जोखिम देखिन्छ । यस सम्बन्धमा तालुक निकायले ध्यान दिनुपर्ने देखिन्छ।

सि.नं	योजनाको नाम	भुक्तानी दिन बाँकी रकम	कैफियत
१	चालु योजनामा १८ वटा भौचरबाट भुक्तानी दिन बाँकी	९९०८०००	वडा कार्यालय र पालिकाको भुक्तानी दिन बाँकी
२	पुजीँगत तर्फ २३ वटा योजनामा भुक्तानी दिन बाँकी	१६७९००००	वडा कार्यालय र पालिका तर्फको
जम्मा		**२६६९८०००**	

७१ **अन्जली माता रसोईको लागि सहयोग कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई, कागजात संलग्न भएको वा नभएको वा संलग्न कागजात बमोजिम भुक्तानी दिनको लागि रित पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।भेरी अस्पतालमा बिरामी कुरुवाहरुको लागि सहुलियत दरमा खाना उपलब्ध गराउने प्रयोजनको लागि अन्जली माता रसोईको लागि सहयोग शिर्षकबाट श्री सुन्दरकाण्ड मित्र मण्डल नेपालगंज बाँकेलाई यस आ.ब मा रू.१५ लाख बजेट बिनियोजन गरी विभिन्न भौचरबाट रू.१४ लाख ९८ हजार भुक्तानी भएको छ । श्रेस्तामा रहेको कागजात बमोजिम सो संस्थाबाट खरिद भएको सामानको बिल बमोजिम भुक्तानी भएको पाइयो। पालिकाले सो संस्थासँग सम्झौता, संस्थासँग भएको कार्यको अनुगमन तथा कार्यालयबाट भुक्तानी भएको रकमको लेखापरीक्षण प्रतिबेदन संलग्न नगरी भुक्तानी भएको देखियो । यस सम्बन्धमा पालिकासँग छलफल गर्दा विरामी कुरुवाको लागि अति न्युन दरमा मानवसेवाको कार्य भएको जनाए पनि सम्झौता कार्यपद्धति तथा खर्चको विवरण र सामाग्री खपत समेतको विवरण तयार गरी खर्चको सदुपयोग सम्बन्धमा जिम्मेवार पदाधिकारीले ध्यान दिनुपर्दछ।

७२ **पशु औषधी खरिदः९५७।२०८२।०१।११**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त भएको जिन्सी मालसामानको उपयुक्त वर्गीकरण अनुसार आम्दानी बाध्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आ.ब मा मध्यपश्चिम एग्रोभेट सेन्टरबाट पशु औषधी खरिद गरी रू.४,३४,३५०/- भुक्तानी खर्च लेखेको छ । खरिद भएको पशु औषधीको

पालिकाको PAMS को मुल जिन्सी खातामा प्रविष्टी नगरी पशु सेवा शाखामा प्रविष्ट भएको छ । जसबाट यस आ.ब मा खरिद भएको औषधीको PAMS को विवरणबाट देखिएन । पालिकाले नियमबमोजिम सामान प्राप्त भए पश्चात अनिवार्य रुपमा PAMS मा दाखिला गरी मात्र भुक्तानी खर्च लेख्नुपर्दछ ।

७३ कृषि अनुदान

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समुहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ ।सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत रू. २४,५१,७८५/- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकीकरण गर्नु गराउनु पर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा देखिएका उदाहरणहरु:-

गो.भौ.नं मिति	कार्यक्रम	खर्च रकम रू.
२६५।२०८१।०८।१०	५०% अनुदानमा गहुँको बीउ वितरण	९९९९४०
२९१।२०८१।०८१।१६	शत प्रतिशत अनुदानमा हिउँदे तरकारीको बीउ वितरण	२९९९२५
१२५९।२०८२।०३।०६	५०% अनुदानमा धानको बीउ वितरण	९९९९२०
१३०७।२०८२।०३।१६	५०% अनुदानमा ४ वटा मेशीन वितरण	१५२०००
जम्मा		२४५१७८५

७४ म्याद नाघेको पेश्की

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ तथा निर्माण व्यवसायीसँग गरेको सम्झौता बमोजिम पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष निम्नानुसारको कार्यक्रमको पेश्की बाँकी रहेकोमा उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म बाँकी रहेको देखिएकोले उक्त म्याद नाघेको पेश्की खरिद सम्झौता तथा खरिद नियमावली बमोजिम फछ्र्यौट गर्नुपर्ने रकम रू.

क.सं	कर्मचारी/ संस्था/ निर्माण व्यवसायीको नाम	पेश्की लगेको मिति र भौचर नं	पेश्की रकम	कार्यक्रम वा ठेक्काको नाम
१	माया शर्मा	०८/ ०६/ २०८१, २५३	४००	विभिन्न नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिकामा अनुभव आदान प्रदानका लागि न्यायिक र विधेयक समिति भ्रमण खर्चका लागि रकम
२	धनसरा रेग्मी	१२/ १४/ २०८१, ८२२	१११६००	कक्षा ८ को परीक्षा सञ्चालन र व्यवस्थापन
३	पुजा बस्न्यात	०३/ २०/ २०८२, १४१७	५००००	भू-उपयोग नक्साको कित्ता विवरण Update को लागि नापी विभाग/ नापी कार्यालयबाट खटिने कर्मचारीलाई भत्ता
४	पुजा बस्न्यात	०३/ २४/ २०८२, १५९६	१८००००	भूमीहिन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन कार्यक्रम
५	नेपाल विद्युत प्राधिकरण, नेपालगञ्ज वितरण केन्द्र	११/ ०६/ २०८१, ३	२९९८१२	नेपलागंज वडा नं.२३ जंगली सिं पूर्वदिखि ल्याण्डफिल साइट जोड्ने सडक र नेपालगंज वडा नं.२२ किङ्गरियनपूर्वा मुलबाटो निर्माण योजना
६	नेपाल विद्युत प्राधिकरण, नेपालगञ्ज वितरण केन्द्र	११/ ०६/ २०८१, ९३	२९९८१२	प्रदेश समपूरक खर्च
७	नेपाल विद्युत प्राधिकरण, नेपालगञ्ज वितरण केन्द्र	१२/ २५/ २०८१, १३५	४७३५११	कार्यालयको बिद्युत नियमित गर्ने कार्यक्रम
८	नेपाल विद्युत प्राधिकरण, नेपालगञ्ज वितरण केन्द्र	१२/ २५/ २०८१, १३५	१५०००००	कार्यालयको बिद्युत नियमित गर्ने कार्यक्रम
९	पुन मष्टो जे.भी	२०८२/ ०३/ ०२, २२०	२०००००	वडा नं ७ को बाटोनिर्माण
	जम्मा		**३११५१३५**	

पेश्की	३१,१५,१३५

७५ **वडा नं.१- चालुतर्फ**

७५.१ **विविध कोषः ५।२०८१।०७।२८- बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजक भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ। मठमन्दिर उपभोक्ता समिति, वडा नं १ लाई मठमन्दिर मर्मत गरेवापत रू.२,०४,३०९.०७ को लागत अनुमान तयार गरी रू.१,९१,३२२.५६ को कार्यसम्पन्न ५ प्रतिशत योगदान कट्टी गरी रु १,८८,५३७ भुक्तानी गर्नुपर्नेमा रु १,८१,७५५ भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम रु.६,७८० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	६,७८०

७५.२ **बैठक भत्ताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई, कागजात संलग्न भएको वा नभएको वा संलग्न कागजात बमोजिम भुक्तानी दिनको लागि रित पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले वडाका जनप्रतिनिधिलाई मासिक रुपमा ३ वटा बैठकको दरले बार्षिक रुपमा ३६ वटा बैठकको रू.१,०००/- को दरले रू.३६,०००/- भुक्तानी भएको छ। बैठक भत्ता वापतको रकम भुक्तानी गर्दा माइन्युटमा भएको उपस्थितिको आधारमा गर्नुपर्नेमा संलग्न श्रेस्तामा देहायका जनप्रतिनिधि तथा

कर्मचारीहरु बैठकमा उपस्थित नभएकोमा समेत बैठक भत्ता भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रकम रू.

सि.नं	पद	भुक्तानी पाउने	भुक्तानी भएको रू.	हुनुपर्ने रकम	बढी भुक्तानी कर बाहेक
१	वडा अध्यक्ष	प्रमोद रिजाल	३६०००	३४०००	१७००
२	वडा सदस्य	जगमोहन काँदु	३६०००	२४०००	१०२००
३	वडा सदस्य	इन्द्र राना	३६०००	३३०००	२५५०
४	वडा सदस्य	कुमारी पुष्पा सिँह	३६०००	३४०००	१७००
५	वडा सदस्य	सिता परियार	३६०००	३४०००	१७००
६	सदस्य सचिव	हिक्मत बहादुर थापा माझी	३६०००	३४०००	१७००
जम्मा					**१९५५०**

असुल गर्नुपर्ने	१९,५५०

७६ **वडा नं. २- चालुतर्फ**

७६.१ **शीर्षक फरक पारी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था रहेको साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही गर्नुपर्ने तथा एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (संशोधन) मा कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। कार्यालयले देहाय बमोजिम शीर्षक फरक पारी खर्च गरेको देखिएकोले नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं. र मिति	खर्च गर्नुपर्ने शीर्षक	खर्च भएको शीर्षक	रकम
२५-२०८१।०८।०५	इन्धन	सवारी साधन मर्मत खर्च तथा नविकरण	१२२८०
१६१-२०८२।०३।०४	मसलन्द तथा कार्यालय सामग्री खरिद	विविध खर्च	१८८००
२०७-२०८२।०३।२३	मसलन्द तथा कार्यालय सामग्री	भ्रमण खर्च	४२७५
जम्मा			**३५३५५**

अनियमित भएको	३५,३५५

७६.२ **दैनिक ज्यालादारी कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ। त्यसैगरी सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा सेवा करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। उपमहानगरपालिकाको २०८०।३।२३ को संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदनको अनुसूची ३(क) अनुसार वडा नं २ को कार्यालयमा कुचीकार, माली, चौकीदार गरी अधिकतम ६ जना ज्यालादारी कर्मचारी राख्नुपर्ने व्यवस्था गरिएको छ। कार्यालयले सुपरभाइजर, कुचीकार र ड्राइभर गरी ७ जना ज्यालादारी कर्मचारी नियुक्ति गरी जम्मा रु. १३,००,००० खर्च लेखेको छ। आ.व. २०८२ मंसिरबाट एकजना ज्यालादारी कर्मचारी बढी नियुक्ति गरी भुक्तानी भएको पारिश्रमिक रकम अनियमित देखिएको रु.

अनियमित भएको	२,२८,०००

७७ **वडा नं.४-चालुतर्फ**

बैठक भत्ताः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई, कागजात संलग्न भएको वा नभएको वा संलग्न कागजात बमोजिम भुक्तानी दिनको लागि रित पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले वडाका जनप्रतिनिधिलाई मासिक रुपमा ३ वटा बैठकको दरले बार्षिक रुपमा ३६ वटा बैठकको रू.१,०००/- को दरले रू.३६,०००/- भुक्तानी भएको छ। बैठक भत्ता वापतको रकम भुक्तानी गर्दा माइन्युटमा भएको उपस्थितिको आधारमा गर्नुपर्नेमा संलग्न श्रेस्तामा देहायका जनप्रतिनिधि तथा कर्मचारीहरु बैठकमा उपस्थित नभएकोमा समेत बैठक भत्ता भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रकम रू.

सि.नं	पद	भुक्तानी पाउने	भुक्तानी भएको रू.	हुनुपर्ने रकम	बढी भुक्तानी कर बाहेक
१	वडा अध्यक्ष	गोपाल पुन	३६०००	३४०००	१७००
२	वडा सदस्य	मोहम्मद सलिन मुसलमान	३६०००	३५०००	८५०
३	वडा सदस्य	उत्तम सिजापती	३६०००	३४०००	१७००
जम्मा					**४२५०**

असुल गर्नुपर्ने	४,२५०

७८ **वडा नं. ५-चालुतर्फ**

लक्षित वर्ग कार्यक्रमः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना संचालन गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने विषयमा प्राथमिकता दिई योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ। वडाले आफ्नो क्षेत्रमा रहेका लक्षित वर्गको लागि ड्राइभिङ कार्यक्रम, सिलाई कटाई तालिम, व्युटीपार्लर तालिम लगायतका कार्यक्रम संचालन गर्दा लाभग्राही छनौट गर्दा लिइएको आधार, यस आ.ब अघि सोही व्यक्तिले यस प्रकृतिको तालिम तथा कार्यक्रम लिएको नलिएको सम्बन्धमा एकिन नगरी कार्यक्रम संचालन गरिएको पाइयो। अतः कार्यक्रम संचालन गर्दा एकै व्यक्ति नदोहोरिने एकिन गरी तथा संचालित कार्यक्रमबाट नागरिकको जीवनस्तरमा आएको प्रगतिको मूल्याङ्कन तथा अनुमगन गरी कार्यक्रम सम्पन्न गर्नुपर्दछ।

७९ **वडा नं.७-चालुतर्फ**

वडा स्तरीय योजना अनुगमन भत्ताः १३०।२०८२।०३।२५

लुम्बिनी प्रदेशको स्थानीय तहको पदाधिकारीको सेवा सम्बन्धी ऐन, २०७६ को नियम १४(ख) मा स्थानीय तहको पदाधिकारीले यस ऐनले निर्धारित गरेको सुविधा बाहेक अन्य सुविधा नपाइने व्यवस्था रहेको साथै लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिकाको बुँदा नं १९ मा सार्वजनिक निकायको कार्य जिम्मेवारी तथा कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरेवापत तलव वा पारिश्रमिक बाहेकको अन्य थप सुविधा वा अतिरिक्त भत्ता लिन नपाइने व्यवस्था रहेको छ। यस वडाले योजना अनुगमन वापत देहायका व्यक्तिहरुलाइ वडामा संचालन भएको योजनाको लागि अनुगमन भत्ता भुक्तानी गरेको कर कट्टी वाहेकको असुल गर्नुपर्ने रू.

सि.नं.	पद	नाम	रकम
१	वडा सदस्य	चन्द्रकला गुरुङ्ग	२५५०
२	वडा सदस्य	कल्पना नेपाली	२५५०
३	वडा सदस्य	नूर मोहम्मद खाँ	२५५०
४	वडा सचिव	इन्द्र बहादुर के.सी.	२५५०
५	प्रशासन सहायक	वृष राज न्यौपाने	१७००
६	अ.स.ई.	निरज कुमार खड्का	२५५०
		जम्मा	१४४५०

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१४,४५०

८० **वडा नं.८-चालुतर्फ**

दैनिक ज्यालादारी कर्मचारीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसैगरी सोही ऐनको दफा ८३ (८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। वडाबाट प्राप्त विवरण बमोजिम यस वडामा ६ जना सरसफाईकर्मीलाई दैनिक ज्यालादारीमा पदमा नियुक्त गरी रू.१३ लाख ९७ हजार भुक्तानी भएको छ। पालिकाले गरेको संगठन व्यवस्थापन सर्वेक्षणमा समेत सरसफाईकर्मी भएको र सोही बमोजिम यस वडामा ३ जना यस वडामा कार्यरत रहेको पाइयो। वडाले आफ्नो वडामा आवश्यक पर्ने थप जनशक्तिको आवश्यक्ताको पहिचान गरी मात्र दैनिक ज्यालादारीमा कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

८१ **वडा नं.१०-चालुतर्फ**

व्युटीपार्लर तालिमः ६।२०८१।०८।२७

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना संचालन गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने विषयमा प्राथमिकता दिई योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ। गत आ.ब मा यस वडाहरुका महिलाहरुको लागि ३ महिने एडभान्स तालिम संचालन गरे वापत रारा व्युटी पार्लर प्रशिक्षण केन्द्रलाई भुक्तानी दिन बाँकी प्रमाणित गरी विविध खाता कोषबाट रू.१,१४,९००/- रकम भुक्तानी भएको छ। सो कार्यक्रम संचालन गर्दा प्रशिक्षण केन्द्रसँग कति जना महिलाहरुलाई प्रशिक्षण गरिने सो को संख्या एकिन नभएको र भुक्तानीको बखतको केन्द्रबाट पेश भएको प्रतिबेदनमा समेत प्रशिक्षार्थीको संख्या एकिन हुन सकेन। जसबाट कार्यालयले लिएको लक्ष्य बमोजिमको संख्यामा कार्यक्रम सम्पन्न भए नभएको सम्बन्धमा एकिन हुन सकेन साथै यस्ता प्रकृतिको कार्यक्रमबाट महिलाहरुमा भएको रोजगारी सिर्जना, सो बाट भएको आर्थिक विकास र तालिम लिएपश्चात व्युटी पार्लर कार्यक्रमलाई निरन्तरता भए नभएको सम्बन्धमा पालिकाबाट निरन्तर अनुगमन हुनुपर्दछ।

८२ **वडा नं.१२-चालुतर्फ**

बैठक भत्ताः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई, कागजात संलग्न भएको वा नभएको वा संलग्न कागजात बमोजिम भुक्तानी दिनको लागि रित पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले वडाका जनप्रतिनिधिलाई

मासिक रुपमा ३ वटा बैठकको दरले बार्षिक रुपमा ३६ वटा बैठकको रू.१,०००/- को दरले रू.३६,०००/- भुक्तानी भएको छ। बैठक भत्ता वापतको रकम भुक्तानी गर्दा माइन्युटमा भएको उपस्थितिको आधारमा गर्नुपर्नेमा संलग्न श्रेस्तामा देहायका जनप्रतिनिधि तथा कर्मचारीहरु बैठकमा उपस्थित नभएकोमा समेत बैठक भत्ता भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रकम रू.

सि.नं	पद	भुक्तानी पाउने	भुक्तानी भएको रू.	हुनुपर्ने रकम	बढी भुक्तानी कर बाहेक
१	वडा सदस्य	विनोद कुमार रस्तोगी	३६०००	३१०००	४२५०
२	वडा सदस्य	सुशिला पन्त	३६०००	३५०००	८५०
३	वडा सदस्य	चन्दा चिडिमार	३६०००	३५०००	८५०
४	वडा सचिव	नेवलाल घर्ति	३६०००	३५०००	८५०
जम्मा					**६८००**

असुल गर्नुपर्ने	६,८००

८३ उपभोक्ता समितिवाट खरिद व्यवस्थापन

पालिकाले यस वर्ष पालिकावाट बिनियोजित तथा वडास्तरमा विनियोजित रकमवाट संचालित भएका केही निर्माण कार्यको उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी दिएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिमार्फत खरिद व्यवस्थापन सम्बन्धमा व्यवस्था रहेकोमा सो अन्तर्गत देखिएका सैद्धान्तिक व्यहोराहरु निम्नानुसार रहेका छन्।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिको आमभेला गठनको लागि प्रस्तावको सुचना संलग्न, आमजनले पेश गरेको प्रस्ताव लगायतको कागजातहरु पेश गरेको देखिएन। विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक भएको देखिने प्रमाणकागजातहरु व्यवस्थित गर्नेतर्फ ध्यान दिनपुर्ने देखियो ।

• खर्च अनुमोदन;- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गरिएका पालिका/ वडास्तरवाट संचालित आयोजनाहरुमा उपभोक्ता समिति मार्फत संचालन योजनाको विल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिवाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउनेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

• नमुना छनौट गरी परीक्षण गर्दा उपभोक्ता समितिको केही योजनाहरुमा पेश गरेको ग्राभेल ,माटो, बालुवा गिटी लगायतका सामग्रीहरु खरिद गर्दा भरपाई मार्फत भुक्तानीको लागि पालिकामा पेश गर्ने गरेको देखियो। यसरी खरिद भरपाई संलग्न गर्दा केही योजनाहरुमा परिमाण खुल्ने देखिंदैन। सम्भव भएसम्म निर्माण सामग्रीहरूको आधिकारिक बिल पेश गर्न लगाउने तर्फ पालिकाले ध्यान दिनुपर्छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका

आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आयोजना हस्तान्तरण कार्यविधि तयार नगरेको तथा सम्पन्न भएका सम्पुर्ण योजनाहरु उपभोक्ता समितिलाइ हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितिसँगको छलफल, योजना सम्पन्न पश्चातको प्रतिकृया, आगामी दिनमा योजनाबाट सिक्नुपर्ने सिकाई लगायको व्यहोरा सहित अपनत्व कायम हुने गरी सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षणको कार्यबिधि तयार गरी सम्पन्न भएका आयोजनाहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ।

• उपभोक्ता समितिको न्युन योगदान- पालिकाले मिति २०८१।०८२ मा योजनाहरुमा उपभोक्ता समितिको लागत साझेदारीको लागी पालिकाले तोकेको लागत सहभागितको निर्णय लेखापरीक्षणको क्रममा पेश हुन आएन। श्रेस्ता परीक्षणको अधिकांश सम्झौतामा उपभोक्ता समितिको योगदान ५ प्रतिशत मात्र राखी सम्झौता गर्ने निर्णय गरेको र सोही अनुसार आनुपातिक योगदान कट्टी गरी भुक्तानी गर्ने गरेको देखियो । न्यून लागत सहभागिता राखी कार्य गराएकोले पुनर्विचार गरी उपभोक्ता समितिको लागत सहभागिता अधिकतम वनाउनुपर्ने देखिन्छ ।

• निर्माण कार्यको समय र गुणस्तर – सार्वजनिक निकायले कुनै पनि निर्माण कार्य गर्दा सो पुरा गर्न लाग्ने अवधि, गुणस्तरियता लगायतको बिचार गरी निर्माण समयाबधी कायम गर्नुपर्दछ । पालिकाले उपभोक्ता समितिहरुसंग सम्झौता गरी निर्माण कार्य गर्दा सडक, भवन निर्माण लगायतमा न्युन अवधिभित्र सम्पन्न गर्नेगरी सम्झौता गरेको तथा सोही अबधिभित्र उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेको देखियो । उपभोक्ता तथा प्रतिस्पर्धात्मक तवर तथा अन्य खरिद विधि अपनाइ गरिएका सम्पुर्ण पुर्वाधारजन्य खरिद व्यवस्थापनको प्राविधिक परीक्षण गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

• पालिकास्तर तथा वडास्तरीय वजेट र योजनाहरुको कार्यान्वयन गर्ने क्रममा वडागत रुपमा योजनाहरुको भुक्तानी गर्दा स्थानअनुसार फरक भएको उल्लेख गरी फरक फरक दर तथा दरविश्लेषण संलग्न गरेकोमा सामाग्री आइटको दर फरक राखी दर विश्लेशण गरेको देखिएकोमा सो को पुष्टि हुने आधारप्रमाण श्रेस्तासाथ संलग्न गरेको देखिंदैन।

• नमुना छनौट गरी परीक्षण गर्दा उपभोक्ता समितिलाई रनिङ विल तथा कार्यसम्पन्न वापतको भुक्तानीमा पेश भएको कागजातमा उपभोक्ता समितिको प्रमाणित छाप तथा दस्तखत संलग्न भएको देखिएन। यस सम्वन्धमा ध्यान दिइ उपभोक्ता समितिवाट प्रमाणित गराइ थप जिम्मेवार वनाई प्रमाणकागजात ध्यान दिनुपर्ने देखिन्छ ।

८४ उपभोक्ता समितिवाट भवन संरचना लगायतको कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) अनुसार उपभोक्ता समितिवाट कार्य गराउंदा श्रममूलक प्रकृतिको काम हुनुपर्ने, रोजगारी सृजना गर्ने खालको तथा जटिल प्रकृतिको नहुने कार्य गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरि परीक्षण गर्दा ठुलो लागतको भवन निर्माण लगायतको कार्य उपभोक्ता समितिवाट गराएको देखियो । यस्तै प्रकृतिको केही कार्य प्रतिस्पर्धात्मक तवरवाट गराउंदा गुणस्तर परीक्षण, त्रुटी सच्याउने प्रावधान लगायतको व्यवस्था हुने देखिएकोमा उपभोक्ता समितिवाट कार्य गराउंदा तोकिएको गुणस्तर नहुन सक्ने, विमा, त्रुटी सच्याउने अबधि नहुने र जटिल प्रकृतिको समेत हुन सक्ने देखिन्छ । पालिकाले संघीय पुँजीगत शिर्षकवाट स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण शिर्षकमा विनियोजित रकमवाट विद्यालयलाई रकम निकासा गराइ विद्यालयवाट उपभोक्ता समितिवाट कार्य गराई भुक्तानी भएको देखियो । भवन तथा संरचना निर्माणको कार्य जटिल प्रकृतिको समेत हुने हुनाले गुणस्तरीयता समेतमा ध्यान दिई प्रतिस्पर्धात्मक तवरवाट खरिद व्यवस्थापन गर्दा उपयुक्त हुने देखिन्छ।

शिर्षक	मिति	भौ नं	योजनाको नाम	लागत अनुमान	कार्य मुल्याँकन	भुक्तानी रकम	कैफियत
सघीय सशर्त	०३/२४/२०८२	३१	श्री देउतादिन मा.वि.को ४कोठे भवन निर्माण कार्यको	६०९५००२	४३२७२२८	३८९५७८१	कार्यसम्पन्न प्रतिबदेन तयार नगरेको
सघीय सशर्त	०३/२४/२०८२	३१	फुलटेक्रा मावि वडा नं ६ भवन निर्माण	६०९५००२	६०७४४०४	५४८१४१२	अन्तिम भुक्तानी समेत
सघीय सशर्त	०३/२५/२०८२	४२	जगतज्योतिमावि भवन निर्माण	६०९५००२			अन्तिम बिलसंलग्न नभएको
नपा पुजीगत	०७/११/२०८१	३२	विपि चोक स्थित ईदगाहमाप्रवेशद्वार निर्माण कार्यक्रम	५६७५७६५	५४९६६४०	५३५५६८५	
नपा पुजीगत	११/१६/२०८१	९९	वडा नं २३ वडा कार्यालय निर्माण कार्य	३९७६६२५	३७२१५१२	३६४५५०८	

८५ ग्राभेल तथा माटो पुर्ने कच्ची प्रकृतिको कार्य गराएको

पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा यस वर्ष केही योजनाहरु माटो तथा ग्राभेलको कार्य हुने गरी छनौट तथा कार्यान्वियन गरेको छ। यसरी कार्य गराउँदा रोलिङ, ग्रेडिङ, लेभलिङ समेतको दर समावेश गरी तयार भएको दर विश्लेशण अनुसार ग्राभेलको नापी परिमाण संलग्न गरी भुक्तानी दिएको छ। नमुना छनौट गरी परीक्षण गर्दा केही योजनाहरुमा माटो ग्राभेल लगायतको कार्यमा भुक्तानी दिएको देखियो । लागत अनुमान अनुसारकै नापी संलग्न भएको देखिएतापनि केही योजनाहरुको रोलिङ, ग्रेडिङ , लेभलिङ लगायतको कार्यको पुष्टी गर्ने पर्याप्त प्रमाण तथा तस्विरहरु श्रेस्तासाथ समावेश गरेको देखिंदैन । माटो तथा ग्राभेलको कार्य प्रत्येक वर्ष गर्दा योजनाको स्थान दोहोरिन सक्ने, आन्तरिक नियन्त्रण प्रणाली कमजोर भई वढी भुक्तानी हुन सक्ने तथा दिर्घकालीन तथा टिकाउपना समेत नहुने हुनाले पालिकाले योजना छनौट तथा कार्यान्वियन गर्दा ध्यान दिनुपर्ने र पूर्वाधार निर्माण तर्फ कार्य गर्दा कच्ची भन्दा पक्की प्रकृतिको संरचनाको योजना छनौट गर्नुपर्ने देखिएको छ । नमुना छनौट गरी परिक्षण गर्दा यसवर्ष ग्राभेल तथा माटो पुर्ने कार्यमा भएका भुक्तानीहरु देहाय अनुसार रहेका छन्:-

मिति	भौ नं	योजनाको नाम	लागत अनुमान	सम्झौता रकम	भुक्तानी रकम	कार्य गर्ने
०२/२७/२०८२	२०८	माझगाउँ जाने बाटोमा माटो पटान र ग्राभेल कार्य	१३४३६३५	१२६२६३७	११७०९३२	उपभोक्ता समिति
०३/०२/२०८२	२१९	वडा नं. १८मा सडक स्तरोन्नती कार्यक्रम	६३५४०५	७३२१६१	६९५५५२	„
०३/१६/२०८२	२५९	बसन्त मल्लचोक देखि उत्तर हुदै वडा नं. 22 को सिमानासम्म सडक स्तरनोन्नती वडा नं. २१	७९८९२६	७५०८७६	७१३३३२	„
०३/२०/२०८२	२६७	पुरैनीदेखी खल्वा पुरैनी सम्म माटो पटान र ग्राभेल कार्य	९६१२४८	९६१२४८	९६१२४८	„
०८२/०३/२५	३४०	वडा नं. २०दिसाजन्य लेदो व्यवस्थापन केन्द्र सम्म जाने बाटो निर्माण कार्य	४०९४५२०	३९७३०१४	३७५९१८९	„

८६ सडक बत्ती खरिद तथा मर्मत

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७(१)मा दफा ६६ बमोजिम निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र बजेट सीमामा आधारित भई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने तथा सो अनुसार बजेट कार्यक्रम तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडालाई बजेट निकासा गरी वडाहरुवाट बजेट तयार गरी कार्य गरेको देखिएकोमा सडक बत्ती खरिद तथा मर्मत शिर्षकमा प्रत्येक वडावाट विनियोजन भई खर्च गरेको देखियो । विनियोजन अनुसार वडाहरुले कार्य गर्दा पटकपटक गरी सोझै भएको देखियो । उक्त खर्चको खरिद आइटममा एल.इ.डि स्ट्रिट लाइट, होल्डर, पावर सकेट, तार, स्वीच, टेप लगायत समान प्रकृतिका सामग्रीहरु रहेको देखिन्छ। सडक बत्ती शीर्षकमा २३ वटा बडामा रु ९१,५४,००० विनियोजित गरी रु ८४,४०,९०० खर्च लेख्दा वडाहरुले मागफाराम, खरिद आदेश, दाखिला प्रतिवेदन र खर्च निकासा फाराम भरेर खर्च गर्ने र जिन्सी खातामा समेत अद्यावधिक गर्नुपर्नेमा स्पष्ट अभिलेख राखेको देखिँदैन । वडास्तरमा विनियोजित रकमवाट खर्च लेख्दा गुणस्तरीयता, वारेन्टी लगायतको प्रावधान नहुने तथा मितव्ययी समेत नदेखिने हुनाले यस्तो प्रकारको सवै वडाहरुले एकै प्रकृतिको कार्य गर्नुपर्ने अवस्थामा पालिकास्तरमा नै बजेट विनियोजन गरी प्रतिस्पर्धात्मक तथा मितव्ययी तवरले खर्च गर्नुपर्ने देखिन्छ।

वडा	विनियोजन	खर्च	वडा	विनियोजन	खर्च
१	४०००००	४०००００	१३	४५००००	४४९०००
२	३०००००	३०००००	१४	६४५०००	४४९०००
३	३५८०००	३४१०००	१५	५०९०००	५०८०००
४	४१६०००	४१५०००	१६	४०००००	३९९०००
५	५५००००	५५००००	१७	२०००००	२०००००
६	४०००००	४०००००	१८	४०००००	३९९०००
७	३९८०००	३८६०००	१९	३०००००	३०००००
८	७०४०००	७०४०००	२०	२०००००	१९९०००
९	३७७०००	३७७०००	२१	४५००००	४४२०००
१०	५०००००	४९६०००	२२	२४७०००	२४७०००
११	२५००००	२३१०००	२३	२०००००	१९९०००
१२	५०००००	४९९००	जम्मा	९१५४०००	८४४०९००

८७ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावलीको परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरेको छ । सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।नमुना छनौट गरी परीक्षण गर्दा वडास्तरमा विनियोजित विभिन्न कार्यको लागि डि.पि.आर तयार गरेकोमा रु १८ लाख ९९ हजारको लागत अनुमानमा सो कै हाराहारीमा रु १८,६४,९७४ मा सम्झौता गरी रु १८ लाख ४५ हजार भुक्तानी दिएकोमा सो अन्तर्गत देखिएका बेहोराहरु देहाय अनुसार रहेका छन:-

वडा	मिति	भौ नं	योजना	लागत अनुमान	सम्झौता रकम	भुक्तानी रकम	परामर्शदाता
९	०९/२२/२०८१	१२	वडाकार्यालयको भवन निर्माणको लागि डि.पि.आर.	४९९१६६	४९३८६६	४९३८६६	सुर्य उदयकन्सट्रक्सन प्रालि जानकी २ बाँके
२०	०३/०५/२०८२	३३	वडाकार्यालयको डिपिआरको लागि खर्च	४९५७७९	४९१५५०	४९१५५०	विनम्र इन्जिनियरिङ सर्भिसेज प्रालि
६	०२/११/२०८२	६	वडाकार्यालयको भवन निर्माणको लागि डि.पि.आर.	३९६५६२	३९१६५८	३७२९४०	मार्कस इन्जिनियरिङ्ग कन्सल्टेन्सी
१	०३/१९/२०८२	५१	स्पोर्ट एकेडेमिमा प्याराफिट तथा फुटवल रब्याटमिन्टन कोर्टमा प्याराफिट निर्माण कार्यको डि.पि.आर	४९८०७६	४८७०८०	४८७०३०	बिनम्र इन्जिनियरिङ्ग सर्भिसेज
				१८८९५८३	१८६४१५४	१८४५३८६	

• परामर्श सेवाको लागि लागत अनुमान तयार गरेकोमा सो को स्पष्ट आधार संलग्न गरेको देखिएन। विभिन्न नम्स लिएको जनाएकोमा केबल पारीश्रमिक दररेट मात्र संलग्न गरेको देखिएकोमा सम्बन्धित कार्यको लागि उस्तै प्रकृतिको नम्सको आधार लिनुपर्ने देखिन्छ। लागत अनुमान यथार्थपरक तयार गरेको सम्बन्धमा स्पष्ट नुहुनले खरिद कार्य मितव्ययी भएको छ भनी एकिन गर्न सकिएन ।

• लागत अनुमान तथा दर विश्लेषणको आधार नभएको, लागत अनुमानमा समावेश विज्ञहरुको आवश्यक परिणामको आधार समावेश नभएको केवल दर संलग्न भएको, ड्राफ्ट सहित छलफल तथा सुझाव सहितको विषय समेटी प्रतिबेदन जारी गर्नुपर्ने उल्लेख भएकोमा छलफलको पद्धति,माइन्युट, विषय तथा सुधार गरिएका पक्षहरु समावेश नभएको देखियो। उक्त विवरण समेत समावेश गरी कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

• कार्यालयका प्राविधिक जनशक्तिले गर्न नसक्ने योजनामा मात्र आउट सोर्सिङ्ग गरी कार्य गराउन पर्नेमा अध्ययन प्रतिवेदनहरु परामर्शदाताबाट गराउने गरेको देखियो साथै कार्यालयभन्दा बाहिरका कर्मचारीबाट परामर्श सेवा लिनपर्ने कारण सम्बन्धमा निर्णय गरेको देखिएन।

अत: नियमकानुनको परिपालना गरी परामर्श खर्च व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

८८ वडास्तरको जिन्सी सामाग्रीको PAMS दाखिला नभएको

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ७८ मा सम्पत्तिको लेखाङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था रहेको छ । सो नियमावलीको उपनियम (१) कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको जिन्सी मालसामान तथा सम्पत्तिको लेखा त्यस्तो मालसामान तथा सम्पत्तिको खरिद मूल्यको आधारमा राख्नु पर्ने, नियम ७८(२)मा उपनियम (१) बमोजिम लेखा तथा अभिलेख राख्दा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँसम्म पर्ने जिन्सीलाई जिन्सी मालसामान खातामा अभिलेख राख्नु पर्ने व्यवस्था छ । उक्त सम्पत्ति दाखिलाको लागी महालेखा नियन्त्रका कार्यालयवाट मिति २०७७ आसाढमा जारी भएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली निर्देशिका २०७७ अनुसार विद्युतिय लेखा प्रणाली (PAMS) मा दाखिला गर्नुपर्दछ।

पालिकावाट वडास्तरमा निकासा रकमवाट सम्पत्ति खरिद गर्दा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली(PAMS) मा दाखिला नगरी म्यानुअल रजिष्टरमा गरेको देखियो। यसरी विद्युतिय प्रणालीमा दाखिला नहुनाले जिन्सी विवरण अध्याबधिक नहुने, दुरुपयोग हुनसक्ने तथा कारोवारको वास्तविक लेखाँकन नहुन सक्नाले नियमानुसार विद्युतिय प्रणालीमा जिन्सी दाखिला हुनुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको PAMS मा दाखिला नभएकोले जिन्सी अध्याबधिक गर्नुपर्ने देखिएको रु

(विस्तृत विवरण बेरूजु दफा ८८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	५१,४७,४५४

८९ अन्य निकाय खर्च (वडातर्फ)

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धी व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। साथै स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानिय तहले आफ्नो कार्यक्षेत्र तथा अधिकार क्षेत्र अन्तर्गत मात्र सार्वजनिक श्रोतसाधन उपयोग गर्नुपर्ने तथा दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा वडास्तरवाट विनियोजित वजेटमा छुट्टै अस्तित्व र स्वामित्व भएको, सम्बन्धित तालुक निकायबाटै बजेट विनियोजन हुने संघीय कार्यालय तथा केही सिमित व्यक्तिहरुलाइ लाभ हुने संस्थाको निर्माण कार्य समेत योजनामा समावेश गरी वजेट तथा कार्यक्रम तयार गरेको देखियो । तसर्थ स्थानीय सरकार संचालन ऐनको मर्म तथा भावनाअनुरुप कार्य नभएकोले वडा कार्यालयहरुवाट खर्च लेखेको नियमसम्मत नदेखिएको रु

(विस्तृत विवरण बेरूजु दफा ८९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	१३,५८,१०६

९०	**वडातर्फ पेश्की बाँकी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ तथा आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ बमोजिम निर्माण व्यवसायी तथा सरकारी कामको लागि रितपुर्वक पेश्की फछर्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । वडा कार्यालयहरुको यस वर्ष निम्नानुसारको निर्माण कार्य तथा कार्यक्रमको पेश्की बाँकी नियमानुसार फछर्यौट गर्नुपर्ने रू.

बडानं	मिति	भौन	प्रयोजन	रकम रु	पेश्की लिनेको नाम
१६	०२/२६/२०८२	१२	वडाभित्रका विभिन्न ठाँउमा माटो पटान ग्राभेल पिसिसि नालि निर्माण र मर्मत	११५०००	माजउपभोक्ता समिती
१३	२०७५।३।४	१	शौचालयनिर्माण उपभोक्ता समिति(अध्यक्षअनुपा आचार्य)	१३२०००	(अध्यक्षरेनु आचार्य
	२०७४।१२।१५	२	चिल्डेनपार्कनिर्माण उपभोक्ता समिति(अध्यक्षरेनु आचार्य)	४२०००	(अध्यक्षरेनु आचार्य
२२	२०८१।०१।४	२९	चाडपर्वहरुमाआर्थिक सहयोग गर्न	८००००	नन्खु तेली
१८	२०८१।३।३१	२२४	भ्रमण खर्च	२७८०००	महेश बि.क
२०	२०८२।३।२५	५९	बडाभरीनाला सरसफाइ कार्यक्रम	२७५९१५	टंक बहादुरपुन, सहायक चौथो
	२०८२।३।२५	१६७	दलित तथाजेष्ठ नागरिकहरुको जानकी मन्दीर भ्रमण खर्च	८१०००	टंक बहादुरपुन, सहायक चौथो
				१००३९१५	

पेश्की	१०,०३,९१५

९१	**वडावाट योजनागत खरिद व्यवस्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ र ८ तथा नियमावली, २०६४ को नियम ८ र ९ मा सार्वजनिक निकायले वार्षिक खरिद योजना तयार गर्नुपर्ने र खरिद गर्दा प्याकेज बनाउनुपर्ने स्पष्ट व्यवस्था छ। पालिकाले वडा स्तरमा उपलव्ध गराएको सिलिङ अनुसार चालु तथा पुजीगतमा बिनियोजन गरी खर्च लेखेकोमा वडाहरूले वार्षिक खरिद योजना तयार नगरेको, एउटै प्रकृतिका खरिद कार्यलाई टुक्रा-टुक्रा पारी ३ वटा दरभाउपत्र मात्र संलग्न गरी सोझै खरिद गरेको देखियो । वडास्तरमा बजेट कार्यान्वयन गर्दा एउटै प्रकृतिका कार्यहरू लाई संकलन गरी कार्यप्रकृति र अनुकूलताका आधारमा सम्भावित प्याकेज (Package) तयार गरी प्रतिस्पर्धात्मक तवरवाट कार्य गर्नुपर्ने देखिन्छ।

९२	**बीमा लगायतको कार्यक्रम**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना संचालन गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने, उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने विषयमा प्राथमिकता दिई योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ ।यस वडाले विभिन्न व्यक्तिहरुको दुर्घटना, म्यादी जीवन बीमा लगायतको कार्य गरेको देखियो ।यस्तो खर्चले नागरिकको जीवनस्तरमा प्रत्यक्ष उपलब्धी हासिल नहुने भएकोले कार्यविधि बेगर वितरणमुखी कार्यक्रममा नियन्त्रण गरिनुको साथै यस्तो खर्च गर्दा वास्तविकता र आवश्यकतामा आधारित हुनुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा देखिएका केही उदाहरणहरु:-

वडानं	शिर्षक	मिति	भौन	कार्यक्रम	रकम	कैफियत
८	पुँजीगत	०८२/०३/२४	६३	विभिन्न २९२ जनाको म्यादी जिवन बीमाको रकम भुक्तानी	१७००००	गार्डियनमाइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडलाइ भुक्तानी
	पुँजीगत	०३/२४/२०८२	६७	विभिन्न२०२ जनाको दुर्घटना बीमा	२९६३८	सानिमा जिआईसी इन्स्योरेन्स
१	चालु	२०८१।१०। ३०	४६	२९६वडावासीहरुको लागि म्यादी श्रमिक बीमा गरिएको।	१३७८७७	गार्डियनमाइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड
	चालु	२०८२।३।२५	१९०	२९७वडावासीहरुको लागि म्यादी श्रमिक बीमा गरिएको।	१२१२३	गार्डियनमाइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड
१८	चालु	२०८२।३।१२	१५९	टोलवासीलाई स्वास्थ्य बीमा	३५००००	वडासमितिको निर्णय वमोजिम दलित, पिछडिएका, न्यून आय भएका सुकुम्बासीलाई रु ३५०० का दरले १०० जनालाई स्वास्थ्य बीमा गराएबापत भुक्तानी
२२	चालु	२०८१।१२। २८	३४	वडासमितिको निर्णय बमोजिम ७७ जना वडावासी श्रमिकहरुको लागि म्यादी श्रमिक बीमा गरिएको।	५००००	गार्डियनमाइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड
५	चालु	०८२।३।११	१६०	विपन्न नागरिक वडा भित्रको १९९ जना विपन्न नागरिकको बीमा	१०००००	गार्डियनमाइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड

९३ **जनप्रतिनिधिबाट पेश्की लिइ कार्य गरेको**

वडा नं ५ पुँजीगत

(28-2082-03-22):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा (४) को खण्ड (ख) मा वडा अध्यक्षको काम, कर्तव्य र अधिकार स्पष्ट रूपमा व्यवस्था गरिएको सो अनुसार ७ प्रकारका कार्यहरु उल्लेख भएकोमा आर्थिक कृयाकलापमा संलग्न हुनमिल्ने देखिंदैन । कसाइ मण्डि सौन्दर्यकरण कार्यको लागि वडा अध्यक्ष सराफत हुसेन शेष वाट पेश्की फछ्यौट समेत रु १,००,००० खर्च लेखेको देखियो । आफ्नो कार्यक्षेत्रभित्र आन्तरिक आय श्रोत बढाउने कार्य योजना तयार गर्ने आर्थिक विचलन रोक्ने, वडातहमा सुशासन कायम गर्ने, सदाचार सम्बन्ध नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा आर्थिक कारोवारसँग प्रत्यक्ष संलग्न भई आफैले कार्यक्रम पेश्की लिएर कार्यक्रम संचालन गरेको नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१,००,०००

९४ **वडा नं ८ पुँजीगत**

९४.१ पुँजीगत शिर्षकवाट चालु प्रकृतिको खर्चः- महालेखा नियन्त्रक कार्यालयले जारी गरेको एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४(दोश्रो परिमार्जन) अनुसार खर्चको शिर्षक वर्गीकरण गर्नुपर्ने तथा तोकिएको शिर्षकवाट खर्च लेख्नुपर्ने व्यवस्था छ। यस वडाले पुँजीगत खर्चमा न्युन वजेट विनियोजन गरेको देखिएकोमा पनि अधिकाश कार्यक्रम चालु प्रकृतिको रहेको देखियो ।अत: बजेट शिर्षक बर्गीकरण र ब्याख्या अनुसार कार्य गराउनुपर्ने देखिन्छ। केही उदाहरणहरु :-

मिति	भौ नं	वेहोरा	रकम रु
०८/२८/२०८१	७	राप्ती स्नान मेलामा यातायात व्यवस्थापन बापतको रकम भुक्तानी	२००००
१०/१०/२०८१	१०	खेलकुद सामाग्री विवरण	१०००८
११/०५/२०८१	१२	खेलकुद सामाग्री विवरण	९४५०
११/०५/२०८१	१३	खेलकुद सामाग्री विवरण	२५२४०
१२/०७/२०८१	२०	खेलकुद समाग्री सहयोग	३००००
०३/०४/२०८२	४२	खेलकुद समाग्री सहयोग	१०८८०
०३/२४/२०८२	६०	खेलकुद सामाग्री विवरण	१९०००
०३/२४/२०८२	६६	सिलाइकटाइ तालिम	१९९५००

९४.२ (१६-2081-11-27):

लागत अनुमान नापी तथा मुल्याँकन संलग्न नभएको :- आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७७ को नियम ३९(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वडाले सडक बत्ति व्यवस्थापन कार्यको लागी पोल तार खरिद तथा जडान समेतको कार्य देखिएकोमा केवल सामाग्री खरिदको विल मात्र संलग्न गरि नेपाल इन्टरप्रियोर लाई रु २,३९,१०८ भुक्तानी गरेको देखिएकोले नापी तथा मुल्याँकन संलग्न गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	२,३९,१०८

९५ वडा नं १२ पुँजीगत

९५.१ (४३-2082-03-25):

बेलासपुरको विभिन्न स्थानमा पिसिसी ढक्कन निर्माण:- यस निर्माण कार्यको लागि मिलिजुली निर्माण सेवा वाजुरासँग मिति २०८२।२। ८ मा रु ९,५८,६४३ मा सोझै खरिद विधिवाट सम्झौता भएकोमा मिति २०८२।३।१५ सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा प्रथम रनिङ विलवापत रु ७,०८,८७६ को मात्र अध्याबधिक कार्य भएको देखियो । अत:निर्धारित अबधिमा कार्य पुरा नभएकोले क्षतिपूर्ति लगाइ कार्यसम्पन्न गर्नुपर्ने देखिन्छ।

९५.२ (४५-2082-03-25):

कोरियनपुर विभिन्न स्थानमा नाली पिसिसी र ग्राभेल :- यस निर्माण कार्यको लागि वाइ एण्ड भि इन्फ्रा एण्ड मल्टिपर्पोज प्रालिसँग मिति २०८२।२।६ मा रु ४,७७,३२० मा सोझै खरिद विधिवाट सम्झौता भएकोमा मिति २०८२।३।१५ सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा प्रथम रनिङ विलवापत रु २६३०६८ को मात्र अध्याबधिक कार्य भएको देखियो । अत:निर्धारित अबधिमा कार्य पुरा नभएकोले क्षतिपूर्ति लगाइ कार्यसम्पन्न गर्नुपर्ने देखिन्छ।

९६ वडा नं १८ पुँजीगत

९६.१ (५९-2082-03-25):

नापी मुल्याँकन नभएको:-आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७७ को नियम ३९(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वडाले अन्य भौतिक संरचना निर्माण तथा मर्मत शिर्षकमा श्री देउतादिन माध्यामिक विद्यालय,नेपालगंज-१८ ,लग्दहवा लाइ रु २,३०,५२० भुक्तानी दिएकोमा नापी तथा मुल्याँकन संलग्न नभएकोले सो अनुरुपको प्रमाण कागजात पेश गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	२,३०,५२०

९६.२ (61-2082-03-25):

क्षतिपूर्ति:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपूर्तिको सहितको व्यवस्था खरिद सम्झौतामा गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले यस बमोजिम खरिद सम्झौताको GCC मा क्षतिपूर्तिको व्यवस्था गरेको देखियो । वडाका विभिन्न स्थानमा माटो पटान तथा ग्राभेल कार्य गरेवापत चौधरी विल्डर्सलाई रु.९,७०,४५६,।७०।- रकम भुक्तानी भएको देखिन्छ । सम्झौता अनुसार मिति २०८२।०३।२० मा कार्यसम्पन्न गर्नुपर्नेमा ४ दिन ढिला मिति २०८२।०३।२४ मा मात्र सम्पन्न गरेको देखिएकोले ४ दिनको पूर्व निर्धारित क्षतिपूर्ति रु.१,७२० असुल उपर हुनुपर्ने रु

असुल गर्नुपर्ने	१,७२०

९७ **वडा स्तरीय योजना अनुगमन भत्ता**

वडा नं १९ पुँजीगत

(४६-2082-03-24):

लुम्बिनी प्रदेशको स्थानीय तहको पदाधिकारीको सेवा सम्बन्धी ऐन, २०७६ को नियम १४(ख) मा स्थानीय तहको पदाधिकारीले यस ऐनले निर्धारित गरेको सुविधा बाहेक अन्य सुविधा नपाइने व्यवस्था रहेको साथै लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिकाको बुँदा नं १९ मा सार्वजनिक निकायको कार्य जिम्मेवारी तथा कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरेवापत तलव वा पारिश्रमिक बाहेकको अन्य थप सुविधा वा अतिरिक्त भत्ता लिन नपाइने व्यवस्था रहेको छ।यस वडाले योजना अनुगमन वापत देहायका विभिन्न व्यक्तिहरुलाई वडामा संचालन भएको योजनाको लागि अनुगमन भत्ता भुक्तानी गरेकोले कर कट्टी वाहेकको रकम असुलउपर गर्नुपर्ने रु.

सि.नं.	पद	नाम	रकम
१	वडा अध्यक्ष	परसराम कुर्मी	७६५०
२	वडा सदस्य	रामसुहवन कुर्मी	७६५०
३	वडा सदस्य	मनसुर खाँ	७६५०
४	वडा सदस्य	अमृता कुमारी सिंह	७६५०
५	वडा सदस्य	सुनिता कोरी	७६५०
६	ईन्जिनियर	ईश्वरी सापकोटा	७६५०
७	सव-ईन्जिनियर	आर्य कुँवर	७६५०
८	अ.सव-ईन्जिनियर	नवराज रोकाय	७६५०
९	सहायक पाँचौ	मनोज कुमार रिजाल	७६५०
१०	सहजकर्ता	सन्तोष शुक्ला	४२५०
जम्मा			**७३१००**

असुल गर्नुपर्ने	७३,१००

९८ **आनुपातिक कट्टी**

वडा नं २१ पुँजीगत

(६३-2082-03-23):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको रकम भुक्तानी दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। यस वडाले वडा कार्यालयको भवन थप कार्यको लागी रु १३,२७,७३६ को लागत अनुमान तयार गरी ५ प्रतिशत लागत साझेदारीको प्रावधान राखेकोमा प्रथम रनिङ विल को मुल्याँकन रु ८,९१,२५० अनुसार रु ४४,५६३ कट्टी गरी भुक्तानी गर्नुपर्नेमा नगरेकोले उपभोक्ता समितिवाट आनुपातिक योगदान असुल गर्नुपर्ने देखिएको रु

असुल गर्नुपर्ने	४४,५६३

९९ **पुर्वनिर्धारित क्षतिपूर्ति**

वडा नं १३ पुंजीगत

(८९-2082-03-25):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा पूर्व निर्धारित क्षतिपूर्ति सम्बन्धमा निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएबमोजिमको म्यादमा सम्पन्न हुन नसकेमा निर्माण व्यवसायीले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढने गरी साधारणतया प्रतिदिदन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने कानूनी व्यवस्था रहेको छ । वडा कार्यालयमा जिन्सी कोठा निर्माण कार्य गरे बापत रु ५,१८,१६० मा सम्झौता गरी जय माँ दुर्गा कन्स्ट्रक्शनलाई रु.३,३५,०००।– रकम भुक्तानीमा मिति २०८२ असार १५ गते भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा मिति २०८२ असार २५ गते कार्यसम्पन्न भई रकम भुक्तानी भएको देखिएकोले सम्झौता बमोजिमको रकममा १० दिनको क्षतिपूर्ति बापत रु.२,६००।– रकम असुल गर्नुपर्ने देखिएको रु

असुल गर्नुपर्ने	२,६००

१०० **वढि दररेटले भुक्तानी**

वडा नं १ पुँजीगत

(41-2082-03-05):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नम्स सम्बन्धी व्यबस्था रहको छ । यस वडाले सान्त हमालको घर देखि उत्तर इन्दिरा क्षेत्री घिमिरेको घर सम्म पि.सि.सी. वाटो र एकतर्फी नाला निमार्ण कार्यको लागी शुभ आर एस विल्डर्स एण्ड सप्लायर्ससंग सोझै खरिद गरी कार्य गर्दा नम्स अनुसार हुनुपर्ने भन्दा फरक दरले भुक्तानी गरेको देखिएकोले वढी भुक्तानी रकम असुल गर्नुपर्ने देखिएको रु

आइटम	भुक्तानीदर	हुनुपर्नेदर	फरकदर	परिमाण	फरकरकम
stone filling	७०००	३२९८	३७०२	१०.१५	३७५७५
pcc 1:2:4	१४०३०	१०८४४	३१८६	१०.१५	३२३३८
					६९९१३
				मुअकरसमेत	७९००२

असुल गर्नुपर्ने	७९,००२

१०१ **भरपाइ संलग्न नभएको**

वडा नं १२ पुँजीगत

(२-2081-06-30):

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७७ को नियम ३९(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वडाले सिलाइ कटाइ वापतको भुक्तानी गरेकोमा मुख्य

प्रशिक्षक वापतको भत्ता भुक्तानी भरपाइ संलग्न गरेको नदेखिएकोले नियमानुसार प्रमाण संलग्न गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	३०,०००

१०२ **वडा नं.१३-चालुतर्फ**

सिलाईकटाई तालिम- ७५।२०८२।०३।२०

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना संचालन गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने विषयमा प्राथमिकता दिई योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यस आ.ब आयआर्जनको यस वडाका ४२ महिलाहरुको लागि ४५ दिने सिलाईकटाई तालिम संचालन गरे वापत फातिमा फाउन्डेशन नेपाललाई रू.१,९५,००० रकम भुक्तानी भएको छ। यस तालिमबाट लक्षित वर्गमा भएको रोजगारी सिर्जना, सो बाट भएको आर्थिक विकास र तालिम लिएपश्चात सिलाई कटाई कार्यक्रमलाई निरन्तरता भए नभएको सम्बन्धमा पालिकावाट पृष्ठपोषण लिएको देखिएन। यस प्रकारको कार्यको पालिकाबाट उपलब्धिको आवधिक मुल्याँकन हुनुपर्दछ।

१०३ **वडा नं.१४-चालुतर्फ**

८८।०८२।३।२३ वडा स्तरीय योजना अनुगमन भत्ताः लुम्बिनी प्रदेशको स्थानीय तहको पदाधिकारीको सेवा सम्बन्धी ऐन, २०७६ को नियम १४(ख) मा स्थानीय तहको पदाधिकारीले यस ऐनले निर्धारित गरेको सुविधा बाहेक अन्य सुविधा नपाइने व्यवस्था रहेको साथै लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिकाको बुँदा नं १९ मा सार्वजनिक निकायको कार्य जिम्मेवारी तथा कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरेवापत तलव वा पारिश्रमिक बाहेकको अन्य थप सुविधा वा अतिरिक्त भत्ता लिन नपाइने व्यवस्था रहेको छ। यस वडाले योजना अनुगमन वापत देहायका विभिन्न व्यक्तिहरुलाइ वडामा संचालन भएको योजनाको लागि अनुगमन भत्ता भुक्तानी गरेकोमा कर कट्टि बाहेकको रकम असुल गर्नुपर्ने रु.

सि.नं.	पद	नाम	रकम
१	वडा अध्यक्ष	श्री मजहर अली साई	८५००
२	वडा सदस्य	श्री सन्तोष कुमार मिश्र	८५००
३	वडा सदस्य	श्री राकेश कुमार भाँट	८५००
४	महिला वडा सदस्य	श्री सोनी बागवान	८५००
५	द.म.वडा सदस्य	श्री माहामाया कोरी	८५००
६	वडा सचिव	श्री बामदेव शर्मा	८५००
७	सव-ईन्जिनियर	श्री विनोद कुमार झा	८५००
८	ईन्जिनियर	श्री सुरज कुमार गुप्ता	८५००
			६८०००

असुल गर्नुपर्ने	६८,०००

१०४ **वडा नं. १८-चालुतर्फ**

१०४.१ **बैठक भत्ताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई, कागजात संलग्न भएको वा नभएको वा संलग्न कागजात बमोजिम भुक्तानी दिनको लागि रित पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। वडा कार्यालयबाट वडा समितिवापतको

भत्ता भुक्तानी गर्दा मासिक बैठकमा उपस्थित भएको प्रमाणको आधारमा भुक्तानी गर्नुपर्नेमा प्रत्येक महिनामा ३ वटा बैठकको दरले भुक्तानी भएको पाइयो। संलग्न स्रेस्ता अनुसार महिला वडा सदस्य श्री आशा शाहीलाई विभिन्न १० वटा बैठकमा उपस्थित नरहेको दिनको समेत भत्ता उपलब्ध गराएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु.

सि.नं	पद	भुक्तानी पाउने	भुक्तानी भएको रू.	हुनुपर्ने रकम	बढी भुक्तानी कर बाहेक
१	वडा सदस्य	आशा शाही	१८०००	८०००	८५००

असुल गर्नुपर्ने	८,५००

१०४.२ **पेश्की फछ्यौटः ३९।०८२।९।२६**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फस्र्योटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले व्याज समेत लगाई असुल गरिने व्यवस्था रहेको छ। यस वडाका सहायक पाचौ हेमन्त प्रसाद यादवले जनप्रतिनिधि भ्रमणको लागि रु १,७०,८०० पेश्की लिएकोमा कार्यक्रम संचालन नगरी मिति २०८२।९।६ मा मात्र दाखिला गरेको देखिएकोले नियमानुसार ५ महिना ६ दिनको हुन आउने व्याज रु.७४०० असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	७,४००

१०५ **वडा नं.२१ चालुतर्फ**

बैठक भत्ताः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई, कागजात संलग्न भएको वा नभएको वा संलग्न कागजात बमोजिम भुक्तानी दिनको लागि रित पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले वडाका जनप्रतिनिधिलाई मासिक रुपमा ३ वटा बैठकको दरले बार्षिक रुपमा ३६ वटा बैठकको रू.१,०००/- को दरले रू.३६,०००/- भुक्तानी भएको छ। बैठक भत्ता वापतको रकम भुक्तानी गर्दा माइन्युटमा भएको उपस्थितिको आधारमा गर्नुपर्नेमा संलग्न श्रेस्तामा देहायका जनप्रतिनिधि तथा कर्मचारीहरु बैठकमा उपस्थित नभएकोमा समेत बैठक भत्ता भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रकम रू.

सि.नं	पद	भुक्तानी पाउने	भुक्तानी भएको रू.	हुनुपर्ने रकम	बढी भुक्तानी कर बाहेक
१	वडा सदस्य	अरुण कुमार मिश्र	३६०००	२९०००	५९५०
२	वडा सदस्य	जानतार कुर्मी	३६०००	२८०००	६८००
जम्मा					**१२७५०**

असुल गर्नुपर्ने	१२,७५०

१०६ **स्वकीय सचिव**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन,२०७६ को दफा १४(२) मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा पाउने छैन भन्ने व्यवस्था रहेको छ जसबमोजिम स्थानीय तहका पदाधिकारीले स्वकीय सचिव/सहयोगी, प्रेस सल्लाहकार तथा कानुनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने व्यवस्था रहेको छ । पालिकामा आफ्नो आन्तरिक आय न्यून भएको अवस्थामा यस वर्ष देहाय बमोजिमका स्वकीय सचिव/प्रेस सल्लाहकार तथा कानुनी सल्लाहकार राखी भुक्तानी दिएको देखियो । अत: नियमकानुनमा व्यवस्था नभएको उक्त खर्च नियम सम्मत नदेखिएको रु.

सि.नं	पद	बार्षिक तलब भत्ता रू.
१	स्वकीय सचिव- नगर प्रमुख	४७३४९०
२	स्वकीय सचिव- नगर उपप्रमुख	४४९७२६
३	प्रेस सल्लाहकार	२४००००
४	कानुनी सल्लाहकार	३६००००
जम्मा		**१५२३२१६**

अनियमित भएको	१५,२३,२१६

१०७ **ज्यालादारी कर्मचारीहरु**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसैगरी सोही ऐनको दफा ८३ (८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ।पालिकाबाट प्राप्त विवरण बमोजिम यस आ.ब मा १२६ जनालाई ज्यालादारीमा नियुक्ती गरी अन्य सेवा शुल्क शिर्षकबाट रू.२,८९,९१,१६६/- रकम भुक्तानी भएको जसमा ल्याण्डफिल साइट सुपरभाइजर, साइट इन्चार्ज, ड्राइभर, कुचीकार, मिस्त्री, जेसिबी अपरेटर तथा कुचीकार लगायतका पदहरुमा रकम भुक्तानी भएको छ ।नगरसभाको मितिः २०८१।०३।२९ को निर्णयबमोजिम गतविगतदेखि कार्य गर्दै आइरहेका दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई कार्यालयको आवश्यकता अनुसार हालको जिल्ला दररेटका आधारमा पारिश्रमिकता भुक्तानी दिने र मिति २०८१/०४/०१ गते देखि लागू हुने गरी २०८२ असार मसान्त सम्म कामकाजमा लगाउने निर्णय गरेको देखियो । पालिकाले गरेको संगठन व्यवस्थापन सर्वेक्षणमा सहायक कर्मचारी, मिस्त्री, सरसफाईकर्मी, फोहोरमैलाकर्मी लगायतका २१४ जना पदहरुमा करार कर्मचारी राख्न सकिने गरी सर्वेक्षण भएको र सोही बमोजिम करारमा कार्यरत समेत रहेको,मुख्य सडक सरसफाइ कार्यको लागी छुट्टै परामर्श सेवामा खरिद व्यवस्थापन गरेको देखिएको, उपमहानगरपालिकाको मिति २०८०।३।२३ मा सभावाट स्वीकृत दरवन्दीमा डोरहाजिरिवाट कार्य गर्न पदको व्यवस्था भएको नदेखिएको , पालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण अध्ययन प्रतिबेदनको पृष्ठ नं ५४ मा अन्य भैपरि आवश्यक नपर्ने जनशक्तिको हकमा स्थायी पदपुर्ति नगरी सेवा करारको माध्यमवाट वार्षिक वजेटको समेत सुनिश्चितता गरी व्यवस्थापन गर्नुपर्ने उल्लेख भएको देखियो ।अत: उपरोक्त अनुसारको कार्य नभएको तथा थप आवश्यक्ताको पहिचान नगरी मासिक १२६ जनालाई भुक्तानी दिएको देखिएकोले उक्त खर्च नियम सम्मत नदेखिएको रकम रू.

अनियमित भएको	२,८९,९१,१६६

१०८ **बढी भुक्तानीः १२५०।२०८२।०३।०६**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई, कागजात संलग्न भएको वा नभएको वा संलग्न कागजात बमोजिम भुक्तानी दिनको लागि रित पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । असिस्टेन्ट सव-इन्जिनियर दिपिका परियारलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मितिः२०८१।०२।२९ को पत्रबमोजिम समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, काठमाडौमा कामकाजमा खटाइएको छ ।सोही कार्यालयबाट प्राप्त प्रमाणित रुजु हाजिरको आधारमा निजलाई श्रावण देखि आषाढ सम्म १२ महिनाको तलब भुक्तानी भएकोमा संलग्न भएको श्रेस्ता बमोजिम स्थानीय भत्ता वापत प्रत्येक महिनाको रू.१,०००/- को दरले बर्षको रू.१२,०००/- भुक्तानी भएको छ । नेपालगंज उपमहानगरपालिकामा कार्यरत नरहेको अवस्थामा स्थानीय भत्ता वापतको भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रकम रू.

असुल गर्नुपर्ने	१२,०००

१०९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

१०९.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन। कामका लागि रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकांश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिएकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा गोरेटो बाटो मर्मत, पदमार्ग तथा नाली व्यवस्थापन, मोटरबाटो कुलो निर्माण योजना लगायतका कार्यक्रम सञ्चालनको लागि रु.१,०४,५१,००० वजेट विनियोजन भएकोमा पालिकाले पेश गरेको विवरण अनुसार ६८ जनालाई बढीमा ७९ दिन र कम्तिमा १८.६ दिन गरी औषतमा ४२.७२ दिनको कार्यक्रम खर्चमा रू.६८४८७८१/- प्रशासनिकमा रू.१६१८८३०/- गरी जम्मा रू.८४६७६११/- खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्नानुसार छन ।

१०९.२ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विशेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राही समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । पालिकाले उक्त कार्यक्रमको व्यवस्थित अभिलेख राखेको नदेखिएकोले नियमानुसार अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१०९.३ रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा कार्यपालिकाको निर्णयअनुसार योजनाहरू छनौट गरी वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूची तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमुलक र रोजगारमुलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

११० **औषधी खरिद**

पालिकाले यस आ.ब मा आधारभुत र आकस्मिक स्वास्थ्य सेवा तथा आयुर्वेदिक औषधी खरिद गरेको छ ।नमुना छनौट र उपलब्ध कागजातका आधारमा परीक्षण गर्दा देखिएको व्यहोराहरु निम्न छन्:-

क्र सं	गो भौ नं मिति	भुक्तानी पाउने	रकम रु
१	१९२।२०८१।१२।२०	गिताश्वीनि प्रोमेड प्रा लि	८२६१५
२		चिराग फार्मेसी	२३०४२२
३		भिमदेवी मेडिसिन सप्लायर्स	२२५२१६
४	२१०।२०८२।०१।०७	कामना आयुर्वेद(आयुर्वेदिक औषधी)	४३९३१७
५	२२३।२०८२।०१।१२	लिसा आयुर्वेद मेडिसिन डिष्ट्रिब्युटर्स(आयुर्वेदिक औषधी)	४११०७०
६	२४४।२०८२।०२।१८	सिर्जना मेडिसिन सप्लायर्स	१६५१७५५
७	३८१।२०८२।०३।२४	सिर्जना मेडिसिन सप्लायर्स	३९०१४९
जम्मा			३४३०५४४

• लागत अनुमान:- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सोही नियमावलीको नियम ९ र सम्वन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही तयार गर्नुपर्नेछ। यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय जस्तै जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, उद्योग बाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार मान्नुपर्ने व्यवस्था छ ।लागत अनुमान तयार गर्दा केही फर्मवाट दररेट लिइ खरिद गरेको देखियो।लागत अनुमानको आधारका रुपमा दररेट लिइएका आपुर्तिकर्ताहरु आधिकारीक विक्रेता भए नभएको सम्बन्धमा पालिकाले यकिन गरेको देखिएन। यसरी स्पष्ट आधारवेगर लागत अनुमानको तयारी गर्दा खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी नहुन सक्ने देखिन्छ । यस्तै प्रकृतिको सामान खरिद गर्ने निकायहरुको लागत अनुमानको दररेट निर्धारण प्रकृया, बजारको वास्तविक दर तथा गुणस्तर समेत विश्लेषण गरी लागत अनुमान तयार हुनुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नु पर्नेमा पालिकाले सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने गरेको देखिएन। औषधी खरिदमा गुणस्तरीयताको सुनिश्चितता हुने तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनी खुलाउनुपर्दछ।

• औषधीको आवश्यकता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधी, सरकारले निशुल्क वितरण गर्ने भनी घोषणा गरेका औषधी, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेतको यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नुपर्दछ।स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्चगरी औषधीको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ त्यस्तै पालिकाबाट औषधी वितरण भएको औषधी स्वास्थ्य कार्यलयले व्यवस्थित अभिलेख राखी वितरण गरे नगरेको, स्वास्थ्य संस्थाले भणडारण व्यवस्थित गरे नगरेको र औषधीको उपयोगको अवस्था अनुगमन समेत गर्नुपर्दछ । तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१११ **श्रेस्ता कागजात नभएको**

कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१।०८२ मा स्थानीय तहबाट सम्पादन हुने सशर्त अनुदानका बजेट उपशीर्षकहरूका कार्यक्रमको कार्यान्वयन प्रक्रिया एवम् मापदण्ड, विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गतका क्रियाकलापको कार्यान्वयन प्रक्रियाका सम्वन्धमा उल्लेख छ।कार्यविधिको क्रियाकलाप अनुसार रकम निकासा दिँदा विद्यालयको माग फारम, विद्यालयले पेश गरेको खर्च रकमको विल भरपाई, पालिकाबाट भएको निरीक्षण, अनुगमन प्रतिवेदन लगायतका कागजात पेश गर्नुपर्ने तथा प्रत्येक अनुदान दिंदा कार्यविधिमा उल्लेखित प्रक्रिया पुरा गरेर मात्र अनुदान दिनुपर्दछ। विद्यालयलाई निकासा दिइएको विद्यार्थी सङ्ख्या तथा अनुदानको एकीकृत अभिलेख,

विद्यालय लेखापरीक्षण प्रतिवेदन, शिक्षकहरुको तलब, दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति लगायतका माग फारम, विद्यालयले पेश गरेको खर्च रकमको विल भरपाई, लगायतका कागजात २०८२।०५।२३ र २४ मा भएको विषम परिस्थितिको कारणबाट शिक्षा शाखा पुर्ण रुपमा जलेर नष्ट भएको जनाइ उपरोक्त अनुसारको कागजात लेखापरीक्षणको क्रममा पेश नभएकोले देहायका कम्पोनेन्ट अनुसारको विनियोजन र खर्च रकम कार्यविधि अनुरुप भए/ नभएको भिडाइ हेर्ने आधार भएन । तसर्थ निम्नानुसाको शिर्षकहरुवाट विद्यालयहरुलाई गरेको निकासा तथा खर्च भएको रकम सम्वन्धमा यकिन गर्न सकिएन। अत: यस सम्बन्धमा पालिकाले निकासा भएका विद्यालयहरुको लेखापरीक्षण प्रतिबेदन, अनुगमन लगायतको कृयाकलापबाट उद्येश्य अनुरुप खर्च भए नभएको समबन्धमा यकिन गर्नुपर्दछ ।

क सं	कम्पोनेन्ट नं	कार्यक्रम शिर्षक	विनियोजन रकम	खर्च रकम
१	२.७.११.१	तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान	४८३२२०००	३४१८०१३०
२	२.४.६.२	सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/ मातृभाषाको समेत)	१८८१७०००	१५९८४५७३
३	२.७.१३.३०५	विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति	२९६५०००	२३४०००
४	७.२.१.१	सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय)	८८३४०००	५८०७८००
५	१.१.३.४	माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/ कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत)	६३७२५०००	४३९०८१९९
६	१.१.३.३	आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/ कर्मचारीहरु समेत)	२१६९१७०००	२१६९१७०००
७	२.७.१३.४१	आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान	१३८४०००	११६६२६५
८	२.७.१३.१३	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	७९८७०००	७९८७०००
९	२.७.१३.४०	माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान	८६७००००	४७९०६०२
१०	२.७.१३.१०	विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान	४०१००००	३४८८०००
११	२.७.१३.११	शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत)	१६८०००००	१०६०००००
१२	२.७.१३.५०	प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान	८०७१०००	७९३२७००
१३	२.७.१३.२३	सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन	५४४८०००	४५६४२२८
१४	१.१.४.१	प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान	२६८१६०००	२६५१९२६६
गो भौ नं मिति		**खर्च शिर्षक**	**खर्च रकम**	
२९३।२०८२।०३।०६		शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण	२७६६१८	

११२ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर: कार्यक्रम कार्यान्वियन कार्यविधिमा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्वियन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

(ख)निजी विद्यालय व्यवस्थापन: राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

(ग)विद्यालयहरुको लेखापरीक्षण: कार्यक्रम कार्यान्वियन कार्यविधिमा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यबस्था छ । पालिका अन्तर्गत ८१ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व.२०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म विद्यालयहरूको लेखापरीक्षण नगराएको जानकारी प्राप्त भएको छ । अतः कार्यालयबाट अनुदान निकासा हुने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

(घ)अनुगमन: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी सोही अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। पालिकाले अनुगमन सम्बन्धी निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाई प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नुपर्दछ ।

११३ **निकासा विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा वा कार्यको निमित्त स्वीकृत सिमाभित्र रहेको र कुनै काम अनावश्यक रुपमा दोहोरो हुने गरी विभिन्न निकाय वा कर्मचारीबाट नगरिएको सुनिश्चित भएको एकिन गरी खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राख्नु पर्दछ।

११४ **सेनिटरी प्याड**

११४.१(४०५-2082-03-25):

सेनिटरी प्याड व्यबस्थापन कार्यविधि, २०७६ को अनुसूची १ मा सेनिटरी प्याडको न्यूनतम मापदण्ड तोकेको छ।जसमा प्याडको लम्बाई २४०mm + २० mm , चौडाई ६० देखि ७५mm, मोटाई १५mm+ २mm हुनुपर्ने व्यवस्था छ।सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड ब्यवस्थापन शिर्षक अन्तर्गतको रकम रू ४५,६४,२२८ नेपालगंज उपमहानगरपालिकाको धरौटी खातामा जम्मा गरेको पाइयो।ल्याव टेष्टको लागि पठाइएकोमा असार मसान्तसम्म रिपोर्ट नआइसकेकोले उक्त रकम धरौटी खातामा जम्मा गरेको जनाई रिपोर्ट आइसकेपछि भुक्तानी गरेको छ। पालिकामा एन्जल टच हाइजिन म्यानुफ्याक्चरीङ प्रा लि बाट प्रति प्याड रु.४९.५६ का दरले ८१,५०० प्याकेट खरिद गरेको छ।२८०mm को हुनुपर्ने भनी कार्यविधि वेगर स्पेशिफिकेसन तयार गरी खरिद गरेको देखियो।यस विषयमा शिक्षा शाखासँग छलफल गर्दा कार्यविधिले तोकेको साइजको प्याड खरिद गर्दा विद्यार्थीबाट साइज सानो भएको गुनासो आइ प्रयोग नहुने अवस्था रहेको जनाएको छ। पालिकाले आपूर्ति भएको सेनिटरी प्याड तोकिएको स्पेशिफिकेशन अनुसार प्राप्त भए नभएको जाँच गरेको देखिएन।पालिकाले यस सम्बन्धमा सुधार गर्नुपर्दछ।

११४.२ सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ६(४) मा विद्यालयका सम्पर्क व्यक्तिले छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा सोह्र वटासम्म सेनिटरी प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था छ, जसअनुसार प्रत्येक छात्राले १० महिनामा २० प्याकेट प्याड पाउनु पर्ने देखिन्छ।पालिकाले पेश गरेको IEMIS तथ्याङ्क अनुसार कक्षा ६-१२ सम्मका छात्राको संख्या ४,५७० जना रहेकोमा पालिकाले विद्यार्थी संख्याका आधारमा ९१,४०० प्याकेट प्याड खरिद गर्नुपर्ने देखिन्छ।पालिकाले विद्यालयका छात्राहरुलाई पुग्ने गरी प्याड खरिद गर्नुपर्दछ। पालिकाले प्याड खरिद गरी विद्यालयलाई वितरण गरेको र पालिकामा मौज्दात नरहेको जनाएकोमा विद्यालयमा मौज्दात रहेको संख्यात्मक विवरण प्राप्त भएन।पालिकाले विद्यालयमा रहेको सेनिटरी प्याडको मौज्दात संख्या यकिन गरी आवश्यकताको आधारमा छात्रा विद्यार्थीलाई सेनिटरी प्याड वितरण गर्नुपर्दछ त्यस्तै विद्यालयमा पठाइसकेको प्याडको गुणस्तरीयता कायम हुने गरी भण्डारण भए नभएको अनुगमन गर्नुपर्दछ।

११५ खर्चको बिल भरपाई

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी निकायले खर्च गर्दा विल भरपाई र रित पुगेको वा नपुगेको भनी चेकजाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण शिर्षकबाट देहायको कार्यक्रमको पेश्की फछ्र्यौट गरेकोमा खर्चको विल भरपाई पेश नभएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु

गो भौ नं मिति	खर्च शिर्षक	कार्यक्रम विवरण	रकम रु
३७९। २०८२।०३।२४	शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण	कक्षा ८ को परिक्षा संञ्चालन बापतको परिक्षा केन्द्रको खर्च रकम पेश्कि फछ्र्यौट	५१०५००
		प्रमाण पेश नगरेको	५,१०,५००

११६ शिक्षकको बढी तलब निकासा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी निकायले खर्च गर्दा विल भरपाई र रित पुगेको वा नपुगेको भनि चेकजाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ।लेखारीक्षणको क्रममा पेश भएको कागजातका आधारमा परीक्षण गर्दा पालिकाले देहायका शिक्षकलाई अवकाश पश्चात समेत रकम निकासा गरेकोमा विद्यालयबाट असुल गर्नुपर्ने रु

गो भौ नं मिति	विद्यालयको नाम	शिक्षकको नाम	अवकाश मिति	निकासा हुनुपर्ने	निकासा रकम	बढी निकासा
५।२०८१ ।०६।१५	महेन्द्र मा वि	बन्दना शर्मा	२०८१। ०४।३१	५०७९३	१४५५८१	९४७८८
१४९।२०८१।११।२१	ने रा आ वि नटनपुर्वा	सुनिल शाह	२०८१।१०।१५	३४९८३	४२६५१	७६६८
जम्मा रू						१०२४५६

असुल गर्नुपर्ने	१,०२,४५६

११७ **शिक्षक विद्यार्थी अनुपात**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार पदपूर्ति भइ नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तरगत रहेका ८१ वटा विद्यालयहरुको शिक्षक दरबन्दी तथा जम्मा पदपूर्ति र विद्यालय अनुसार जम्मा विद्यार्थी संख्या माग गर्दा पालिकाबाट पेश हुन आएन । शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार तराई जिल्लामा ५० हुनुपर्नेमा मापदण्ड अनुसार नभएमा विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयमा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रवर्द्धनमा जोड दिन दरबन्दी मिलान तथा पुनर्वितरण गर्नुपर्दछ ।

११८ **राजश्व व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७ बमोजिम सरकारलाई प्राप्त हुने राजश्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजश्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८ (२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतको दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था छ। पालिकाको आन्तरीक आयतर्फ सिफारिस शुल्क, दर्ता शुल्क, नवीकरण शुल्क लगायतको सुत्रमा आम्दानी वाँधी लेखांकन गरेको जनाएको छ। पालिकाले सफ्टवेयरको माध्यमवाट राजश्व संकलन गर्ने गरेको जनाएतापनि राजश्व असुली दाखिला कानुनी व्यवस्था अनुरुप भएको देखिएन।

सुत्र प्रणाली रु.२१,८४,४७,८३१ आय देखिएकोमा विभिन्न २१ प्रकारको राजश्व प्राप्त भएको देखिन्छ। सुत्र प्रणाली अनुसार केही वडाको कारोवारको नमुना परीक्षण गर्दा संकलन भएको दिन तथा भोलिपल्ट नभइ केहि अबधि ढिलो दाखिला भएको देखियो यस सम्बन्धमा पालिकासँग छलफल गर्दा केहि वडाहरुमा भौगोलिक हिसाबले तोकिएको समयमा दाखिला गर्न नसक्ने अवस्था रहेको जनाएको भएतापनि पालिकाले कार्यालयमा संकलित राजश्व समयमा दाखिला गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। राजश्व आम्दानी सम्बन्धी सम्पुर्ण श्रेस्ता, कागजात, विवरण लगायत आगलागीवाट नष्ट भएको तथा केवल केही आय ठेक्का मात्र बचेको पालिका प्रशासनवाट जानकारी प्राप्त भएको छ। अत: सुत्र प्रणाली अनुसारको राजश्व रु २१,८४,४७,८३१ नै वास्तविक राजश्व हो भनी यकिन गर्ने आधार देखिंदैन।

• **राजश्व परामर्श समिति:-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धी आवश्यक कानुनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएको राजश्व शाखावाट जानकारी प्राप्त भएतापनि तथ्यगत

विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन। अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।

• **घर वहाल कर:**- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पुरै वा आशिंक रुपमा बहालमा दिएमा घर जग्गा बहाल कर लगाइने र असुल उपर हुने व्यवस्था गरेको छ। सुत्र प्रणाली अनुसार पालिकाले घर बहाल कर बापत यस वर्ष रु ४,६६,३६,३५२ संकलन गरेको देखिन्छ तर वहाल कर सम्वन्धमा घर धुरी सर्वेक्षण मार्फत तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ।

• **मनोरञ्जन कर :**- स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१।८२ मा पालिकाले यस शीर्षकमा रु ५७,३६,८२२ संकलन भएको सुत्र प्रणालीवाट देखिन्छ। यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर सम्बन्धी विवरण तयार गरी सम्भाव्यता एकिन गरी असुल गर्नुपर्दछ।

• **व्यवसाय कर:**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिहरुबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्षको असार मसान्त सम्ममा पालिकाले व्यवसाय दर्ता तथा नविकरण शुल्कबापत रु १,७५,६५,९९१ कर संकलन गरेको सुत्र प्रणाली अनुसार देखिएकोमा पालिकाको क्षेत्रभर रहेका व्यवसायहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले संङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सकिने अवस्था छैन।पालिकाको क्षेत्रभर संचालनमा रहेका व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरामा ल्याउनुपर्दछ।

• **सम्पत्ति कर:**- पालिकाको आर्थिक ऐन २०८१ को अनुसुची १ बमोजिम सम्पत्ति कर संकलन गर्नुपर्ने व्यवस्था छ। सुत्र प्रणाली अनुसार सम्पत्ति कर रु ६,४०,४१,०९९ भएको देखिन्छ। सम्पत्ति कर सम्बन्धी प्राप्त गर्नुपर्ने हालसम्मको लगत तथा अध्याबधिक स्थिति, नामनामेसी सुची लगायतको विवरण लगायत लेखापरीक्षणको क्रममा पेश हुन आएन। कारोवारको गाम्भिर्यता समेत विश्लेषण गरी लेखा राख्नेतर्फ जिम्मेवार पदाधिकारीले ध्यान दिनुपर्ने देखिन्छ।

• **बहाल विटौरी करः**- नगरपालिकाको आर्थिक ऐन, २०८१ को अनुसूची ९ मा पालिकाले पालिका भित्र रहेका हाटबजारहरुबाट शुल्क असुल गर्ने व्यवस्था छ। यस बर्ष बहाल विटौरी वापत रु ४०,००० मात्र संकलन गरेको सुत्र अनुसारको शिर्षकगत विवरणमा देखिएकोमा राजश्व आम्दानीको व्यवस्थित अभिलेख राखी आम्दानी यकिन हुने पद्दितले लेखा श्रेस्ता राख्न पालिकाले ध्यान दिनुपर्दछ।

• **रोलर ग्रेडर आम्दानी:**- पालिवाट प्राप्त विवरण अनुसार आय उपकरण(रोलर,व्यकहोलडर) लगायतको उपकरण रहेको जानकारी प्राप्त भएकोको सो वापतको आय सम्बन्धी अभिलेख प्राप्त हुन आएन। उक्त आय उपकरणहरु परिचालन गर्दा लगबुक, माग गर्नेको निबेदन लगायतको विवरण पेश हुन आएन। नियमकानुन समेतको ध्यान दिइ आय उपकरण परिचालन गरी आम्दानी वाँध्नुपर्ने देखिन्छ।

• **सम्पत्ति कर तथा अन्य शुल्क:**- पालिकास्थित वडाहरुले सम्पत्ति तथा अन्य कर सांग्रिला सफ्टवेयरवाट जम्मा गर्ने तथा सुत्रमा आम्दानी वाँध्ने जनाएकोमा नमुना छनौट गरी वडा नं ४, ६ तथा २३ नं वडाको राजश्व परीक्षण गर्दा सम्बन्धित शिर्षकमा नभइ फरक शिर्षकमा दाखिला गरेको देखिएकोले सम्बन्धित शिर्षक अनुसार दाखिला गर्नेतर्फ ध्यान दिनुपर्दछ।

आय ठेक्का परीक्षण:- पालिकाको राजश्व प्रशासन शाखावाट राजश्व ब्यवस्थापन सम्बन्धी सम्पुर्ण श्रेस्ताकागजात नष्ट भइ केही आय ठेक्का मात्र वाँकी रहेको जनाएकोमा नमुना छनौटको आधारमा परीक्षण गरिएको छ। सो अन्तर्गत देखिएको वेहोराहरु देहाय अनुसार रहेका छन:-

११९ **नेपालगंज बसपार्क सवारी साधन प्रवेश एवम पार्किङ र सो भित्र रहेको सार्वजनिक शौचालय साथै ७ वटा नगर बस संचालन**

उप-महानगरपालिका र श्री शिवशक्ति जनरल एण्ड अर्डर सप्लायर्स बिच नेपालगञ्ज उपमहानगरपालिकाद्वारा निर्मित वडा नं. ४ स्थित नेपालगञ्ज बसपार्कमा सवारी साधन प्रवेश एवं पार्किङ्ग र सो भित्र रहेको सार्वजनिक शौचालय साथै ७ वटा नगरबस संचालन तथा व्यवस्थापनको लागि मिति २०७६/१०/१९ मा सम्झौता भएको देखियो। सम्झौता अनुसार प्रतिवर्ष मु.अ.कर वाहेक रु.१,३७,५०,५५१ रहेकोमा सम्झौताको बखत वुझाउनुपर्ने किस्ता तथा मिति सम्झौताको सर्तमा उल्लेख भएको देखियो। उक्त सम्झौताको अबधि २०८१ माघ मसान्तसम्म भएको देखियो। सो अन्तर्गत देखिएका वेहोराहरु देहाय अनुसार रहेका छन:-

पालिकाले उक्त कार्यवापतको आय सम्झौताको लागि ४४ बुंदे सम्झौता गरेको देखियो। उक्त सम्झौताको मुख्य प्रावधानमा किस्ताअनुसार रकम उपलव्ध गराउने, प्रत्येक किस्ताको रकम दोस्रो पक्षले अग्रिम रुपमा किस्ता सुरु हुनु अगावै अनिवार्य

बुझाउनुपर्ने,प्रचलित कानुन अनुसार लाग्ने अन्य सम्पुर्ण कर तथा शुल्कहरु समेत दोस्रो पक्ष स्वयंले नै व्यहोर्नु/बुझाउनु पर्ने, सम्झौता मान्य रहेको अवधिभर नेपालगञ्ज बसपार्कको पार्किङ्ग, सेवाशुल्क, शौचालय सेवा शुल्कबाट प्राप्त हुने आम्दानी तथा नगरबसबाट सेवा प्रदान गरेवापत यात्रुहरुबाट भाडा उपमहानगरपालिकाले तोके बमोजिमको दररेटमा नबढ्ने गरी उठाउने, नेपालगन्ज उप-महानगरपालिकाको आर्थिक ऐन,२०७६ मा व्यवस्था भएको सार्वजनिक यात्रुसेवामा चल्ने लगायतको प्रावधान रहेकोमा सम्झौताको सर्त अनुसार मात्र आय ठेक्का कार्यान्वयन भएको छ/छैन सो सम्बन्धमा पालिकाले कुनै अनुगमन, निरीक्षण वा प्रतिबेदन गरेको छैन। शर्त अनुसारको कार्यान्वयन सम्बन्धमा जिम्मेवार पदाधिकारीले ध्यान दिनुपर्ने देखिन्छ।

११९.१ **आय बक्यौता:**- पालिकाले ५ वर्ष सम्झौता कायम गरेकोमा सम्झौता अनुसार अन्तिम आर्थिक वर्ष भएको यस आर्थिक वर्षमा चौधौं तथा पन्ध्रौ किस्ता वुझाउनुपर्ने सेड्युल रहेको देखियो। चौधौ किस्ता मिति २०८१ असार १ गतेदेखि २०८१ असोज मसान्त सम्मको रु.५५,४६,०५५.५७/-तथा पन्ध्रौ(अन्तिम) किस्ता मिति २०८१ कार्तिक १ गतेदेखि २०८१ माघ मसान्त सम्मको रु.५५,४६,०५५.५७/-बुझाउनुपर्ने देखिन्छ। पालिकाको राजस्व शाखाबाट प्राप्त जानकारी अनुसार उक्त रकम लेखापरीक्षण अबधिसम्म पनि बुझाएको नदेखिएकोले नियमानुसार व्याज समेत गणना गरी यस आर्थिक वर्षमा ब्यवसायीवाट पालिकालाइ भुक्तानी हुनपर्ने रकम रु. १,१०,९२,११२ शिवशक्ति जनरल एण्ड अर्डर सप्लायर्सबाट असुल गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	१,१०,९२,११२

११९.२ **दस्तुर तथा ब्याज:**- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुलउपर गर्नुपर्ने व्यवस्था छ। पालिकाले श्रेस्तासाथ संलग्न सम्झौता अनुसार यस आर्थिक वर्षमा बुझाउनुपर्ने दुई किस्ताको रकम रु १,१०,९२,११२ को १३ प्रतिशतले हुने मुल्य अभिबृद्धि कर रु १४,४१,९७५ लेखापरीक्षण अबधिसम्म पनि दाखिला गरेको नदेखिएकोले मुल्य अभिबृद्धि करको हकमा मुल्यअभिवृद्धि कर ऐन, २०५२ को दफा १९ तथा २६ बमोजिम थप दस्तुर तथा ब्याज समेत नियमानुसार दाखिला गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	१४,४१,९७५

१२० कान्तिताल वोटिङ माछापालन र पर्यटन कार्य

यस आय ठेक्काको लागि नेपालगंज उप-महानगरपालिका र श्री फन बहादुर गुरुङ्गसँग मिति २०७८।०५।१ मा १० वर्षको लागि बार्षिक कवोल अंक रु २२,५१,००० मा प्रति २ वर्षमा १० प्रतिशतले वढ्ने गरी आय ठेक्का गरेको देखियो। पालिकाले उक्त कार्यवापतको आय सम्झौताको लागि २१ बुंदे सम्झौता गरेको देखियो। उक्त सम्झौताको मुख्य प्रावधानमा दोस्रो पक्षले प्रथम पक्ष समक्ष BOQ मा पेश भए बमोजिमको बोटिङ, माछापालन र पर्यटन सञ्चालनको कार्य गर्ने, परिसरभित्र रहेका सम्पूर्ण सामान, सामाग्री, पूर्वाधारहरुको संरक्षण, मर्मत संभार गर्ने, बोटिङ्ग शूल्कका दरहरु तोकिएबमोजिम मात्र उठाउन पाइने, सम्झौतामा उल्लेखित शुल्क, आम्दानी बाहेक अन्य कुनैपनि प्रकारका शुल्कहरु लिन नपाइने लगायतको शर्तहरु उल्लेख भएको देखियो। उक्त सम्झौताको शर्त अनुसार मात्र आय ठेक्का कार्यान्वयन भएको छ/छैन सो सम्बन्धमा पालिकाले कुनै अनुगन, निरीक्षण वा प्रतिबेदन गरेको छैन। सर्त अनुसारको कार्यान्वयन सम्बन्धमा जिम्मेवार पदाधिकारीले ध्यान दिनुपर्ने देखिन्छ।

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको स्थानीय तहले मुल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मुल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा बुझाउनुपर्ने सम्झौता रकम रु २४,७६,१०० को १३ प्रतिशतले हुने मुल्य अभिबृद्धि कर रु ३,२१,८९३ लेखापरीक्षण अबधिसम्म पनि दाखिला गरेको नदेखिएकोले मुल्य अभिबृद्धि करको हकमा मुल्यअभिवृद्धि कर ऐन, २०५२ को दफा १९ तथा २६ बमोजिम थप दस्तुर तथा ब्याज समेत नियमानुसार दाखिला गर्नुपर्ने देखिएको रु

असुल गर्नुपर्ने	३,२१,८९३

१२१ कबाडी ठेक्का बाट आय

१२१.१ **कवाडी कर:-** पालिकाले कवाडी कर संकलन कार्यको लागि प्रतिवर्ष रु ३७,३१,५६१ को दरले हुने गरी २ वर्षको लागि कृष्ण विल्डर्स कोहलपुर बाँकेसँग मिति २०७८।०९।२६ मा सम्झौता गरेकोमा अर्को सम्झौता नहुँदासम्म सम्झौता निरन्तर गर्ने तथा साविक कबोल अंकमा १० प्रतिशत थप हुने उल्लेख गरी सम्झौता कायम हुनेगरी मिति २०८०।१०।५ मा थप कार्यादेश दिएको देखियो। सम्झौताकर्ताले जडिवुटी कर संकलन गर्न नसकेको कारण उल्लेख गरी कार्यपालिकाको मिति २०७९।१।७ को निर्णयअनुसार सम्झौता रकम रु १२,७७,५०० घटाइ रु २४,५४,०६१ कायम भएको देखियो।सुरु सम्झौता अनुसार उक्त रकममा प्रतिबर्ष १० प्रतिशतले बृद्धि कायम हुने उल्लेख भएकोमा आर्थिक वर्ष २०८१।०८२ मा आय कायम हुनुपर्ने रकम रु ३२,६६,३५५ देखिन्छ। पालिकावाट सुत्र प्रणालीअनुसार दाखिला विवरण पेश नभएको तथा खरिद सम्झौताको फाइलसाथ रु ४,३५,००० मात्र दाखिला भएको भौचर संलग्न भएकोले फरक रकम सम्बन्धमा दाखिला प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२८,३१,३५५

१२१.२ **दस्तुर तथा ब्याज:-** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को१५(३) मा दर्ता नभएको स्थानीय तहले मुल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मुल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। पालिकाले श्रेस्तासाथ संलग्न सम्झौता अनुसार यस आर्थिक वर्षमा बुझाउनुपर्ने रकम रु. ३२,६६,३५५ को १३ प्रतिशतले हुने मुल्य अभिबृद्धि कर रु. ४,२४,६२७ लेखापरीक्षण अबधिसम्म पनि दाखिला गरेको नदेखिएकोले मूल्य अभिबृद्धि करको हकमा मूल्यअभिवृद्धि कर ऐन, २०५२ को दफा १९ तथा २६ बमोजिम थप दस्तुर तथा ब्याज समेत नियमानुसार दाखिला गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	४,२४,६२७

१२१.३ **फरक शीर्षकमा मुल्य अभिबृद्धि कर दाखिला भएको देखिएको:-** सम्झौताकर्ताले सुरु सम्झौताको बुंदा नं ३ अनुसार सम्झौता रकमको १३ प्रतिशतले हुने मुल्य अभिबृद्धि कर शीर्षक नं ३३३१७ मा दाखिला गर्नुपर्नेमा श्रेस्तासाथ संलग्न विवरण अनुसार ३३३१४ शीर्षकमा दाखिला गरेको देखियो ।अत: फरक शीर्षकमा दावी गरी मुल्य अभिबृद्धि कर दाखिला गरेको देखिएकोले दोहोरो दाबी/मिलान हुने हुँदा सम्बन्धित शिर्षक ३३३१७ मा दाखिला भएको वा सम्बन्धित कर कार्यालयबाट उक्त मूअकर रकम दोहोरो दाबी/मिलान नभएको सम्बन्धी प्रमाण पेश हुनुपर्ने रु .

आव	दाखिला गरेको शीर्षक	भौ न	रकम
०७९।०८०	३३३१४	४२७४२७६७	३३१५००
०८०।०८१	३३३१४	५८८६९४०९	३२६८१४
			६५८३१४

प्रमाण पेश नगरेको	६,५८,३१४

१२२ **वाटरपार्क संचालन सम्बन्धी कार्य**

उप-महानगरपालिका र बोटेबोरा प्रा.लि. सामाखुसी-२६, काठमाण्डौ बिच वडा न.-१ र १८ स्थित वाटरपार्क (बोटिंङ, माछापालन, क्यान्टिन र पर्यटन संचालनको लागि मिति २०८०।८।२० मा प्रतिवर्ष रु. १९,५५,००० शुल्क बुझाउनुपर्ने कार्यादेश दिएको देखिएकोमा श्रेस्तासाथ संलग्न सम्झौता अनुसार खरिद सम्झौताको अबधि १० वर्षको हुने तथा कबोल रकममा प्रतिवर्ष ५ प्रतिशतले बृद्धि हुने देखिन्छ। खरिद सम्झौता सकार गर्नेसंग ३५ बुंदे सम्झौता भएकोमा निर्धारण गरेको शुल्क अनुसार मात्र वोटिङ शुल्क लिनुपर्ने, सम्झौतामा उल्लेखित शुल्क वाहेक कुनै शुल्क लिन नपाइने लगायतको सम्झौता भएको देखिएकोमा उक्त सम्झौताको सर्त अनुसार मात्र आय ठेक्का कार्यान्वियन भएको छ/छैन सो सम्बन्धमा पालिकाले कुनै अनुगन निरीक्षण वा प्रतिबेदन गरेको छैन। सर्त अनुसारको कार्यान्वियन सम्बन्धमा जिम्मेवार पदाधिकारीले ध्यान दिनुपर्ने देखिन्छ।

१२२.१ **आय बक्यौता:-** सम्झौताकर्ताले प्रतिवर्ष रु. १९,५५,००० अनुसार दोश्रो कार्यान्वियन वर्ष २०८१।०८२ मा सम्झौता रकम रु. २०,५२,७५० कायम भई सो अनुसार आय पालिकामा बुझाउनुपर्नेमा सुत्र प्रणाली तथा कार्यालयले तयार गरेको विवरण अनुसार रु

३,७२,९६८ वाँकी रहेको देखिएकोले किस्ता अनुसार जरिवाना समेत यकिन गरी असुल गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	३,७२,९६८

१२२.२ **मूल्य अभिवृद्धि कर:-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको स्थानीय तहले मुल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मुल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। पालिकाले आय सम्झौता गर्दा वुंदा नं १३ अनुसार यस आर्थिक वर्षमा बुझाउनुपर्ने रकम रु. २,०५,२७५० को १३ प्रतिशतले हुने मुल्य अभिबृद्दि कर रु.२,६६,८५७ लेखापरीक्षण अबधिसम्म पनि दाखिला गरेको नदेखिएकोले मुल्य अभिबृद्धि करको हकमा मुल्यअभिवृद्धि कर ऐन, २०५२ को दफा १९ तथा २६ बमोजिम थप दस्तुर तथा ब्याज समेत नियमानुसार दाखिला गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	२,६६,८५७

१२३ **विज्ञापनमा सम्झौतामा मु.अ.कर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। उप-महानगरपालिका र लक्ष्मी मिडिया प्रिन्टर्स, नेपालगन्ज बीच कारकांदो देखी जमुनाहा सम्म रहेको सोलार पोलमा विज्ञापन सामाग्री लगाएवापत विज्ञापन शुल्क उठाउने कार्यको लागी मिति २०७८।५।१। मा सम्झौता भएको देखिएकोमा प्रतिवर्ष रु. ६४८०० मु.अ.कर वाहेक भुक्तानी गर्नुपर्ने देखिन्छ। राजस्व शाखावाट प्राप्त जनाकारी तथा श्रेस्ता परीक्षणवाट सम्झौता रकम मात्र बुझाइ मुल्य अभिबृद्धि कर नबुझाएको देखियो। अत: मूल्यअभिवृद्धि कर ऐन, २०५२ को दफा १९ तथा २६ बमोजिम थप दस्तुर तथा ब्याज समेत नियमानुसार दाखिला गर्नुपर्ने देखिएको रु .

आर्थिक वर्ष	रकम	मु.अ.कर
२०७८।०७९	६८४००	८८९२
२०७९।०८०	६८४००	८८९२
२०८०।०८१	७५२४०	९७८१
२०८१।०८२	७५२४०	९७८१
		३७३४६

असुल गर्नुपर्ने	३७,३४६

१२४ **बिज्ञापन कर सम्झौता**

१२४.१ **आय बक्यौता:-** पालिका तथा नेपाल मिडिया टेक्नोलोजी प्रालि ललितपुरसँग उपमहानगर क्षेत्रभित्र विज्ञापन कर संकलन कार्यको लागि प्रतिबर्ष रु. ४२,७५,००० को दरले सम्झौता गरेको देखियो। उक्त सम्झौता मिति २०७९ भाद्र ७ मा भएको तथा सम्झौता अनुसार ३ वर्ष अबधि कायम हुने भएको देखिएकोले उक्त अबधिभित्र कुल रु. १,२८,२५,००० बुझाउनुपर्नेमा सो को व्यवस्थित लगत राखेको दखिएन। पालिकाले तयार गरेको सामान्य ढंगको बक्यौता सुची अनुसार रु १,२३,८५,६२५ मात्र आय भएको देखिएकोले नपुग रु. ४,३७,३७५ को किस्ताअनुसार हुने ढिलो दाखिला अबिधको ब्याज समेत यकिन गरि असुल गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	४,३७,३७५

१२४.२ **फरक शीर्षकमा मुल्य अभिबृद्धि कर दाखिला भएको देखिएको:-** सम्झौताकर्ताले सुरु सम्झौताको बुंदा नं ३ अनुसार सम्झौता रकमको १३ प्रतिशतले हुने मुल्य अभिबृद्धि कर शिर्षक नं ३३३१७ मा दाखिला गर्नुपर्नेमा श्रेस्तासाथ संलग्न विवरण अनुसार ३३३१४ शिर्षकमा

दाखिला गरेको देखियो ।अत: फरक शीर्षकमा दावी गरी मुल्य अभिबृद्धि कर दाखिला गरेको देखिएकोले दोहोरो दाबी/मिलान हुने हुँदा सम्बन्धित शिर्षक ३३३१७ मा दाखिला भएको वा सम्बन्धित कर कार्यालयबाट उक्त मूअकर रकम दोहोरो दाबी/मिलान नभएको सम्बन्धी प्रमाण पेश हुनुपर्ने रु मा सम्वन्धित शीर्षकमा दाखिला प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

आव	दाखिला गरेको शीर्षक	भौ न	रकम
०७९।०८०	३३३१४	४२७४२७६७	५५५७५०
०८०।०८१	३३३१४	५८८६९४०९	५५५७५०
०८१।०८२	३३३१४	६९००७०८४	५५५७५०
			१६६७२५०

प्रमाण पेश नगरेको	१६,६७,२५०

१२५ **जमुनाह पार्किङ**

उप-महानगरपालिका जमुनाह सीमा क्षेत्रको मूल सडक आसपासमा सवारी पार्किङ्ग शुल्क उठाउने तथा सवारी व्यवस्थापन कार्य गर्न श्री नेक्सस इनर्जी प्रा.लि. विच वार्षिक कबोल अंक बमोजिम रु.३०,०१,१०१/- (तीस लाख एक हजार एक सय एक मात्र) मु.अ.कर बाहेक मा मिति २०८१।१०।१ देखि २०८६।९।३० सम्मको लागी सम्झौता भएको देखियो। सो अन्तर्गत देखिएका बेहोराहरु देहाय अनुसार रहेका छन:-

१२५.१ **अनुगमन तथा निरीक्षण:-** खरिद सम्झौता सकार गर्नेसँग २६ बुंदे सम्झौता भएकोमा तोकिए अनुसारको मात्र शुल्क उठाउनुपर्ने, पालिकावाट अनुगमन निरीक्षण गरिने, पार्किङ स्थलमा स्थायी संरचना वनाउन नपाइने, पार्किङ स्थललाइ व्यवस्थित तथा मर्यादित वनाइने लगायतको सम्झौता भएको देखिएकोमा उक्त सम्झौताको शर्त अनुसार मात्र आय ठेक्का कार्यान्वियन भएको छ/छैन सो सम्बन्धमा पालिकाले कुनै अनुगमन निरीक्षण वा प्रतिबेदन गरेको छैन। शर्त अनुसारको कार्यान्वियन सम्बन्धमा जिम्मेवार पदाधिकारीले ध्यान दिनुपर्ने देखिन्छ।

१२५.२ **मुल्य अभिवृद्धि कर:-** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको स्थानीय तहले मुल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मुल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। पालिकाले आय सम्झौता गर्दा वुंदा नं ७ अनुसार यस आर्थिक वर्षमा बुझाउनुपर्ने रकम रु. १५,००,५४९ को १३ प्रतिशतले हुने मुल्य अभिबृद्धि कर रु.१,९५,०७१ लेखापरीक्षण अबधिसम्म पनि दाखिला गरेको नदेखिएकोले मुल्य अभिबृद्धि करको हकमा मुल्यअभिवृद्धि कर ऐन, २०५२ को दफा १९ तथा २६ बमोजिम थप दस्तुर तथा ब्याज समेत नियमानुसार दाखिला गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	१,९५,०७१

१२६ **जमुनाह भन्सार सिमा क्षेत्रमा इ रिक्सा लगायतको सवारी साधन पार्किङ ठेक्का**

यस कार्यको लागि स्नेहा मानव कोल्ड स्टोर नेपालगंज ९ बाँकेसँग मिति २०७९।०६।१४ मा सम्झौता अबधि २ वर्ष अर्थात २०८१।६।१३ सम्म कायम रहेको देखियो। कुल सम्झौता रकम रु ३५,००,००० रहेकोमा लेखापरीक्षण अबधिसम्म पनि सम्झौताको सर्त ३ अनुसार मुल्य अभिबृद्धि कर नबुझाएको देखिएकोले मुल्यअभिवृद्धि कर ऐन, २०५२ को दफा १९ तथा २६ बमोजिम थप दस्तुर तथा ब्याज समेत नियमानुसार दाखिला गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	४,५५,०००

१२७ **बसपार्क परिसरभित्र सवारी वासिङ्ग ग्रिजिङ्ग व्यवसाय गर्नका लागि जग्गा लिजमा उपलब्ध गराउने सम्बन्धि सम्झौता**

उप-महानगरपालिका र श्री डिम्यान्स वासिङ्ग ग्रिजिङ्ग एण्ड सर्भिस सेन्टर, नेपालगञ्ज-४, बाँके विच सम्झौता भएको मितिले ५ वर्ष अवधीको लागि लिजमा जग्गा उपलब्ध गराएको देखियो। सम्झौता मिति २०८१।९।१ मा भएको सम्झौता अनुसार वार्षिक रु

३,७२,००० बुझाउनुपर्ने तथा सम्झौताको शर्त ४ बमोजिम मूल्य अभिबृद्धि कर दाखिला गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्म दाखिला नगरेको देखिएकोले यस आर्थिक वर्ष को ७ महिनाको दामासाहीले हुने रु. २१७००० को १३ प्रतिशतले हुने कर मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ तथा २६ बमोजिम थप दस्तुर तथा ब्याज समेत नियमानुसार दाखिला गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	२,८७,२१०

१२८ **महेन्द्रपार्क संचालन ठेक्का**

पालिकाले वडा नं ८ स्थित पार्क संचालन कार्यको लागि शुभ एन एस प्रालि टोखासँग मिति २०७८।२।२५ मा वार्षिक रु ५,०५,१०० मा २ वर्षमा १० प्रतिशतले बृद्धि हुनेगरी आय ठेक्का सम्झौता गरेकोमा देखिएका वेहोराहरु देहाय अनुसार रहेका छन:-

१२८.१ **आय बक्यौता:**- पालिकाले सम्झौमा अनुसार वढोत्तरी समेतको प्रावधान अनुसार यस आर्थिक वर्षमा रु. ५,०९,३१० दाखिला गर्नुपर्नेमा आय विवरणको बक्यौता अनुसार रु. ४,६३,००९ मात्र बुझाएको देखिएकोले नपुग रकम सम्बन्धमा थप यकिन गरी व्याज समेत हुने रकम रु. ४६,३०० असुल गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	४६,३००

१२८.२ **मुअकर बक्यौता:**- सम्झौताको वुदा नं ३ अनुसार यस आ.व.मा रु ६६२१० मु.अ.कर बुझाउनुपर्नेमा रु ३०,०९५ मात्र बुझाएको देखिएकोले नपुग मूल्य अभिबृद्धि कर रकम मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ तथा २६ बमोजिम थप दस्तुर तथा ब्याज समेत नियमानुसार संघीय संचित कोषम दाखिला गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	६६,११५

१२९ **रानीतलाउ प्रबेश शुल्क वोटिङ शुल्क तथा क्यान्टिन**

यस कार्यको लागि शुभ एन एस कन्सट्रक्सन प्रालि टोखासंग मिति २०७८।२।२५ मा सम्झौता भएकोमा बार्षिक सम्झौता रकम रु ५,०५,१०० रहेको देखिएकोमा २ वर्षमा १० प्रतिशतले बृद्धि हुनेगरी आय ठेक्का सम्झौता गरेकोमा देखिएका वेहोराहरु देहाय अनुसार रहेका छन:-

१२९.१ **आय बक्यौता:**- पालिकाले सम्झौमा अनुसार वढोत्तरी समेतको प्रावधान अनुसार यस आर्थिक वर्षमा रु. ५,०९,३१० दाखिला गर्नुपर्नेमा आय विवरणको बक्यौता अनुसार रु. ३,९१,५०० मात्र बुझाएको देखिएकोले नपुग रकम सम्बन्धमा थप यकिन गरी व्याज समेत हुने रकम रु. १,१७,८१० असुल गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	१,१७,८१०

१२९.२ **मु.अ.कर बक्यौता:**- सम्झौताको वुदा नं ३ अनुसार यस आवमा रु. ६६,२१० मु.अ.कर बुझाउनुपर्नेमा रु. ३०,०९५ मात्र बुझाएको देखिएकोले नपुग मुल्य अभिबृद्धि कर रकम मुल्यअभिवृद्धि कर ऐन, २०५२ को दफा १९ तथा २६ बमोजिम थप दस्तुर तथा ब्याज समेत नियमानुसार संघीय संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	६६,११५

१३० **सटरभाडा बक्यौता**

पालिकावाट प्राप्त विवरण अनुसार मातहतमा रहेका १६५ ओटा सटरहरु मध्ये २०८२ असार मसान्तसम्म १३७ वटा सटर मात्र भाडामा गई २८ ओटा खाली रहेको देखिन्छ। सटरभाडा सम्झौता सम्बन्धी फाइल तथा कागजात सम्झौता आगलागीवाट नष्ट भएको जनाई पेश हुन आएन। पालिकाले सटर भाडा नलाग्नुको कारण पहिचान गर्नुपर्ने, श्रोतको उपयोग गरी आन्तरिक आयमा वढोत्तरी गर्नुपर्ने, यथार्थ लगत कायम गर्नुपर्ने लगायतमा ध्यान दिनुपर्ने देखिन्छ। राजस्व शाखावाट पेश भएको विवरण अनुसार भाडामा गएका सटरहरुको निम्नानुसार उठ्नुपर्ने भाडारकम रु.१७,०८,८६० मा नियमानुसार व्याज समेत गणना गरी दाखिला गर्नुपर्ने देखिएको रु. (आन्तरिक

लेखापरीक्षणमा कायम वेरुजुको आधारमा कायम गरिएकोमा पालिकावाट नामनामेसी सहितको बक्यौता असुली सम्वन्धी विवरण माग गर्दा पेश हुन नआएकोले असुलीको बखत नामनामेसी समेत यकिन गरी पालिकाले असुल गर्नुपर्ने)

क्र.सं.	सटर भएको स्थान	जम्मा सटर संख्या	भाडामा रहेको सटर संख्या	आ.व. २०८१।८२ भाडामा रहेको सटरहरुको बार्षिक सम्झौता रकम	आ.व.२०८१।८२ मा भाडावालाले दाखिला गरेको रकम	उठन बाँकी रकम	खाली रहेको सटर संख्या
१	नेपालगंज उप-महानगरपालिका कार्यालय अगाडी	३९	३५	८२४०६७६.००	७४२८८१६.००	८११८६०.००	४
२	बसपार्क वडा नं. ४	६६	४६	३७७०८१६.७६	३११०८१६.७६	६६००००.००	२०
३	सल्यानी वाग वडा नं.४	३४	३४	११३४०००.००	१०११०००.००	१२३०००.००	०
४	मासुमण्डी	१०	१०	१२००००.००	७८०००.००	४२०००.००	०
५	गोसाइ गाँउ	१०	६	९६६०००.००	२४६००.००	७२०००.००	४
	जम्मा	१६५	१३७	१३५८२८९२.७६	११८७४०३२.७६	१७०८८६०.००	२८

असुल गर्नुपर्ने	१७,०८,८६०

१३१ **क्यान्टिन भाडा बक्यौता**

उपमहानगरपालिकाको हाताभित्र रहेको क्यान्टिनको भाडा सम्वन्धमा श्री सरिता शाहीलाई मिति २०७८।७।१५ देखि लागुहुने गरी मासिक भाडावापत रु.२०,८८५।५० भएकोमध्ये निजले आ.व .२०८१।०८२ मा रु.२,५०,६२६।- रकम दाखिला गर्न बाँकी देखिएकोले नियमानुसार मु.अ.कर, व्याज समेत समावेश गरि दाखिला गर्नुपर्ने देखिएको रु (सम्झौता फाइल नभएकोले शाखाको विवरणको आधारमा कायम गरिएको)

असुल गर्नुपर्ने	२,५०,६२६

१३२ **शौचालयं सटर सहित/रहित, ४ वटा मोवाईल शौचालय, १ वटा टेक्टर र २ वटा आधुनिक सक्सन टैंकर सेवा**

१३२.१ **नपुग रकम असुल:-** यस कार्यको लागि उप-महानगरपालिका र श्री क्लिनर्स कन्सर्न सर्भिस, काठमाडौं बिच मिति २०८१।१०।२८ मा ३ वर्षको लागि सम्झौता भएकोमा प्रतिवर्ष १३,६६,६६६ मुअकर बाहेक वुझाउनुपर्नेमा खरिद सम्झौता सम्बन्धी फाइल नष्ट भएको भनी पेश हुन आएन। सुत्र प्रणाली अनुसार सम्झौताकर्ताले रु ६ लाख मात्र आ.व. २०८१।८२ मा बुझाएको देखिएकोले नपुग रकम सम्बन्धमा पालिकावाट थप यकिन गरी हुन आउने रकम व्याजसमेत असुल गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	७,६६,६६६

१३२.२ **मुल्य अभिवृद्धि कर:-** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको स्थानीय तहले मुल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मुल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। पालिकाले आय सम्झौता गर्दा वुंदा नं ७ अनुसार यस आर्थिक वर्षमा बुझाउनुपर्ने रकम रु १३,६६,६६६ को १३ प्रतिशतले हुने मुल्य अभिबृद्दि कर रु १,७७,६६६ लेखापरीक्षण अबधिसम्म पनि दाखिला गरेको नदेखिएकोले मुल्य अभिबृद्दि करको हकमा मुल्यअभिवृद्धि कर ऐन, २०५२ को दफा १९ तथा २६ बमोजिम थप दस्तुर तथा ब्याज समेत नियमानुसार दाखिला गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	१,७७,६६६

१३३ **केन्द्रीय स्वास्थ्य जन्य फोहोर प्रशोधन केन्द्र संचालन गर्ने कार्य**

यस कार्यको लागि स्वच्छ नेपाल हाम्रो अभियान बाँकेसँग प्रतिवर्ष मुल्य अभिबृद्धि कर वाहेक रु ४,५१,५०४ आय प्राप्त गर्ने गरी पालिकाको सम्झौता भएकोमा आय ठेक्का सम्बन्धी फाइल नष्ट भएको भनी पेश हुन आएन। सम्बन्धित सरसफाई शाखावाट प्राप्त विवरण अनुसार सम्झौताको वुंदा नं ५ अनुसार सम्झौता रकमको १३ प्रतिशत मुल्य अभिबृद्धि कर रु ५८,६९६ दाखिला नगरेकोले नियमानुसार जरिवाना, व्याज समेत दाखिला गर्नुपर्ने देखिएको रु

असुल गर्नुपर्ने	५८,६९६

१३४ फुटाहा ताल संचालन सम्बन्धी कार्य

पालिका र नेपालगंज रझैना ५ स्थायी ठेगाना भएको पार्वती देवी गौतम विच वडा नं १९ स्थित फुटाहा तालको ४ विगाहा १३ कट्ठामा माछापाल्ने प्रयोजनको लागि १० वर्षको लागि मिति २०७७।१२।२६ मा वार्षिक रु ५१,५५१ मा सम्झौता भएको देखियो। उक्त आय ठेक्कामा अत्यन्त न्युन रकमको सम्झौता भएको भनी अनुसन्धान गर्ने निकायवाट पुरानो सम्झौता रद्द गरी नयाँ प्रकृया सुरु गर्न निर्देशन दिएकोमा पालिकावाट मिति २०८१।४।२७ मा सम्झौता अन्त्य गरेको सुचना जारी गरेको देखियो। उक्त निर्णय विरुद्ध दोश्रो पक्ष मुद्दामा गएकोमा मिति २०८१।१०।२५ मा भएको फैसलामा समय सापेक्ष भए/नभएको अध्ययन गरी दोश्रो पक्ष समेतलाइ वुझी पुन ठेक्का लगाउनेमा यथाशिघ्र निर्णय गरी सो निर्णय नहुंदासम्म साविककै दरमा कार्य गर्न आदेश भएको देखियो। सम्बन्धित शाखाले छलफलको लागि दोश्रो पक्ष नआएको कारण पुन ठेक्का गर्ने वाटो खुल्ला नभएको जानकारी गराएको छ। यस सम्बन्धमा जिम्मेवार पक्ष समेतले ध्यान दिइ नियम कानुन अनुसार कार्य गर्नुपर्ने देखिन्छ।

१३५ साझेदारी विकास कार्यक्रम (हाल गरिवसँग स्थानीय सरकार संचालन कार्यक्रम कार्यविधि २०८०) को बक्यौता

साविकको साझेदारी विकास कार्यक्रम कार्यविधि २०७५ बमोजिम व्यवसायीहरुको व्यवसाय हेरेर रू २५,००० देखि रु. १,००,००० सम्म वार्षिक १० प्रतिशत ब्याजका दरले पालिकाले ऋणीहरुलाई ऋण उपलव्ध गराएको देखियो। आर्थिक वर्ष २०७५।०७६ देखि २०७९।०८० सम्म ऋण लगानी गरेको सम्वन्धित शाखाले जनाएकोमा आ.व २०८१।०८२ सम्म २१० जना व्यवसायीबाट साँवा रकम रु १,२७,०१,८७७ तथा व्याज रकम रु २६,४१,१७२ उठ्न वाँकी रहेको पेश भएको विवरणवाट देखिन्छ। साझेदारी विकास कार्यक्रम कार्यविधिको वुंदा नं १० को उपवुंदा २ मा रु ५० हजार सम्मको ऋण रकम १२ महिनाभित्र तथा १ लाखसम्मको ऋण रकम १८ महिनाभित्र चुक्ता भइसक्नुपर्नेमा सवै ऋणीको भाखा नाघिसकेको देखिन्छ।ऋण लगानीसँग सम्बन्धित मुल फाइल तथा सम्झौताहरु आगलागीवाट नष्ट भएको भनि लेखापरीक्षणको क्रममा पेश हुन आएन। यस सम्बन्धमा पालिकाले यकिन गरी कार्यविधि बमोजिम लगानी तथा व्याज समेत हुने रकम नियमानुसार असुल गर्नुपर्ने देखिन्छ।

• पालिकाले उक्त ऋण परिचालन सम्बन्धमा साविकको साझेदारी विकास कार्यक्रम कार्यविधि २०७५ खारेज गरी गरिवसँग स्थानीय सरकार संचालन कार्यविधि २०८० तयार गरेको छ। उक्त कार्यविधिको परिच्छेद १० दफा नं ३३ मा प्रत्येक महिना तोकिएको किस्ता बुझाउन विलम्व गरेमा म्याद भित्र बुझाउन नआएमा सो किस्ताको १.५% व्याज थप गरी जरिवाना बुझाउनुपर्ने व्यवस्था भएकोमा बक्यौता भएका ब्यवसायीहरुमा सो अनुसार जरिवाना समेत गणना गरी असुल गर्नुपर्ने देखिन्छ।

१३६ फरक शीर्षकमा मूल्य अभिबृद्धि कर दाखिला भएको देखिएको

पालिकाले वसपार्क संचालनको लागि जयश्री यातायात प्रालिसँग रु.१,४३,०७,७७७ मा सम्झौता गरेको देखियो। सम्झौता मिति २०८१।११।१ अनुसार यस आर्थिक वर्षमा सम्झौताकर्ताले सुरु सम्झौताको बुंदा नं ३ अनुसार सम्झौता रकमको १३ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रु. ६,२०,००३ शीर्षक नं ३३३१७ मा दाखिला गर्नुपर्नेमा श्रेस्तासाथ संलग्न विवरण अनुसार ३३३१४ शीर्षकमा दाखिला गरेको देखियो । अत: फरक शीर्षकमा दावी गरी मुल्य अभिबृद्धि कर दाखिला गरेको देखिएकोले दोहोरो दाबी/मिलान हुने हुँदा सम्बन्धित शिर्षक ३३३१७ मा दाखिला भएको वा सम्बन्धित कर कार्यालयबाट उक्त मूअकर रकम दोहोरो दाबी/मिलान नभएको सम्बन्धी प्रमाण पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	६,२०,००३

१३७ वडा नं २२ चालुतर्फ

सिलाई कटाई तालिमः ६१।२०८२।०३।०५

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना संचालन गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने विषयमा प्राथमिकता दिई योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यस आ.ब आयआर्जनको लागि २५ जनालाई ६० दिने एडभान्स सिलाईकटाई तालिम संचालन गरेवापत रू.१०००००/- बजेट खर्च लेखेको छ। कार्यालयले यस तालिमबाट लक्षित वर्गमा भएको रोजगारी सिर्जना, सो बाट भएको आर्थिक विकास र तालिम लिएपश्चात सिलाई कटाई कार्यक्रमलाई निरन्तरता भए नभएको सम्बन्धमा पालिकावाट पृष्ठपोषण लिएको देखिएन। यस प्रकारको कार्यको पालिकाबाट उपलब्धिको आवधिक मुल्याँकन हुनुपर्दछ।

१३८ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा सञ्चालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ। पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष रु.४३,३२,५८,५७२ बैङ्कलाई निकासा गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:-

लाभग्राहीको अभिलेख:- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ। सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन। साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक राख्नुपर्दछ।

बैंक विवरण: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको बुँदा नं १५ अनुसार भत्ता खाइपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भत्ता भुक्तानी दिने व्यवस्था गरेको छ। पालिकाले ६ वटा बैङ्कबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। पालिकाले बैङ्कबाट फिर्ता गर्नुपर्ने रकम यकिन गरेको देखिएन। मृत्यु पछि खातामा रहेको रकम यकिन गरी फिर्ता गर्न बाँकी रकम फिर्ता गर्नुपर्ने देखिन्छ।

पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ। त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानीय तहले भुक्तानी गरेको रकम बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ। भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखित कार्यहरु भएको पाइएन।

सामाजिक सुरक्षा तथा संरक्षण तर्फको सामाजिक सुरक्षा भत्ता बितरण भई बैङ्कमा बाँकी रहेको बास्तबिक रकम कार्यालयको बिवरणमा एकिन हुन सकेन। आगामी दिनमा कार्यालयले अघिल्लो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण पश्चात आगामी त्रैमासिकको लागि रकम निकाशा माग गर्दा अघिल्लो त्रैमासिकमा बचत हुन गएको वास्तविक रकम को.ले.नि.का. एकलखाता कोषमा फिर्ता गरेर मात्र निकाशा माग गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मुल अभिलेखमा समेत जनाउनु पर्नेछ, कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियामावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो

घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्ने, यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्ने, कुनै लाभग्राहीका प्रचलित कानुन बमोजिमका सूचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै श्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नु पर्ने, यसरी लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेकोमा दोहोरो दर्ता, बसाईसराई, नवीकरण नगराएको, मृत्यु भएकाको गरी वर्षभरीमा जम्मा ५९२ जनाको लगत कट्टा गरेको देखियो पालिकाले लगत कट्टा समयमै गर्ने र लगत अद्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : नेपालगँज उप महानगरपालिका, बाँके , नेपालगञ्ज उप-महानगरपालिका , बाँके

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	ओमबहादुर २०८२।०१।२६	२०८१-६-६	२०८२-१-२६
कार्यालय प्रमुख	रामहरि शर्मा	२०८२-१-२६	२०८३-०१-०४
कार्यालय प्रमुख	Man Bahadur Bam	२०८२-१२-११	हाल सम्म कार्यरत
लेखा प्रमुख	राजन कुमार के.सी.	२०८१-०४-०१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२२,०४५,२६७	५३,६१८,२४५	२६,५७४,४७९	०	०	४,११९,०५०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१०६,३५७,०४१
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					२,५५०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१०६,३५४,४९१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३३६५२७९१८.१८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	८६०४५३१४९.६	चालु खर्च	१०२९८३०८५९.०४
प्रदेश सरकारबाट अनुदान	४४६४९०१०.०८	पूँजीगत खर्च	३५९३३३५९७.०४
राजश्व बाँडफाँट	१९३७२७०६५.९३	वित्तीय/अन्य व्यवस्था	६०२०३५८७०.६
आन्तरिक आय	२१८४४७८३१.०१		
अन्य आय	६९०५५८४४६.०७		
कुल आय	२००७८३५५०२.६९	कुल खर्च	१९९१२००३२६.६८
बाँकी मौज्दात		३५३१६३०९४.१९	

अनुसूची - २

बेरूजु दफा ५ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		४८,९६,९९,७८८.८७	०	४८,९६,९९,७८८.८७	४३,१०,५०,७८४.८१	०	४३,१०,५०,७८४.८१
१३०००	अनुदान		८५,१४,००,७६०.८५	०	८५,१४,००,७६०.८५	८३,९९,८४,२५८.७०	०	८३,९९,८४,२५८.७०
१४०००	अन्य राजस्व		१०,५१,८७,७३८.४७	०	१०,५१,८७,७३८.४७	११,०९,२६,०२५.५४	०	११,०९,२६,०२५.५४
१५०००	विविध प्राप्ति		४,०४,४१९.८२	०	४,०४,४१९.८२	४०,९८,९९६.६५	०	४०,९८,९९६.६५
क	**कुल जम्मा प्राप्ति**		१,४४,६६,९२,७०८.०१		१,४४,६६,९२,७०८.०१	१,३८,६०,६०,०६५.७०		१,३८,६०,६०,०६५.७०
३	चालु		१,०२,९८,३०,८५९.०४	०	१,०२,९८,३०,८५९.०४	१,००,०५,९७,२६१.४०	०	१,००,०५,९७,२६१.४०
२१०००	पारिश्रमिक / सुविधा		५०,३१,७३,६३३.३८	०	५०,३१,७३,६३३.३८	४९,६९,०८,३७८.०३	०	४९,६९,०८,३७८.०३
२२०००	मालसामान तथा सेवाको उपयोग		५०,८१,१२,११५.६६	०	५०,८१,१२,११५.६६	४५,५६,०१,९६०.९१	०	४५,५६,०१,९६०.९१
२५०००	सहायता (Subsidy)		८३,८०,७०३.००	०	८३,८०,७०३.००	२,५९,९७,१९९.००	०	२,५९,९७,१९९.००
२६०००	अनुदान		०	०	०	१,११,३२,९५४.४६	०	१,११,३२,९५४.४६
२७०००	सामाजिक सुरक्षा		७९,५६,८७७.००	०	७९,५६,८७७.००	९१,४०,५०२.००	०	९१,४०,५०२.००
२८०००	अन्य खर्च		२२,०७,५३०.००	०	२२,०७,५३०.००	१८,१६,२६७.००	०	१८,१६,२६७.००
४	पूंजीगत		३५,९३,३३,५९७.०४	०	३५,९३,३३,५९७.०४	४३,१४,४७,३१९.३३	०	४३,१४,४७,३१९.३३
३१११०	भवन तथा संरचना		६,५८,५१,५८८.९५	०	६,५८,५१,५८८.९५	४,२३,६०,१८७.४०	०	४,२३,६०,१८७.४०
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१,८२,७९,६७८.५०	०	१,८२,७९,६७८.५०	२,४६,२५,६८८.७१	०	२,४६,२५,६८८.७१
३११३०	अन्य पूँजीगत		३६,९३,४६७.००	०	३६,९३,४६७.००	३९,८१,८११.००	०	३९,८१,८११.००

	खर्च							
३११५०	सार्वजनिक निर्माण		२६,८५,०७,००९.५९	०	२६,८५,०७,००९.५९	३५,७०,५८,०९०.२२	०	३५,७०,५८,०९०.२२
३११६०	निर्मितसरचनाको सुधार खर्च		२,४१,४६६.००	०	२,४१,४६६.००	१०,५९,२३९.००	०	१०,५९,२३९.००
३११७०	पूँजीगत सुधार खर्च		२७,६०,३८७.००	०	२७,६०,३८७.००	२३,६२,३०३.००	०	२३,६२,३०३.००
५	वित्तीय		३,८८,२१,२५८.०२	०	३,८८,२१,२५८.०२	३,७१,९९,९९८.८७	०	३,७१,९९,९९८.८७
३२१४७	अन्तर सरकारी ऋण लगानी फिर्ता		०	०	०	१,९०,००,०००.००	०	१,९०,००,०००.००
३३१४७	अन्य संस्थाहरूबाट ऋण प्राप्ति साँवा भुक्तानी		३,८८,२१,२५८.०२	०	३,८८,२१,२५८.०२	०	०	०
३३१९५	ऋणपत्र मार्फत प्राप्त ऋण साँवा भुक्तानी		०	०	०	१,८१,९९,९९८.८७	०	१,८१,९९,९९८.८७
ख)	**कुल जम्मा भुक्तानी**		१,४२,७९,८५,७१४.१०		१,४२,७९,८५,७१४.१०	१,४६,९२,४४,५७९.६०		१,४६,९२,४४,५७९.६०
ग)	**बचत /कमी (ग = क-ख)**		१,८७,०६,९९३.९१		१,८७,०६,९९३.९१	(८,३१,८४,५१३.९०)		(८,३१,८४,५१३.९०)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट** (+/-)		(१७,९७,२४७.७१)		(१७,९७,२४७.७१)	८,१८,२७०.२१		८,१८,२७०.२१
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**		-११,९९४.००		-११,९९४.००	(३,५६,५१८.००)		(३,५६,५१८.००)
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत**		१,६९,०९,७४६.२०		१,६९,०९,७४६.२०	(८,२३,६६,२४३.६९)		(८,२३,६६,२४३.६९)

	/(कमी)) (ङ = ग+घ)							
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		३३,२१,७२,१२३.९४		३३,२१,७२,१२३.९४	४१,४५,३८,३६७.६३		४१,४५,३८,३६७.६३
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		३४,९०,८१,८७०.१४		३४,९०,८१,८७०.१४	३३,२१,७२,१२३.९४		३३,२१,७२,१२३.९४

बेरूजु दफा ३६.२ सँग सम्बन्धित विवरण - अनुसूची -४

मिति	भौन	योजनाको नाम	लागत अनुमान	सम्झौता रकम	लागत अनुमानको तुलनामा घटी प्रतिशत	भुकतानी रकम	भुक्तानी पाउने
०६/१६/२०८१	७	.वडा नं.१४ को बालेगाँउ कबरस्थानको वाल वाउन्ड्री निर्माण कार्य	९९८९९२	९८९९०१	०.९१	९३०४४३	शिव निर्मल निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि
०६/१८/२०८१	११	वडा नं ६मा लक्ष्मी नारायण मन्दिर निर्माण	८७३५४७	८६३१९७	१.१८	९३९६७२	एन एस टिकन्स्ट्रक्सन
०६/१८/२०८१	१४	नगरपालिकाकोभवनमा अपाङ्ग मैत्री लिफ्ट जडानको लागि आवश्यक भौतिक संरचना निर्माण	८९२७८८	८७५१२३	१.९८	६६०४८३	एञ्जल डिजाईन एण्ड कन्स्ट्रक्सन प्रा.लि
०७/०९/२०८१	३१	वडा नं ४स्थित उचवा शाह बाबा मजारमा निर्माण कार्य	९९७४५६	९९३०५२	०.४४	८९१४९४	(आयशाकन्स्ट्रक्सन, नेपालगंज १३, बाँके)
१२/०५/२०८१	११७	बसपार्ककोशौचालय तथा सटरहरुमा जस्ताको छत मर्मत तथा स्तरोन्नति कार्यक्रम	९९४८५४	९६४५३८	३.०५	८९५७२०	सुर्य उदयकन्स्ट्रक्सन एण्ड सप्लायार्स प्राली
०२/१८/२०८२	२०४	वडा नं. १८ बुद्धनगर टोलको सडक स्तरउन्नतीकार्य	९९९७०६	९८५२८४	१.४४	९१७११६	जि एचकन्स्ट्रक्सन
०३/१८/२०८२	२६४	तेजनगर गोल पार्क पश्चिम रहेको अपुरो सडक निर्माण निरन्तर (कल्पना खत्रीको घर देखीपुन्नलाल न्योपानेको घर सम्म नाली सहितको RCC बाटो निर्माण	९९९८०२	९८९३७९	१.०४	९८७१६६	अदानचुलीकन्स्ट्रक्सन प्राली
०३/२०/२०८२	२६८	वडा नं. १७मस्जिद जाने बाटोमा माटो तथा ग्राभेल पटान कार्य	१४९१२४	१५८७८०	-६.४८	१४६३५५	एन एस टिकन्स्ट्रक्सन
०३/२१/२०८२	२७३	पूर्णविक्रम सिंह ठकुरीको घर देखि पूर्वमा विद्युत रोडसम्म पिसिसि र नाला निर्माण वडानं. 4	९९९२३९	९९०२५७	०.९०	९६६७३६	एडि एसनिर्माण सेवा
०३/२१/२०८२	२७५	नेपालीसेनाको अस्पताल देखि दक्षिण गेट देखी दक्षिण जानेबाटो हुँदै माँ बैष्णुदेवि मोटरड्राइभिङ्ग सेन्टर हुँदे जनक बहादुर शाहिको घर हुँदै इट्टा भट्टा जाने बाटोनिर्माण कार्य	९७४४०८	९७०९२८	०.३६	८५२१८८	वण्डालीकन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्राली
०३/२१/२०८२	२७७	जय जनतामाबि र धम्बोजि माध्यमिक बिद्यालयलका लागि डेस्क बेञ्च खरिद	४९४६५१	४९४६५१	०.००	४९४६५१	गण्डकीइन्जिनियरीङ वक्स
०३/२३/२०८२	३०३	सिमावर्तीक्षेत्र जमुनाह नाकामा सि.सि. क्यामेरा जडान कार्य	२९७६६०	२८४६००	४.३९	२८४६००	नेक्सटजेन कम्प्युटर्स
०३/२५/२०८२	३३०	कटलियागाउमा विभिन्न सडक स्तरोन्नती	५९९३८८	५७७६८०	३.६२	५७१३३६	कुमारकन्स्ट्रक्सन सेवा
०३/२५/२०८२	३३२	बागेश्वरीमन्दिरको छाना रंगरोगन कार्य	४९९८२७	४९३५०४	१.२७	४३९४३८	वागेश्वरीमन्दिरको छाना रंगरोगन कार्य
०३/२५/२०८२	३३३	वडा नं. ७र ४ श्री रामजानकी मन्दिर र कृयापुत्री भवनमा समरसेबल जडान कार्य	३४८४८५	३३६१९६	३.५३	३२५३५६	पुर्णनिर्माण सेवा
०३/२५/२०८२	३३४	भगवतीटोलमा नाला तथा पि.सि.सि. निर्मान वडा नं. १८	९९९७०४	९९१२४०	०.८५	९८४९४९	ब्रिगेडबिल्डर्स एण्ड इन्जिनियरिङ ग्रुप प्राली
०३/२५/२०८२	३३६	कुलिङसेन्टर स्तरोन्नति	७१९९८४	७०३१४७	२.२३	७१००९३	जय भवानीकन्स्ट्रक्सन
०३/२५/२०८२	३३८	वडा नं. ८मा लक्ष्मीनारायण मन्दिर वाउण्ड्री वाल निर्माण कार्य	९९९६२८	९७८८७४	२.०८	८८५४६७	रोयल योगीकन्स्ट्रक्सन
०३/२५/२०८२	३४४	वडा नं. २०को खोप केन्द्र भवन निर्माण	२३५६८१	२२५०३६	४.५२	२२४०७२	सौरभबिल्डर्स
०३/२५/२०८२	३५५	भयापुर सडकस्तरोन्नती	९९६१११	९९२७४१	०.३४	९००७०४	राज निर्माण सेवा
०३/२५/२०८२	३५६	महेन्द्रपार्कमा भौतिक पूर्वाधार निर्माण कार्य	९९८९२७	९६२६२८	३.६३	९५६८९७	चक्र आरतिकन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राली
०३/२५/२०८२	३५७	मनिहारटोलदेखि जगदिश बाल्मिकिको घरसम्म नाला ढक्कन बाटो स्तरोन्नति वडा नं.२	९९८७४२	९९४६४७	०.४१	९४२८२६	प्रभुडेभलप्मेन्ट बिल्डर्स
०३/२५/२०८२	३५८	मदनबज्राचार्यको घर देखि नमस्कार शाहको घर जाने पिसिसि बाटो निर्माण वडा नं. १२	९९९५०८	९९६२४९	०.३३	८४४३१९	लक्ष्मीनिर्माण सेवा
०३/२५/२०८२	३६३	लालबहादुर मल्लको घर देखि अजय घलेको घरसम्म पिसिसि बाटो निर्माण वडा नं. १२	९९९४७४	९९८३२५	०.११	९७६८०३	विशालकन्स्ट्रक्सन
०३/२५/२०८२	३६६	जुँगेमहादेवको तलाउ सरसफाई कार्यक्रम	९९८९९९	९८८१३७	१.०९	८०७७४४	थन्डरबिल्डर्स प्राली
०३/२५/२०८२	३६८	कमल बहादुरबस्नेतको घर देखि अम्बिका निरौलाको घरसम्म अधुरो बाटो पिपिसि तथा नाला निर्माणकार्य	८९९६११	८९००८१	१.०६	८८७८००	जिपलाझ्न कन्स्ट्रक्सन प्राली
०३/२५/२०८२	३७०	साईकल पम्पट्र्याक पर्खा तारबार कार्य	६३३०२८	६२६३८८	१.०५	६०८००५	रुबिकन्स्ट्रक्सन एण्ड कन्सल्टिङ प्राली
०८२/०३/२५	३७२	बसपार्कमाभौतिक निर्माण	७९९३१०	७७१७१९	३.४५	६९५८११	सर्जनकन्स्ट्रक्सन
			२२३९७८३४	२२०८६२८२		२०७२८२४४	

बेरूजु दफा ८८ सँग सम्बन्धित विवरण - अनुसूची -५

वडा नं	मिति	भौन	कार्यक्रम	भुक्तानी पाउने	रकम रु	खरिद विवरण
२१	१२/१०/२०८१	२३	मेसिनरी औजार खरिद	निशान कम्प्युटर	३३५००	निशान कम्प्युटरवाट खरिद
	१२/१०/२०८१	२४	मेसिनरी औजार खरिद	भगवती फर्निचर	२९९४५	रिभल्भिङ कुर्सी खरिद
	०८२/०१/१९	३०	मेसिनरी औजार खरिद	निशान कम्प्युटर	३०५००	डवल स्पिकर
	०३/१९/२०८२	४९	मेसिनरी औजार खरिद	निशान कम्प्युटर	३५४००	प्रिन्ट खरिद
				जम्मा	१२९३४५	
१३	०८/१४/२०८१	११	मेसिनरी औजार खरिद	श्री श्याम ट्रेडर्स एण्ड सप्लायर्स	८१८५०	डेक्सटप खरिद
	०८१/१०/०७	१७	फर्निचर फिक्सचर्स	भगवती फर्निचर	७९६६५	टेवल कुर्सी लगायतको सामाग्री
	१०/२०/२०८१	१९	मेसिनरी औजार	निशान कम्प्युटर	७००९५	प्रिन्टर,म मल्टिप्लग सिसि क्यामरा लगायत
	२०८२/०२/२९	४१	फर्निचर फिक्सचर्स	भगवती फर्निचर	३९५००	प्लास्टिक कुर्सी र बोस चियर खरिद
	०३/१७/२०८२	५१	कार्यलय व्यवस्थापन मेशिनरी औजार	इन्फिनिटिभ इ	१७९८००	ए सी खरिद
	०३/२४/२०८२	६४	मेसिनरी औजार	श्री श्याम ट्रेडर्स एण्ड सप्लायर्स	१०९८७९	ल्यापटप खरिद
	०३/२४/२०८२	६६	मेसिनरी औजार	इन्फिनिटिभ इ	१०३२१	स्टेब्लाइजर खरिद
				जम्मा	५७११११०	

७	११/०२/२०८१	१६	मेसिनरी औजार	निशान कम्प्युटर	२९०००	प्रिन्टर
	०१/०५/२०८२	२५	फर्निचर फिक्सचर्स	अम्वे फर्निसिङ गार्डेन	३००००	दराज, फाइल र्याक खरिद
				जम्मा	५९०००	
१७	०३/११/२०८२	१८	मेसिनरी औजार	इन्फिनिटभ इन्टरप्राइजेज	७५०००	डेक्सटप
	०३/१६/२०८२	२२	मेसिनरी औजार	युनिक कम्प्युटर	१२५०००	डेस्टटप रल्यावटप कम्प्युटर खरिद
	०३/२४/२०८२	५२	फर्निचर	लाइफ स्टिल फर्निचर उद्योग	४५२००	कार्यालयको लागि सोफा सैट खरिद
				जम्मा	२४५२००	
३	०७/२८/२०८१	१०	मेसिनरी औजार	प्रिन्टर	४३२००	निशान कम्प्युटर
	०१/०७/२०८२	२८	मेसिनरी औजार	ल्यापटप र प्रिन्टर खरिद	१६४५००	निशान कम्प्युटर
				जम्मा	२०७७००	
२२	०९/२६/२०८१	१३	मेसिनरी औजार	लजिक इन्फोटैक	२३७९०	प्रिन्टर खरिद
	०३/२३/२०८२	४६	मेसिनरी औजार	ल्यापटप कम्प्युटर	८५०००	मल्टि ल्यापटप सप्लायर्स
	०३/२३/२०८२	४९	फर्निचर	सोफासेट दराज लगायत	७०४००	बिन्देश्वरी फनिचर
				जम्मा	१७९१९०	
४	०८२/०३/२५	७०	फर्निचर	कुर्सी	४७४००	श्रीया इन्टरनेशनल
				जम्मा	४७४००	
१८	११/११/२०८१	२५	फर्निचर	रिभल्भिङ कुर्सी	२१०००	भगवती

						फर्निचर होम
	०८१/१२/२५	३१	ल्यापटप खरिद	ल्याप्टप	७५०००	युनिक कम्प्यूटर्स
	०३/१२/२०८२	४३	मेसिनरी औजार	प्रिन्टर	३८०५३	निशान कम्प्युटर ट्रेडर्स
				जम्मा	१३४०५३	
२३	०७/१३/२०८१	३	बडा कार्यालयको लागी मेशिनरी औजार खरिद	डेक्सटप प्रिन्टर लगायतको सामाग्री	१०२२११	कम्प्युटर तथा प्रिन्टर खरिद
	११/१९/२०८१	२३	फर्निचर फिक्सचर्स	कार्यालय प्रयोजनको लागि दराज कुर्सि टेबल	६७७००	अम्वे फर्निसिङ गार्डेन
	०२/०५/२०८२	३२	वडा कार्यालयमा एसी जडान	२ थान एसी	२०००००	निशान कम्प्युटर ट्रेडर्स
				जम्मा	३६९९११	
५	०८/१३/२०८१	३	फर्निचर खरिद	सोफासेट	३००००	भगवती फर्निचर
	०९/१६/२०८१	६	मेसिनरी औजार	२ ल्यापटप र एक डेस्टटप खरिद	२९५०००	निशान कम्प्युटर ट्रेडर्स
	०८२/०१/१४	१२	खानेपानी मसिन जडान	२ थान वाटर डिस्पेन्सर युभी फिल्टर	१९९७९५	जयसवाल वाटर एण्ड मेसिनरी सप्लायर्स
				जम्मा	५२४७९५	
२०	०१/१६/२०८२	२४	वडाको सभाहल सौन्दर्यकरण	सोफासैट खरिद ३ थान	१४९८००	प्रिन्सी फर्निसिङ हाउस
	०१/३१/२०८२	२६	ल्यावटप खरिद	ल्यापटप खरिद थान १	१३७४३४	निशान कम्प्युटर

						ट्रेडर्स
	०३/०५/२०८२	३४	वडामा खानेपानी मसिन जडान	वाटर प्युरिफायर २ थान लगायतको समाग्री	१८९०००	गुल्फाम ट्रेडिङ कन्सर्न
				जम्मा	४७६२३४	
१६	१२/२०/२०८१	७	प्रिन्टर खरिद	प्रिन्टर थान १	३३०००	निशान कम्प्युटर ट्रेडर्स
	०१/२२/२०८२	९	फ्रिज खरिद	डेड वडी फ्रिज थान १	१६५०००	नेपाल इलेक्ट्रिक्लस एण्ड जनरल अडर सप्लायर्स
	०२/२८/२०८२	१६	ल्यापटप खरिद	ल्यापटप थान १	९७५००	निशान कम्प्युटर ट्रेडर्स
				जम्मा	२९५५००	
१५	०३/२४/२०८२	३८	मेसिनरि ओजार	प्रिन्टर १ थान	३२७४३	निशान कम्प्युटर ट्रेडर्स
				जम्मा	३२७४३	
६	०३/२४/२०८२	२४	फर्निचर खरिद	टेवल कुर्सी	४९९९१	अम्वे फर्निसिङ गार्डेन
	०३/२५/२०८२	२७	ल्यापटप खरिद	ल्यापटप १ थान	८१४१६	निशान कम्प्युटर ट्रेडर्स
				जम्मा	१३१४०७	
१२	१२/०६/२०८१	१५	प्रिन्टर	प्रिन्टर खरिद थान १	३६१६०	आइटि सोलुसन एण्ड ट्रेड कन्सर्न
	०१/२५/२०८२	२०	फर्निचर तथा फिक्चर्स	विभिन्न ८ प्रकारका टेवल कुर्सी दराज	१८१९८६	श्रीया इन्टेरियर

				लगायतको आइटम		इण्डष्ट्रि प्राली
	०३/१८/२०८२	२६	फोटोकपि मेसिन तथा प्रिन्टर	प्रिन्टर खरिद थान १ तथा फोटोकपी	३८८४०	निशान कम्प्युटर ट्रेडर्स
	०३/१८/२०८२	२८	बिद्युतिय सामाग्री खरिद	एसि खरिद	१०९९९९	आइस नेपाल इलेक्ट्रिक एण्ड रेफ्रिजेरेसन
				जम्मा	३६६९८५	
२	११/०२/२०८१	२४	कार्यालयका लागि सोफासेट र टेवुल सिसा खरिद	सोफासेट लगायत	९०४००	अम्बे फर्निसिंग गार्डेन
	१२/२०/२०८१	३५	कार्णालयको लागि इन्भटर व्याट्री खरिद	इन्भर्टर व्याट्री	९६६०१	निशान कम्प्यूटर
	२०८२/०२/३०	४५	फर्निचर फिक्सचर्स	टेवल कुर्सी लगायत	४५७६५	अम्बे फर्निसिङ्ग गार्डेन र नेशनल स्टील फर्निचर
	०३/२५/२०८२	७१	कार्यालयको लागि फर्निचर (टी टेवल) खरिद	टेवल कुर्सी लगायत	१२९९५	अम्बे फर्निसिङ्ग गार्डेन
				जम्मा	२४५७६१	
१९	११/१९/२०८१	१५	कम्प्युटर खरिद	१ थान डेक्सटप खरिद	८७०००	निशान कम्प्युटरवाट
	१२/०६/२०८१	१९	मोटरसाइकल खरिद १ थान	एभेन्जर वाइक खरिद	३७९९००	पानस मोटर्स नेपालगंजवाट
	०२/०७/२०८२	२३	प्रिन्टर थान १	प्रिन्टर खरिद	३८९९९	मा श्री श्याम ट्रेडर्स एण्ड

						सप्लायर्स
	०३/०२/२०८२	३२	फर्निचर खरिद	सोफा टेवल लगायत	१४८८२१	रेसुङ्गा फर्निचर एण्ड चिरन सप्लायर्स
	०३/२४/२०८२	४४	ल्यापटप खरिद	१ थान खरिद	७४०००	निशान कम्प्युटरवाट
				जम्मा	७२८७२०	
१०	१२/०७/२०८१	२८	फर्निचर	कुर्सी,टेवल,रोस्डम,पर्दा लगायतका फर्निचरका सामाग्रीहरु खरिद	१४९९००	अम्वे फर्निसिङ गार्डेनवाट कुर्सी टेवल लगायतको खरिद
	०२/११/२०८२	४६	मेसिनरी औजार	इन्भर्ट लगायतको खरिद	८३०००	निशान कम्प्युटरवाट खरिद
	०३/१८/२०८२	६२	मेसिनरी औजार	ए सी खरिद	७०५००	निशान कम्प्युटरवाट खरिद
	०३/१८/२०८२	६२	मेसिनरी औजार	ए सी खरिद	९९०००	भगवती ट्रेडिङवाट खरिद
					४०२४००	
				कुल जम्मा	५१४७४५४	

बेरूजु दफा ८९ सँग सम्बन्धित विवरण - अनुसूची - ६

वडा	शिर्षक	मिति	भौन	कार्यविवरण	रकम रु	भुक्तानी पाउने
१	पुजीगत	१२/१४/२०८१	२७	इन्सेक नेपालगंज शाखाको लागि बुक -याक खरिद	१५००००	फर्निचर सप
	चालु	१२/१४/२०८१	१	इन्सेक नेपाललाई राउण्ड टेबल खरिद वापत भुक्तानि	४००००	
१३	पुजीगत	१२/२२/२०८१	३२	तेलिलयनपुर्वा प्रहरी चौकीको वाउण्ड्री निर्माण कार्य	९६५००	रोयल योगी कन्सट्रक्सन
१४	पुजीगत	१२/१७/२०८१	३५	गत बर्षको भुक्त्रानी गोसाइपुर्वा र उधौलीपुर्वामा प्रहरि चौकी बनाउने कार्य विविध खर्च शिर्षक समेतवाट	४४५७१९	विवि विल्डर्स
१५	चालु	१२/१७/२०८१	४२	हनुमान कृषक सहकारी संस्थालाई कम्प्युटर प्रिन्टर खरिद	१२२०४०	
४	पुजीगत	०८२/०१/११	२६	वडा प्रहरी कार्यालयको भान्सा घर मर्मत	१९१७४८	ॐ विश्वास निमार्ण सेवा
५	पुजीगत	०३/२५/२०८२	३७	वडा प्रहरीमा मन्दिर निर्माण	१३८५८२	उपभोक्ता समिति
१९	पुजीगत	०३/०२/२०८२	३०	प्रहरी पोष्ट कार्य तथा नेपाल पुर्व प्रहरी संगठनलाइ सहयोग खर्च	५००००	सम्वन्धित संस्था
२१	चालु	विभिन्न	विभिन्न	प्रहरी चौकी तेलियनपुरलाई इन्धनवापत	२८२४३	सम्वन्धित संस्था

१८	चालु	०७/३०/२०८१	२६	अस्थायी प्रहरी कार्यालय पोष्ट लाइ इन्धन	२३३२	सम्वन्धित संस्था
	चालु	०१/३१/२०८२	११९	सिद्धार्थ प्रहरी विट इन्चार्ज हेमराज चन्द	३१०९	सम्वन्धित संस्था
	चालु	०२/१४/२०८२	१३१	विशालनगर चौक प्रहरी विट रविलाल रावल	१५४५	सम्वन्धित संस्था
२०	चालु	२०८१।७।१३	१४	प्रहरीको इन्टरनेट र इन्धन भुक्तानी	२२०६३	सम्वन्धित संस्था
	चालु	२०८१।८।२३	४२	गनापुर प्रहरी चौकी, राँझा प्रहरी विट, ट्राफिक प्रहरी विट	१५६५०	सम्वन्धित संस्था
	चालु	२०८१।०९।१८	५२	प्रहरी विट राँझालाई दराज खरिद	१९५००	सम्वन्धित संस्था
	चालु	२०८१।१०।२८	६४	गनापुर प्रहरी चौकी मोटरसाइकल मर्मत	८५००	सम्वन्धित संस्था
	चालु	२०८२।१।१६	११३	सशस्त्र प्रहरी वल नेपाल गस्ति गर्दा भएको पेट्रोल खर्च भुक्तानी	१४४७५	सम्वन्धित संस्था
	चालु	२०८२।०३।१६	१४२	राँझा प्रहरी विट	८१००	सम्वन्धित संस्था
					१३५८१०६	

नेपालगन्ज नगर विकास समिति बाँके

(OAG-AUT-०००५५२)

नेपालगञ्ज उप-महानगरपालिका , बाँके

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- बढ्दो जनसंख्या तथा शहरीकरणको चुनौतीलाई दिगो तथा योजनाबद्ध रुपमा नगर विकास गर्न नगर विकास सम्बन्धी काम कारवाहीलाई वैज्ञानिक, सहज तथा पारदर्शी बनाउन, भईरहेका नगरको पुन: निर्माण विस्तार र विकासको साथै नयाँ नगरहरुको निर्माण गरी नगरवासीलाई आवश्यक सेवा सुविधाहरु पुर्‍याउन तथा सर्वसाधारण जनताको सुविधा वृद्धि एवं आर्थिक हित कायम राख्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने उद्देश्यले यस नगर विकास समितिको स्थापना भएको हो ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।स्थलगत लेखापरीक्षणको अवधि २०८२।०९।०३ देखि २०८२।०९।०३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्यय तर्फ रु. ५ करोड ७० लाख २३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक आय**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा नेपाल सरकारलाई प्राप्त हुने राजश्व वा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सो को भोलीपल्ट जिम्मेवार व्यक्तिले तोके बमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयबाट यस आ.ब मा आय सिर्जना हुने कुनै पनि ठेक्का वा सम्झौता नभएकोले आन्तरिक आय प्राप्त नभएको जानकारी प्राप्त भएको छ।

३ **आर्थिक कारोवारको स्थिति**

नगर विकास समितिवाट पेश भएको आर्थिक विवरण अनुसार यो वर्ष गत वर्षको जिम्मेवारी सारेको रू.६,३१,५२,०००.०१, विक्री वा सेवा शुल्कबाट रू.२,३९,०५,०९८.६८ र अन्य आयबाट रू.३,१८,५६,४६०.९३गरी जम्मा रू.११,८९,१३,५५९.६२ आम्दानी भएकोमा कार्यालय संचालन तर्फ रू.५६,०५,४९५.५९ र अन्य खर्च तर्फ रू.१,६६,७०,८३५.२१ गरी कुल खर्च रू.२,२२,७६,३३०.८ भई रू.९,६६,३७,२२८.८२ वैंक मौज्दात रहेको देखिन्छ।

४ **आन्तरिक नियन्त्रण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ मा सबै सरकारी कार्यालयहरुले आफ्नो र मातहत कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयमा आन्तरिक नियन्त्रण प्रणालीमा रहेका कमजोरीका केही उदाहरणहरु निम्न छन :-

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ मा सवै सरकारी कार्यालयले सवैले देख्ने उपयुक्त ठाउँमा नागरिक वडापत्र राख्नुपर्नेमा नराखेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६ मा मूल्य नखुलेको सम्पत्ति तथा जिन्सीको मूल्य कायम गरी त्यस्तो सम्पत्ति तथा जिन्सी मालसामानको स्रेस्ता अद्यावद्यिक गर्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई जिन्सी अद्यावधिक गरेको छैन,

• निकायले उद्देश्य प्राप्तिमा देखा परेका र आइपर्ने सम्भावित जोखिमहरू पहिचान नगरेको,

• जोखिमको अभिलेख अद्यावधिक गरेको छैन,

• जोखिम रोकथाम तथा निराकरणको व्यवस्था गरेको छैन,

• जोखिम पहिचान, मूल्याङ्कन र अभिलेखको जिम्मेवारी बाँडफाँड र कार्यान्वयनमा ल्याएको छैन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) अनुसार मोविलाईजेशन पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको खातामा जम्मा भए नभएको एवं उक्त पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको अद्यावधिक विवरण सार्वजनिक निकायले प्राप्त गरी अनुगमन गरेको नदेखिएको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम खरिद गरिएको मालसामान स्पेशिफिकेशन तथा गुणस्तर अनुसार प्राप्त भएनभएको सम्वन्धित प्राविधिकबाट निरीक्षण तथा जाँच गराएरमात्र जिन्सी आम्दानी बाँध्नु पर्ने व्यवस्थाको पालना भएको देखिएन,

• नगर विकास समिति ऐन, २०४५ को दफा ७(१) मा समितको कामकारवाहीलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार उपसमितिहरु गठन गर्नुपर्नेमा त्यस्ता उपसमितिहरुको गठन नगरिएको ।

• नगर विकास समितिवाट भएका गतविगतको ठेक्का सम्झौता लगायतको बिवरणहरुको स्पष्ट अभिलेख तथा प्रमाणकागजातहरु व्यवस्थित नराखिएको

नियममा भएका आन्तरिक नियन्त्रण सम्वन्धी सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहितालाई सुदृढ बनाउन समितिले ध्यान दिनु पर्दछ ।

५ **आन्तरिक लेखापरीक्षण**

नगर विकास समिति ऐन, २०४५ को दफा २४ (क) मा यस ऐनमा लेखिएको जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुने उल्लेख छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(२) मा आफ्नो कार्यालयको आन्तरिक लेखापरीक्षण गराउने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । समितिले प्रचलित कानून बमोजिम आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

६ **वाटर पार्क निर्माण रकमको मौज्दात**

नगर विकास समिति बोर्डको निर्णयले वाटर पार्क निर्माण गर्ने प्रयोजनको लागि रु.२,००,००,०००/- सिद्धार्थ बैंकमा छुट्टै खाता खोली पेश्की जनाई खर्च लेखेको समितिको विगतको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ । संघीय आयोजना कार्यान्वियन ईकाई बाँके, नेपालगंजबाट निर्माण कार्य सम्पन्न गरी नेपालगन्ज उप-महानगरपालिकालाई वाटरपार्क बनाई हस्तान्तरण भइसकेको अवस्थामा सो खाताको औचित्य नदेखिएको हुँदा सो खाता बन्द गरेर समितिको खातामा मिलान गरी पेश्की मिलान गर्नु पर्ने भनी विगत देखिको प्रतिवेदनमा उल्लेखित व्यहोरा यो वर्षमा समेत कार्यान्वियन गरेको देखिएन ।

७ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नगर बिकास समितिले यस वर्ष जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको छैन। जसवाट गतिवगतदेखिकै जिन्सी स्थितिवारे जानकारी प्राप्त गर्न सकिएन ।यस सम्बन्धमा कार्यालयसंग छलफल गर्दा हालसम्म जिन्सी निरीक्षणको कार्य नगरिएको जानकारी प्राप्त भएको छ। अत:गतविगत देखिकै जिन्सी सामाग्रीको यकिन गरी नियमावलीको व्यवस्था अनुसार जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनको कार्यान्वियन गर्नुपर्छ ।

८ **त्रैमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले त्रैमासिक रुपमा खर्चको बिवरण तयार गरेको छैन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

९ **वाटरपार्क जग्गा एकिकरण आयोजना क्षेत्रमा ग्राभेल तथा माटो कार्य ठेनं १।०७७।०७८**

यस कार्यको लागी मुल्य अभिबृद्धि कर र प्रोभिजन सम समेत रु. २,१४,१५,५०१ मा केशव शाह/ श्री कन्सट्रक्सन/ निशान जेभीसंग मिति २०७८।१।२८ मा सम्झौता गरेको देखियो। सम्झौता मितिले २०७८।०३।१५ भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा छैठौ पटकको म्याद थप अनुसार सम्पन्न गर्नुपर्ने अवधि २०८०।१२।३० कायम गरेको देखियो। सो अन्तर्गत देखिएका बेहोराहरु देहाय अनुसार रहेका छन:-

९.१ निर्माण व्यवसायीको भौतिक प्रगति ६२.२ प्रतिशत (मुअकर तथा पिएस सहित रु १,१०,३०,७३५) भएको गतविगतको तेश्रो विल अनुसार देखिएकोमा (०७९।०८० आव अनुसार) आर्थिक वर्ष २०८१।०८२ मा भुक्तानी भएको नदेखिएको तथा हर्जाना लगाउने गरी

मिति २०८१।१।१ निर्णय गरेकोमा सो पश्चात पनि कार्य नगरेको भनि कार्यसम्पादन जमानत जफत गरी कालो सुचीमा राख्नको लागी सार्वजनिक खरिद अनुगमन कार्यालयलाइ मिति २०८२।०२।२९ मा पत्राचार गरेको देखियो ।

९.२ **पेश्की नगद असुलीमा व्याज जरिवाना नगरेको:-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्स्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले व्याज समेत लगाई असुल गरिने व्यवस्था रहेको छ। कार्यालय र निर्माण व्यवसायीको खरिद सम्झौताको शर्त GCC 57.3 मा निर्माण व्यवसायीलाइ उपलव्ध गराएको पेश्की रकम सम्झौता अवधिको ८० प्रतिशत समयाबधि समाप्तिको वखतसम्म फछ्यौट गरिसक्नुपर्ने उल्लेख भएको देखियो । कार्यालयवाट प्राप्त विवरण अनुसार निर्माण व्यवसायीलाइ उपलव्ध गराएको पेश्की मध्ये फछ्यौट भइ रु २०४००० वाँकी रहेकोमा तोकिएबमोजिम फछ्यौट नभएपश्चात पेश्की जफतको लागी कार्यालयले २०८१।१२।२२ मात्र पत्र लेखेको देखियो । म्याद थप समेतको कायम अवधि २०८०।१२।३० अनुसार कुल म्याद अवधिको ८० प्रतिशत समय मिति २०८०।०५।२८ मा पुरा हुने तथा सो अवधिमा सवै पेश्की फछ्यौट भैसक्नुपर्ने देखिन्छ। उक्त रकम मिति २०८१।०७।०८ मा मात्र दाखिला भएकोले सम्झौताको सर्त अनुसार नभइ ढिलो दाखिला भएकोले नियमानुसार ११ महिनाको वार्षिक १० प्रतिशतले हुने व्याज रु २२१००० दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२,२१,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : नेपालगन्ज नगर विकास समिति बाँके , नेपालगञ्ज उप-महानगरपालिका , बाँके

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Shiva prasad Rijal	२०७८-४-१	२०८२-०१-२५
कार्यालय प्रमुख	Ramhari Sharma	२०८२-०१-२६	हाल सम्म कार्यरत
लेखा प्रमुख	राजन कुमार के.सी.	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२२१,०००	०	०	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२२१,०००
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२२१,०००

प्राप्ती र भुक्तानी :

वर्षको सुरु मौज्दात		८,४१,६६,४१४.२२	
आय		व्यय	
बिक्री / सेवा शुल्क	२,३९,०५,०९८.६८	प्रत्यक्ष खर्च	०
अनुदान	०	संचालन खर्च	३२,९७,७९९.५९
अन्य आय	१,०८,४२,०४६.७२	कर्मचारी खर्च	२३,०७,६९६
		अन्य खर्च	१,६६,७०,८३५.२१
जम्मा	३,४७,४७,१४५.४	जम्मा	२,२२,७६,३३०.८
		यो वर्षको बचत	१,२४,७०,८१४.६
		वर्षान्तको मौज्दात	९,६६,३७,२२८.८२

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चितगर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई

बेरुजु फस्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।